# बागमती गाउँपालिकाको परिचय

## स्थानीय पाठ्यक्रम सिकाइ सहजीकरण पुस्तिका

### आधारभूत तह कक्षा ४-८

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## बागमती गाउँपालिका मकवानपुर

## शिक्षा शाखा

**सहकार्य**

**शिक्षा नीति तथा अभ्यास के**

शैक्षिक जागरण मञ्च
बागमती-९, मकवानपुर
Educational Awareness Forum

**शैक्षिक जागरण मञ्च**

# परीक्षण संस्करण

## सहजकर्तालाई विशेष अनुरोध

पूर्व-पश्चिमका दृष्टिले झण्डै नेपालको मध्यभागमा चुरे र महाभारत पहाड श्रृङ्खलामा रहेको बागमती गाउँपालिका साविकका राईगाउँ, फापरबारी र बेतिनी गाविस मिलेर बनेको छ । विभिन्न सांस्कृतिक पृष्ठभूमि बोकेका जनसमुदाय रहेको यस पालिकामा प्राचीन कालदेखि बसेका साथै हालसालै बसोबास गरिआएका जनसमुदाय रहेका छन् । यहाँ सांस्कृतिक र भौगोलिक विविधताले एक विशिष्ट अवस्था बनाएको छ । गुराँस फुल्ने पहाडी भेगदेखि काँस फुल्ने तराईको जस्तै समतल खेतीयोग्य जमिन पाइन्छ । यस परिवेशमा यहाँका जनसमुदायले जीवन निर्वाहको ऐतिहासिक क्रममा थुप्रै ज्ञान र अनुभव सँगालेका छन् ।

हाम्रो देशको शिक्षा घोकन्ते र बर्हिमुखी भएको सबै तहबाट महसुस गरिएको छ । देशमा युरोप अमेरिकाका गल्लीगल्लीबारे परिचित तर आफनो घरछिमेकका बारेमा थाहै नहुने जनशक्ति जन्मिइरहेको छ । यसले शिक्षित समुदाय आफनो ठाउँप्रति मायाममता राख्ने र यहाँका सम्भावनाहरूको ढोका खोल्ने भन्दा आत्महीनता बोकेर बसेको छ । जति शिक्षित भयो ऊ त्यति टाढिँदै जाने प्रवृत्ति देखिएको छ ।

देश सङ्घीय शासन प्रणालीमा गएपछि प्रदेश र पालिका नयाँ शासकीय एकाइहरूका रूपमा उदाएका छन् । नेपालको संविधानले विद्यालय तहको शिक्षा स्थानीय सरकारका रूपमा रहेका पालिकालाई सुम्पेको छ । यस गाउँपालिकामा ४५ वटा आधारभूत र ५ वटा माध्यमिक तह गरी जम्मा ५० वटा सामुदायिक विद्यालय छन् । यी संरचनाहरूलाई बिस्तारै जनसमुदायले पालिकाकै एक एकाइका रूपमा अनुभूत गर्ने प्रक्रिया चलिरहेको छ ।

यिनै यथार्थलाई मनन गरी बागमती गाउँपालिकाले आधारभूत तहदेखि नै विद्यार्थीहरू आफनो परिवेशबारे परिचित भई विद्यमान ज्ञान, सीप र अपनत्व पुस्तान्तरण गरी यहाँको सम्भावनाका ढोका खोल्न सकुन् भन्ने अभिप्रायले गापाको परिचयात्मक पाठ्यक्रम निर्माण गर्ने अग्रसरता देखाएको हो ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को मौजुदा संरचना अनुसार आधारभूत तहमा कक्षा १-३ मा साप्ताहिक ५ कार्यघण्टाका दरले वार्षिक १६० कार्यघण्टाको स्थानीय विषयवस्तु वा मातृभाषिक सीपसम्बन्धी क्रियाकलाप र कक्षा ४-८ मा साप्ताहिक ४ कार्यघण्टाका दरले वार्षिक १२८ घण्टाको मातृभाषा वा स्थानीय विषय समावेश गरिएको छ । यो प्रावधान पूरा गर्दै गाउँपालिकाले स्थानीय विज्ञ, अभिभावक तथा शिक्षकका साथै सोही पालिकासँग सहकार्य गरिरहेको शिक्षा नीति तथा अभ्यास केन्द्र / श्रमजिवी यवा मञ्चको ऐक्यबद्धता र प्राविधिक सहयोगमा पाठ्यक्रम तयार गरेको हो । पाठ्यक्रम पालिकाले २०७९ को शैक्षिक सत्रदेखि लागू गर्ने योजना गरेको छ ।

### स्थानीय पाठ्यक्रमको आवश्यकता

बहुभाषिक तथा बहुसांस्कृतिक हुनुका साथै नेपाल एक विविध भूबनोट भएको देश भएकोले केन्द्रबाट निर्देशित पाठ्यक्रमले सबै ठाउँका स्थानीय यथार्थ आवश्यक रूपमा समेट्न सक्दैन । मूल पाठ्यक्रमले समेट्न नसकेका हरिहरपुरगढी गापाका सामाजिक तथा भौगोलिक विशेषता र समसामयिक विषयबारे बालबालिकालाई शिक्षा प्रणालीमार्फत सुरूदेखि नै अवगत गराउँदै स्थानीय सीप, ज्ञान र त्यसप्रति गौरव बढाउने प्रयत्न गर्नु नै यस स्थानीय पाठ्यक्रमको उद्देश्य हो ।

स्थानीय मार्गदर्शन स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ (मातृभाषा सहित) मा स्थानीय पाठ्यक्रमको महत्त्व र विशेषतासम्बन्धी निम्न विवरण उल्लेख गरिएको छ।

> "राष्ट्रिय र स्थानीयस्तरका पेसा, व्यवसाय एवम् रोजगारीका साथै आवश्यकताअनुसार अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख उत्पादनमुखी र सीपयुक्त नागरिक तयार गर्ने राष्ट्रिय उद्देश्य पूरा गर्न केन्द्रबाट निर्देशित पाठ्यक्रम मात्र पर्याप्त भएन । निर्देशित पाठ्यक्रमले समेट्न नसकेको लुप्त ९ज्ममभल० विषयवस्तु र स्थानीय जीवन पद्धतिलाई समेत स्थानीय पाठ्यक्रमको माध्यमबाट नियमित सिकाइमा समावेश गर्न सकिन्छ। यसका लागि स्थानीय ज्ञान, सीप, दक्षता, कला, ऐतिहासिक एवम् सांस्कृतिक पक्षलाई समायोजन गर्न स्थानीय आवश्यकतामा आधारित विद्यालय पाठ्यक्रम स्थानीय तहमा उपलब्ध जनशक्तिबाट नै तयार गर्न सकिन्छ। यसबाट शिक्षाको राष्ट्रिय उद्देश्यले परिकल्पना गरेको सीपयुक्त तथा दक्ष जनशक्ति तयार गर्न सहयोग पुग्दछ। देशको भौगोलिक, सांस्कृतिक, जातीय, लैङ्गिक, वर्गीय, विविधतालाई सम्बोधन गर्ने, समावेशी पाठ्यक्रममा जोड दिने तथा रोजगार एवम् स्वरोजगारलाई प्रोत्साहन गर्ने शिक्षाको राष्ट्रिय उद्देश्यअनुरूप नै स्थानीय स्तरको सक्षमता अभिवृद्धि गर्न स्थानीय पाठ्यक्रमको विकास गरिन्छ। शैक्षिक क्षेत्रमा स्थानीय आवश्यकता सम्बोधन गर्न र शिक्षाको राष्ट्रिय उद्देश्य पूरा गर्नसमेत स्थानीय पाठ्यक्रम नै एक उपयुक्त विकल्प हुन सक्छ।
>
> राष्ट्रिय पाठ्यक्रमको उद्देश्य प्राप्तिका लागि देशको भौगोलिक, सांस्कृतिक, जातीय, क्षेत्रीय लैङ्गिक, वर्गीय विविधतालाई सम्बोधन गर्न, समावेशी पाठ्यक्रममा जोड दिन रोजगार एवम् स्वरोजगारलााई प्रोत्साहन गर्न, स्थानीय ज्ञान, सीप, दक्षता, कला, ऐतिहासिक एवम् सांस्कृतिक पक्षलाई समायोजन गर्न र स्थानीय आवश्यकतालाई सम्बोधन गर्न स्थानीय पाठ्यक्रमको विकास, विस्तार र कार्यान्वयन गर्न आवश्यक छ।"

## निर्देशक सिद्धान्तहरु

यो दस्तावेज पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित 'स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयनका लागि स्थानीय तहका सरकारी निकायहरूका लागि अभिमुखीकरण निर्देशिका' मा उल्लेख भएबमोजिम चरणहरू पार गर्दै स्थानीय र विषय विज्ञहरूसँग परामर्श लिँदै तयार गरिएको छ।

यस पाठ्यक्रममा निम्न निर्देशक सिद्धान्तहरू अपनाइएका छन् :

- सिकाइ र विद्यार्थीलाई केन्द्रमा तथा सुरूमा राखेर बिस्तारै त्यसको क्षेत्र फैलाउने अवधारणा लिइएको छ। सामान्यतः हरेक विषयवस्तु कक्षा १ मा आफूबाट सुरू भई कक्षा ८ मा पालिकाको तहसम्म फैलिन्छ। सामान्यतः कक्षा ३ सम्म आफ्नो गाउँ, ४-५ वडा र ६-८ पालिका तहसम्म विस्तार हुन्छ।
- यसमा पियाजेको बाल विकासका चरणलाई खाकाको आधार मानिएको छ यद्यपि भिगोत्स्कि र कोहलबर्गका दृष्टिकोणलाई पनि मनन गरिएको छ । मूल पाठ्यक्रममा कुनै विषयवस्तु समावेश भइसकेको खण्डमा भने केही अपवाद रहेका छन् किनभने यस पाठ्यक्रमले पनि त्यसलाई मोटामोटी रूपमा अनुसरण गरेको छ।
- आफ्नो घरपरिवार तथा ठाउँप्रति सकारात्मक रहन प्रेरित गर्ने प्रयत्न गरिएको छ । ठाउँ विशेषको सुन्दरता अनुभव गर्न उत्प्रेरित गर्नुपर्ने आवश्यकता औँल्याइएको छ।
- सबै पाठ वातावरणीय संरक्षण र प्रवर्द्धनमा अभिमुख छन् । उपभोग घटाउने, पुनः प्रयोग गर्ने र पुनर्नवीकरणीय तथा सड्न सक्ने सामग्री प्रयोग गर्ने विचार र जीवनशैली वकालत र अभ्यास गराउन प्रयत्न गरिएको छ।

- सिक्ने प्रक्रियामा स्मरण गर्ने भन्दा खोजबिन गर्ने, सोच विचार गर्ने र प्रयोग गर्ने अभ्यासमा जोड दिइएको छ। मोटामोटी उत्तर मिलेमा उत्तर सही हुनुपर्छ भन्ने जरुरी मानिएको छैन। सिक्ने उत्सुकताको उच्च मूल्याङ्कन गरिएको छ।
- स्थानीय सामग्री, स्थानीय सीप, स्थानीय विशेषताहरूको प्रशंसा गरिए पनि थुप्रै 'किन', 'कसरी' भन्ने प्रश्न गरेर आलोचनात्मक चेत प्रवर्द्धन गर्ने जमर्को गरिएको छ।
- हाम्रो शिक्षा प्रणालीमा अक्षरमा आधारित ज्ञान ग्रहणमा सीमित प्रक्रियालाई चित्र, गीत र अभिनयका अभिव्यक्तिले विविधतायुक्त र थप चाखलाग्दो बनाउन कोसिस गरिएको छ। स्थानीय पाठ्यक्रमका माध्यमबाट केटाकेटीमा सिक्ने उत्सुकता बढाउने महत्त्वाकांक्षा पनि लुकेर रहेको छ।
- **भाषाका हकमा :**

  समग्र भाषा पद्धति (होल ल्याङ्ग्वेज एप्रोच) उन्मुख वैयाकरणिक शब्दावली (ग्रामेटिकल लेक्जिम) को सम्मिश्रित रूप प्रयोग गरिएको छ भने दोस्रो भाषा सिकाइका मूल क्षेत्र र विद्यालय तहका भाषिक पाठ्यक्रमलाई पनि मापकका रूपमा लिइएको छ। वैयाकरणिक शब्दावलीमा पनि क्रियालाई समग्र भाषा पद्धति डोऱ्याउने शब्दका रूपमा लिइएको छ।

  भाषालाई स्थानीय पाठ्यक्रमको महत्त्वपूर्ण अंश मानिएको यो पाठ्यक्रममा तामाङ भाषाको संरचनालाई आधार लिइएको छ। हरेक भाषाको व्याकरण फरक हुन सक्ने भएकाले भाषामा उल्लिखित विवरणहरू उदाहरणका लागि सम्बन्धित भाषाविज्ञको सहकार्यमा यस पालिकामा बोलिने तामाङ भाषाका आधारमा प्रस्तुत गरिएको छ। यही ढाँचामा राई, माझी, पहरी, मगर तथा नेवाः भाषामा पनि पाठ्यसामग्री निर्माण गरिनु पर्छ। यो अरू विषयहरूमा भन्दा बढी जरूरी छ।

## शिक्षण सिकाइ प्रक्रिया

स्थानीय पाठ्यक्रम मार्गदर्शन २०७६ मा शिक्षण सिकाइ क्रियाकलापसम्बन्धी निम्न विवरण उल्लेख गरिएको छ :

> "शिक्षण सिकाइ क्रियाकलापमा प्रयोग गर्नुपर्ने शिक्षण विधिमा व्याख्यान, प्रश्नोत्तर, छलफल, अवलोकन, अभिनय, प्रदर्शन, सोधखोज, परियोजना कार्य, क्षेत्रभ्रमण आदि उल्लेख गरिएको भए तापनि व्याख्यान विधि बढी प्रयोगमा ल्याइने गरेको देखिन्छ। तर यो विधि सिकाइका लागि प्रभावकारी मानिन्न। विद्यार्थी केन्द्रित शिक्षण विधिमा जोड दिन प्रत्येक विद्यार्थीले सिक्न सक्ने गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ। विद्यार्थीको दिमाग खाली वा शून्य हुन्छ, त्यसमा ज्ञान भरिदिनु पर्दछ भन्ने मान्यताबाट जानु हुँदैन भन्ने मान्यताको विकास भएको पाइन्छ। त्यसैले विद्यार्थीलाई गरेर सिक ९ीभबचलष्लन दथ मयष्लन० भन्ने सिद्धान्तमा आधारित भएर सकेसम्म क्रियाकलापमा उनीहरूलाई नै संलग्न गराएर सिक्ने वातावरण बनाउने कार्य शिक्षकले गर्नुपर्दछ। कक्षाकोठामा शारीरिक तथा मानसिक रूपमा अपाङ्ग र विभिन्न भाषिक समुदाय, समाजमा पछाडि परेका दलित, जनजाति आदि समुदायबाट आएका विद्यार्थीलाई अनुकूल हुने गरी समावेशी शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्नु आवश्यक छ।
>
> स्थानीय विषयको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा बढी मात्रामा प्रत्यक्ष रूपमा अवलोकन गराउने, काम नै गर्न लगाएर सिकाउने, विषयसँग सम्बन्धित स्थानीय व्यक्तिसँग भेट गराउने, उनीहरूको कार्यालयमा लगेर सँगै काम सिकाउने, विषयसँग सम्बन्धित व्यक्तिलाई विद्यालयमा स्रोत व्यक्तिका रूपमा बोलाएर सिकाउन लगाउने गर्न सकियो भने शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी

हुने छ । विद्यालयमा लामो समय बिदा भएको अवस्थामा समेत समुदायमा गएर सिक्ने वातावरण बनाइदिनुपर्छ ।

स्थानीय पाठ्यक्रमका विषयवस्तुलाई एकआपसमा र अन्य विषयसँग अन्तरसम्बन्धित र एकीकृत हुने गरी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्न सकेमा सिकाइ अर्थपूर्ण, रुचिकर हुन सहयोग पुग्ने भएकाले शिक्षकले सिकाइ क्रियाकलाप छनोट गर्दा विभिन्न विषयवस्तु र विषयक्षेत्रबिचको अन्तरसम्बन्ध तथा एकीकरणलाई अधिकतम बनाउनु आवश्यक छ । विद्यार्थीको सिकाइ स्तर र मानसिक तथा शारीरिक अवस्था विषयवस्तुको प्रकृति हेरी प्रयोगात्मक कार्य, सोधखोज, अध्ययन भ्रमण र प्रतिवेदन प्रस्तुतीकरण, भूमिका अभिनय, समूह छलफल आदि विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा प्राथमिकता दिनुपर्दछ । आजभोलि विद्यार्थी मूल्याङ्कनलाई पनि शिक्षण सिकाइ क्रियाकलापसँगै अभिन्न अङ्गको रूपमा लिने गरिएको छ । त्यसैले क्रियाकलापसँगै कुन विद्यार्थीले कसरी सिकिरहेको छ, सिक्यो वा सिकेन भन्ने कुराको पनि सँगै मूल्याङ्कन गर्दै जाने र नसिकेकालाई सुधारात्मक शिक्षण गर्दै जानुपर्दछ । स्थानीय पाठ्यक्रमको शिक्षण सिकाइ क्रियाकलापतर्फ कक्षाकोठामा मात्र सीमित गर्न हुँदैन ।”

यो पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षण सिकाइ मार्गदर्शन तथा शिक्षकलाई सल्लाह, थप विवरण र व्याख्या निम्नरूपमा प्रस्तुत गरिएको छ :

- **विद्यार्थी तथा परिवेश अनुसारको पाठयोजनामा केन्द्रित :** हरेक विद्यार्थीको सिक्ने तरिका फरक हुन्छ । त्यसका लागि सकेसम्म विविधता ल्याउन सुझाइएको छ । सकेसम्म कक्षाहरूमा प्रवचन, व्यक्तिगत अभिव्यक्ति, सामूहिक तथा व्यक्तिगत अभ्यासहरूमा सन्तुलन गर्न सुझाइएको छ ।


  कक्षामा विभिन्न क्षमताका विद्यार्थीको समावेशिता सुनिश्चित गर्न सोही अनुसारको गतिविधि तथा मूल्याङ्कन प्रक्रिया लागु गर्नुपर्ने हुन्छ । अपाङ्गता भएका विद्यार्थीका हकमा यस पाठ्यक्रमको सिकाइ शिक्षण क्रियाकलापमा उल्लेखित गतिविधि उचित नभए शिक्षकले आफ्नै योजनाअनुसार गतिविधि परिमार्जन गर्नु पर्दछ ।

  यो स्थानीय पाठ्यक्रम कक्षामा लागु गर्दा शिक्षकले आफ्नो पाठयोजनामा पाठ्यक्रममा सुझाव गरिएका सिकाइ शिक्षण क्रियाकलापमा विद्यार्थीको र त्यस ठाउँको आवश्यकताअनुसार फेरबदल गरी सिकाइ उपलब्धि हासिल गर्ने गरी गतिविधिहरू गर्न सक्ने छन् । स्वाभाविक रूपमा विषयवस्तु सरलताबाट जटिलतातिर लगिएको छ र यसलाई कक्षा बढ्दै जाँदा कक्षागत रूपमा पनि अनुभव गर्न सकिन्छ । कति अवस्थामा यस्तो सिद्धान्त अपनाइएका कारण साना कक्षामा नै स्थानीय विषयका धेरै पक्ष पढाइयोस् भन्ने अपेक्षा पूरा हुन सक्दैन ।

- **पाठ्यपुस्तक भन्दा पाठयोजना महत्त्वपूर्ण :** यस पाठ्यक्रमका अधिकांश पाठका लागि पूर्वतयारी आवश्यक छ । प्रायःजसो पाठको लागि विद्यार्थीलाई विभिन्न विषयमा घरमा सोध्ने, पत्ता लगाउन लगाउने आवश्यकता छ । स्थानीय परिस्थिति नै धेरैजसो पाठ्यक्रमको ‘पाठ्यपुस्तक’ या पाठ्यसामग्री हुने भएकाले छुट्टै पाठ्यपुस्तक बनाउन आवश्यक हुँदैन । यो स्थानीय पाठ्यक्रम एउटा मार्गदर्शन मात्र हो । यो मार्गदर्शनको आधारमा शिक्षकले पाठयोजना निर्माण गरी पठनपाठन तथा सिकाइ शिक्षण क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । विभिन्न विषयवस्तुका सिकाइ उपलब्धि र ती हासिल गर्न सुझाव गरिएका सिकाइ शिक्षण क्रियाकलापलाई समेट्दै वा आवश्यकता अनुरूप फेरबदल गरेर उल्लेखित सिकाइ उपलब्धि हासिल गर्नुपर्ने हुन्छ । यसका लागि वार्षिक र मासिकका साथै साप्ताहिक र दैनिक पाठयोजना निर्माण गर्नु अत्यन्तै आवश्यक छ । पाठयोजनामा के विषयवस्तु कहिले गर्ने भन्ने बुँदाका साथै कसरी, कुन-कुन माध्ययमबाट, कति समय लगाउने, कुन विषयसँग एकीकृत गर्ने, को शिक्षक र

कक्षासँग समन्वय गर्ने र त्यसका लागि चाहिने सामग्री आदि सबै विवरण भरेर सुरू गर्नुपर्ने हुन्छ। यसका लागि शिक्षकले पाठयोजना निर्माणका लागि पनि समय छुट्ट्याउनु आवश्यक छ।

- **मूल पाठ्यक्रमसँग मिल्ने विषयवस्तुलाई एकीकृत पाठयोजना बनाउने** : यस स्थानीय पाठ्यक्रमका अलगअलग विषयवस्तुहरू पनि एकआपसमा वा मूल पाठ्यक्रमका विभिन्न विषयसँग अन्तरसम्बन्ध राख्ने किसिमका छन्। केही सामग्रीहरू विद्यमान पाठ्यक्रमसँग मिल्ने खालका छन् (हे. अनुसूची ३) । ती विषयमा यी विषय जोड्न सकिन्छ । विषयवस्तुका दृष्टिले कति त्यस्ता पाठहरू अहिले नै स्थानीय पाठ्यक्रम सरहका छन् । यस्ता अन्तरसम्बन्ध भएका विषयवस्तुलाई छुट्टाछुट्टै भन्दा पनि क्रमबद्ध योजना बनाएर सँगै अथवा एकीकृत रूपमा पढाउँदा बढी प्रभावकारी हुन्छ। शिक्षकले यसका लागि कुनै अन्य शिक्षकसँग समन्वय गर्नुपर्ने हो कि अथवा आफ्नो पाठयोजनामा काम गर्नुपर्ने हो आवश्यकताअनुसार योजना गर्नुपर्ने हुन्छ।
- **कक्षाको गतिशीलता** : एउटा कक्षा सामान्यतः निम्न अनुसारको हुने परिकल्पना गरिएको छ :




अर्थात् सामान्यतः विद्यार्थीका अभिव्यक्तिबाट कक्षा सुरू गर्न र शिक्षकले गर्नुपरे पनि छोटो मात्र प्रवचनबाट सुरू गर्न सुझाइएको छ। सम्बन्धित विषयको सामूहिक र/वा व्यक्तिगत अभ्यास गरेपछि सिकाइ उच्च तहमा हुने अवधारणा राखिएको छ। यो गतिविधि सबैभन्दा लामो हुनसक्ने भएकोले त्यसपछि विद्यार्थीहरू लामो समय संलग्न नरहने गतिविधिहरू सुझाइएको छ। शिक्षकले प्रवचनबाट कक्षा समाप्त गरेमा त्यसलाई छोटो राख्न पनि सुझाव गरिएको छ।

- **भाषा सिकाइ** : भाषा सिकाइलाई एक तिहाईको वरपर भार दिईएको यो पाठ्यक्रम पालिका भित्र बोलिने दुई प्रमुख भाषा राई र तामाङ र अन्यत्र ठूलो संख्यामा भएपनि पालिकामा धेरै नबोलिने पहरी र माझी भाषाको बहुभाषिक कार्यशालाका आधारमा गरिएको छ। यहाँ जो जो जहाँ भने यी सबै भाषा सबैले समानान्तर रूपमा सिक्न पर्ने गरी तयार गरिएको छ। विद्यार्थीले यी भाषा तुलनात्मक रूपले सिक्छन् । नेपाली भाषी विद्यार्थीले पनि यी भाषा सिक्न पर्ने भएकोले उनीहरूले दोश्रो भाषाभाषीका समस्याप्रति सहानुभूति राख्ने अपेक्षा गरिएको छ। यी सबै भाषा दोश्रो भाषाका रूपमा सिक्न आबश्यक सिद्धान्त अबलम्बन गरी पाठ्यक्रम बनाईएको छ।

यस दृष्टिले गैरनेपाली मातृभाषीहरूले नेपाली दोश्रो भाषा शिक्षणका सिद्धान्त अवलम्बन गरी सिक्न पाउनु पर्ने सचेतता पनि बढ्ने छ ।

## मूल्याङ्कन प्रणाली

यहाँ दुई किसिमका मूल्याङ्कन उल्लेख गरिएको छ : विद्यार्थीको सिकाइ र यही पाठ्यक्रमको प्रभावकारिता । ती तल क्रमशः प्रस्तुत गरिएका छन् ।

### विद्यार्थीको सिकाइ मूल्याङ्कन

विद्यार्थीको सिकाइ मूल्याङ्कन निर्णयात्मक, निर्माणात्मक तथा निरन्तर मूल्याङ्कनमार्फत गर्नुपर्छ भन्नेबारे शिक्षकवर्ग अवगत नै छन् । विद्यार्थीको सिकाइको स्तर मापन गर्न निर्णयात्मक मूल्याङ्कनलाई नै प्राथमिकतामा राखिने अवधारणा बिस्तारै परिवर्तन पनि हुँदैछ र नेपालको सन्दर्भमा समेत जाँच मात्र नभई अन्य पक्षमार्फत पनि सिकाइको मूल्याङ्कन गर्ने अभ्यास थालिएको छ । यसैलाई निरन्तरता दिँदै यस स्थानीय पाठ्यक्रममा पनि विद्यार्थीले कति सिके भन्ने मूल्याङ्कन गर्न लिखित परीक्षा भन्दा पनि अन्य पक्ष तथा अभिव्यक्ति र विद्यार्थीको व्यवहारको अवलोकनमा ध्यान दिनुपर्छ भन्ने जोड रहेको छ ।

(क) **निर्माणात्मक मूल्याङ्कन** : शिक्षण सिकाइ क्रियाकलाप अभिन्न अङ्गको रूपमा लिई विद्यार्थीको सिकाइको लेखाजोखा गरिने प्रक्रिया नै निर्माणात्मक मूल्याङ्कन भनिन्छ । यसलाई सुधारात्मक मूल्याङ्कन वा निरन्तर मूल्याङ्कन पनि भन्ने गरिन्छ । विद्यार्थीले के कति सिकिसकेका छन्, अब के सिकाउने, सिकाउन चाहेको कुरो सिके कि सिकेनन्, नसिकेका भए अब कुन तरिकाले सिकाउने भन्ने बारेमा जानकारी लिइने निर्माणात्मक मूल्याङ्कन हो । यसको माध्यमबाट विद्यार्थीको कमजोरी पत्ता लगाई थप सुधारात्मक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । यस्तो मूल्याङ्कन प्रकियाको माध्यमबाट प्रत्येक विद्यार्थीको सिकाइ स्तर तथा रूचि पत्ता लगाउन सजिलो हुने हुँदा सिकाइमा सुधार गर्न सहयोग पुग्छ । निर्माणात्मक मूल्याङ्कनमा पनि विभिन्न मूल्याङ्कनको साधन प्रयोग गर्न सकिने भए तापनि अवलोकनलाई सबैभन्दा प्रभावकारी साधनको रूपमा लिने गरिन्छ । यस्तो मूल्याङ्कन प्रक्रिया सबै तह र कक्षाका विद्यार्थीका लागि उपयोगी हुने भए तापनि प्रारम्भिक कक्षाका विद्यार्थीका लागि निर्माणात्मक मूल्याङ्कन अझ बढी प्रभावकारी हुन्छ । विशेष गरेर आधारभूत तहका विद्यार्थीको निरन्तर मूल्याङ्कन गरेर त्यसको अभिलेखसमेत राखी त्यसैको आधारमा कक्षोन्नति गर्नु राम्रो मानिन्छ । यसबाट विद्यार्थीको सिकाइमा सुधार हुनुको साथै साना बालबालिकालाई औपचारिक परीक्षा र त्यसबाट हुने तनावबाट मुक्त गर्न सकिन्छ । त्यसैले कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, दैनिक व्यवहार अध्ययन लगायतका कार्यबाट निरन्तर रूपमा विद्यार्थी मूल्याङ्कन गर्नुपर्छ ।

(ख) **निर्णयात्मक मूल्याङ्कन** : आवधिक रूपमा लिखित तथा मौखिक परीक्षा लिएर त्यसको आधारमा कक्षा चढाउने वा नचढाउने र विद्यार्थीको स्थान निर्धारण गर्ने उद्देश्यले गरिने मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन भनिन्छ । यस्तो मूल्याङ्कन प्रक्रियाबाट विद्यार्थीको सिकाइमा सुधार गर्ने अवसर कम हुन्छ । हाम्रो देशमा सबैभन्दा बढी निर्णयात्मक मूल्याङ्कन प्रक्रिया अपनाउने प्रचलन रहेको छ । यस्तो मूल्याङ्कन माथिल्लो तह र कक्षालाई उपयुक्त मानिए तापनि साना उमेर र तल्ला तह तथा कक्षाका विद्यार्थीका लागि प्रत्युत्पादक हुन सक्छ । यस्तो मूल्याङ्कन प्रक्रियामा प्रायजसो परीक्षालाई मुख्य आधार बनाएर निर्णय लिइने हुँदा उपयुक्त प्रश्न बनाउन नसकेको अवस्थामा, परीक्षा सञ्चालनको वातावरण उपयुक्त नभएमा, परीक्षाको समयमा विद्यार्थीको शारीरिक तथा मानसिक अवस्था ठीक नभएमा त्यसबाट सही नतिजा ननिस्कन सक्छ । सही नतिजा आएन भने विद्यार्थीको मनोविज्ञानमा नकारात्मक असर पर्न

सक्छ । त्यसबाट विद्यार्थीले पढाइमा ध्यान नदिने, विद्यालय नै छाड्ने, कुलतमा लाग्ने जस्ता अप्रिय घटना पनि घट्न सक्ने सम्भावना रहन्छ ।

स्थानीय विषयमा विद्यार्थीलाई लिखित परीक्षा वा माध्यमको भार बढी दिएर विद्यार्थीको प्रस्तुतिलाई राम्रो बनाउन नसक्दा हाम्रो शिक्षा प्रणालीकै गल्ती देखिन सक्छ । त्यसैले सकेसम्म निर्णयात्मक मूल्याङ्कनमा पनि सम्बन्धित शिक्षक तथा निकायले यस पाठ्यक्रममा उल्लेख भएबमोजिम विभिन्न माध्यमको प्रयोग गर्न अनुरोध गरिन्छ । स्थानीय पाठ्यक्रमको माध्यमबाट सिकाइमा उत्सुकता थपिने अपेक्षा गरिएकाले यसमा थप संवेदनशीलता अपेक्षा गरिन्छ ।

स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित) २०७६ मा विद्यार्थी मूल्याङ्कनसम्बन्धी निम्न विवरण उल्लेख गरिएको छ ।

“विद्यार्थी मूल्याङ्कनअन्तर्गत विद्यार्थी मूल्याङ्कन र पाठ्यक्रम मूल्याङ्कन महत्त्वपूर्ण छन् । वर्तमान पाठ्यक्रमले कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कनलाई विशेष जोड दिएको छ । कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कनकै आधारमा शतप्रतिशत, कक्षा ४-५ मा ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन, ५० प्रतिशत आवधिक मूल्याङ्कनका आधारमा र कक्षा ६-७ मा ४० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र ६० प्रतिशत आवधिक मूल्याङ्कनका आधारमा ग्रेड निर्धारण गर्नुपर्ने प्रावधान छ । आधारभूत तहको पाठ्यक्रममा मूल्याङ्कन विधि, साधन र प्रक्रियामा परिमार्जन भएका स्थानीय पाठ्यक्रममा पनि सोहीअनुसार मूल्याङ्कन विधि, साधन र प्रक्रिया समावेश गर्नुपर्दछ ।

स्थानीय पाठ्यक्रमका विषयमा विद्यार्थीले पढेर भन्दा प्रत्यक्ष अवलोकन गरेर, पेसा व्यवसायका काम गरेर एवम् स्वयम् कार्याभ्यासमा संलग्न भएर तथा सामाजिक र सामुदायिक गतिविधिमा सहभागी भएर सिक्दछन् । यस्तो सिकाइ प्रक्रियाको मूल्याङ्कन अनौपचारिक रूपमा निरन्तर गरिनुपर्दछ । यसका लागि प्रश्नोत्तर, छलफल, क्रियाकलापको अवलोकन, अभिभावक वर्गको राय प्रतिक्रिया, विद्यार्थी वर्गकै साथी समूहको राय प्रतिक्रिया आदि उपयोगी हुन्छन् । विद्यार्थीलाई स्थानीय सीप सिकाउने पाठ्यक्रम भएमा उत्पादन प्रणालीसँग आबद्ध गरी अभिभावकको आयआर्जनमा पनि सहयोग पुग्न सक्छ । त्यसकारण स्थानीय पाठ्यक्रम बमोजिमको मूल्याङ्कनमा लिखित परीक्षालाई भन्दा प्रयोगात्मक र निरन्तर मूल्याङ्कनलाई नै बढी जोड दिनुपर्दछ । तोकिएका ढाँचामा प्रगति अभिलेख र पोर्टफोलियो व्यवस्थित गरी राख्नुपर्दछ ।”

## सक्षमता/तहगत उद्देश्य

आधारभूत तह (कक्षा १-८) का लागि यो स्थानीय पाठ्यक्रमको समग्र सक्षमता निम्नअनुसार रहेको छ ः

- स्थानीय ज्ञान हस्तान्तरण तथा पुस्तान्तरण र यसको महत्त्वबोध
- स्थानीय समुदायबीच एकताको भावना तथा व्यवहारमा प्रदर्शन
- स्वस्थकर जीवनशैली र जीवनोपयोगी सीपको विकास
- स्थानीय, पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहार कुशल सीप (सफ्ट स्किल्स्) को प्रयोग
- आफ्नो भाषा, कला, साहित्य र संस्कृतिप्रति गर्व, संरक्षण तथा संवर्द्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग
- जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबीचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग
- समग्र सिकाइप्रति सकारात्मकता र सुधार

**कक्षा १ - ३ को सक्षमता**

- विद्यार्थीहरू आफ्नो गाउँ तथा विद्यालय वरपरका महत्त्वपूर्ण स्थलहरूबारे अवगत हुने छन् ।
- आफ्नो गाउँठाउँका वन वनस्पति र खेती तथा करेसाबारीमा हुने फलफूल तथा तरकारी पहिचान गर्न सक्ने छन् ।
- आफ्ना वरिपरि रहेका विभिन्न जातजातिबारे परिचित हुने छन् ।
- स्थानीय घरपालुवा तथा घरवरिपरि हुने जनावरको पहिचान गर्न सक्ने छन् ।
- स्थानीय भाषामा आधारभूत संवाद गर्न सक्ने छन् ।
- आफ्नो ठाउँ र परिवेशप्रति सम्बन्ध बनाउने छन् ।

**कक्षा ४ - ५ को सक्षमता**

- वडा स्तरीय भौगोलिक तथा सांस्कृतिक विशेषता पहिचान गर्ने छन् । सामुदायिक विविधता र उनीहरूबीच समानता केलाउन सक्ने छन् ।
- स्थानीय भाषामा सामान्य संवाद गर्नसक्ने छन् ।
- वातावरण संरक्षणको आवश्यकताबोध गर्ने छन् ।
- परम्परागत सीपहरू सिक्दै तिनका विधि अभ्यास गर्ने छन् ।
- स्थानीय पाठ्यक्रमको माध्यमबाट सिकाइप्रति उत्सुकता देखाउने छन् ।

**कक्षा ६ - ८ को सक्षमता**

- बागमती गाउँपालिकाका महत्त्वपूर्ण स्थान, ऐतिहासिक स्थल, इतिहास, तथ्याङ्क आदि विवरणबारे जानकार हुने छन् र गौरवका साथ आफ्नो पालिकाका विशेषता वर्णन गर्न सक्ने छन् ।
- परम्परागत सीप, कृषि तथा अन्य व्यवसायको सम्मान गर्ने छन् ।
- पालिकाको वातावरण, जीवजन्तु र चराचुरुङ्गीमाथि मानवीय क्रियाकलापका कारण परेका प्रभावबारे मनन गर्ने छन् ।
- सामाजिक कुरीति, वातावरण विनाश, विपत् आदि मुद्दाबारे जनचेतना फैलाउन सक्ने छन् ।
- स्थानीय पाठ्यक्रमको माध्यमबाट सिकाइप्रति उत्सुकता देखाउने छन् ।

**कक्षागत सिकाइ उपलब्धि**

**कक्षा १-३**

| विषय क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| मेरो दैनिक जीवन | - आफ्ना वरपरको खेतबारीमा भएका बोटबिरुवाहरू चिन्न सक्ने र खान मिल्ने नमिल्ने बिरुवाहरू छुट्याउन सक्ने<br>- घरका कुन-कुन सदस्यले के काम गर्छन् भन्न सक्ने<br>- विभिन्न पेसाका नाम र सरल रूपमा त्यो पेसामा के गरिन्छ भन्न सक्ने | - घर पालुवा जनावर र तिनको काम भन्न सक्ने<br>- छिमेकीहरूले के के काम गर्छन् भन्नेबारे जानकारी राख्ने र आफ्नो घर तथा छिमेकका बीच समान तथा फरक काम पहिचान गर्ने | - बारी र फूलबारीमा हुने बिरुवा छुट्याउन सक्ने, बोटबिरुवा रोप्ने, फूलबारी बगैँचामा स्याहार गर्ने तथा सहयोग गर्ने<br>- नजिकको बजारमा के के काम गर्छन् पहिचान गर्ने र कामको प्रकारबारे अनुमान गर्न सक्ने |
| हाम्रो समुदाय | - कक्षाभित्रका व्यक्ति, वस्तु र क्रियाकलापका विशेष गुणहरू पहिचान गर्न सक्ने<br>- आफ्नो टोलक्षेत्रका पुराना घरसम्बन्धी जानकार हुने | - विद्यालय र घरका व्यक्ति, वस्तुका विशेष गुणहरू पहिचान गर्न सक्ने<br>- नजिकको ठाउँ कस्तो/कति अग्लो/गहिरो/ठूलो/सानो अनुमान लाउन सक्ने | - गाउँघरका व्यक्ति, वस्तुका विशेष गुणहरू पहिचान गर्न सक्ने<br>- सबैभन्दा नजिकको ठाउँको देखिन सकिने प्राकृतिक र अप्राकृतिक वा मानव |

| | | | |
|---|---|---|---|
| | - सबैभन्दा नजिक रहेका महत्वपूर्ण भौगोलिक स्थान<br>चिन्ने<br>- त्यहाँका चिजबिजको पहिचान तथा सम्मान गर्ने | - एकै किसिमका महत्वपष्ठ्र्ण भौगोलिक स्थान (उदा.डाँडाहरू) दुई/तीनवटा छन् भने तुलनात्मक रूपमा कुन अग्लो, होचो, तातो, चिसो, बस्ती कम बेसी, मान्छे धेरै वा कम आउने आदि भन्न सक्ने<br>- त्यहाँका चिजबिजको पहिचान तथा सम्मान गर्ने<br>- घर बाहेकका पुराना संरचना (चौतारी, कुवा, घट्ट आदि) पहिचान गर्न सक्ने र पुराना ठाउँहरूमा पाइने<br>सामग्री चिन्ने | निर्मित वस्तु विवरण पहिचान गर्न सक्ने र वस्तुगत अनुभव भन्न सक्ने<br>- सबैभन्दा नजिकको ऐतिहासिक वा सांस्कृतिक ठाउँ, भग्नावशेष वा पछि बनाइएका संरचना के कस्ता छन् भन्न सक्ने वा यस्ता अवशेष नभए नयाँ र पुरानो गाउँ बस्ती तुलना गर्ने |
| हाम्रा वरपरका सजीव | - घर र विद्यालय वरपरका वनस्पति पहिचान गर्न सक्ने<br>- गाउँघरतिर सबै मौसममा पाइने वा देखिने चराचुरुङ्गी पहिचान गर्न सक्ने<br>- घर तथा वरपर पाइने हानिकारक कीरा र तिनबाट<br>जोगिने तरिकाहरूबारे परिचित हुने | वनस्पति वा बिरुवाको खान हुने र नहुने भाग छुट्याउन सक्ने<br>- गाउँघरतिर सबै मौसममा पाइने वा देखिने जनावर पहिचान गर्न सक्ने<br>- वरपर पाइने कीराफट्याङ्ग्रा चिन्न र नाम भन्न सक्ने<br>- गाउँघरतिर सबै मौसममा पाइने विषालु वा हानिकारक जनावर चिनेर तिनीहरूबाट सचेत हुन | -घर र विद्यालय वरपरका वनस्पति हुर्किने मौसम र वातावरण पहिचान गर्ने र मौसमअनुसार वनस्पति छुट्याउन सक्ने<br>- गाउँघरतिर देखिने जीवजन्तु तथा चराचुरुङ्गी पहिचान गर्न सक्ने<br>- नजिकै पाइने जीवजन्तुको खाने चक्र तथा यिनका लागि अनुकूल वातावरण चिन्न सक्ने<br>- गाउँघरतिर विशेष मौसम वा परिस्थितिमा पाइने वा देखिने विषालु विशेष खतरा कीरा र जनावर पहिचान गर्न सक्ने र तिनीहरूबाट बच्ने उपायहरू भन्न सक्ने |
| हाम्रो वातावरण | - खोलामा भल वा बाढी आएको देखेर सावधान हुन सक्ने<br>- घरमा आफू वा अरू कोही बिरामी भएको वा हुन सक्छ भन्नेबारे जानकार हुने<br>- घर तथा विद्यालय वरपरका कुहिने वस्तुको पहिचान गर्न सक्ने र त्यसको उपयोगिताबारे जानकारी राख्ने | - वरपर भएका बगाउन सक्ने खोला पहिचान गर्न सक्ने<br>- खोलाबाट सुरक्षित रहने उपाय अपनाउन सक्ने<br>- नदेखिने कीटाणु शरीरमा पसेर मानिस बिरामी हुन्छ भन्नेबारे सचेत भएर यस्ता नदेखिने कीटाणु शरीरमा<br>छिर्न नदिन सतर्क हुने<br>- दैनिक जीवनमा प्रयोग हुने नकुहिने वस्तुहरू चिनेर कुहिने र नकुहिने वस्तु छुट्याउन सक्ने<br>- जथाभावी फोहोर नफाल्ने | - पहिरो र यसका कारण र रोकथाममा रूखबिरुवाको महत्वबारे थप भन्न सक्ने<br>- पहिरो जाने ठाउँको पहिचान र त्यसबाट बच्ने उपाय भन्न सक्ने<br>- घर छिमेकमा लागेको सर्ने वा नसर्ने रोगका नाम भन्न सक्ने<br>- सर्ने रोग कसैलाई लागे आफूले के गर्न हुन्छ वा हुँदैन भन्न सक्ने<br>- नकुहिने वस्तुले वातावरणमा पार्ने नकारात्मक असरबारे सचेत हुने<br>- आफ्नो घर वरपरको फोहोर कुहिन वा गल्न (डिकम्पोज हुन) कति समय लाग्छ प्रयोग गर्ने |
| मेरो सिर्जना | - माटो मुछ्ने, खेल्ने र इच्छा अनुसारको आकृति बनाउने र माटोबाट बनेका परम्परागत सामानहरू चिन्न सक्ने<br>- आफ्नो गाउँघरतिर प्रचलित भाकामा कुनै गीतको लय पकड्ने, गाउने र नाच्ने | - घरमा भएका हातले बनाएका सामानहरू चिन्ने र के के सामान हातले बनाइन्छ भन्न सक्ने<br>- हातले बनेका र हातले नबनाएका सामान पहिचान गर्न सक्ने<br>- गाउँघरतिर चल्तीमा रहेका तथा हराएर गएका पारम्परिक स्थानीय बाजा र तिनको धुन पहिचान गर्ने | - काठपात, रूख तथा बोटबिरुवाबाट बनेका वस्तु पहिचान गर्न सक्ने<br>- आफ्नो गाउँघरतिरका कथा सुन्ने र तिनमा अपनत्व राख्ने<br>- स्थानीय परिवेशसहित समूहमा कथा बनाएर भन्न सक्ने |
| हाम्रो संस्कृति | - आफ्नो र अरूको पारम्परिक पहिरनबारे अरूलाई बताउन सक्ने | - आफ्नो र छरछिमेकका घरको विवरण दिन सक्ने | - आफ्नो र परिवारका अन्य सदस्यको दैनिकी भन्न सक्ने |

| | | | |
|---|---|---|---|
| | - आफ्नो घरमा बनाउने परिकार र आफूलाई मन पर्ने परिकार चिनेर भन्न सक्ने | - घरमा पाइने फलफूल, तरकारी लगायतका खाने परिकारका स्रोत र आफूले देख्न, सुन्न, सुँघ्न, छुन र चाख्न सकेको विवरण भन्न सक्ने | - घरमा भएको खानाको सुरक्षा गर्न र उब्रिएको खानेकुरालाई कसरी प्रयोग गर्न सकिन्छ भन्नेबारे सामान्य रूपमा भन्न सक्ने |
| हाम्रो वरपरको संसार | - आफू बस्ने र विद्यालय भएको टोल वरपरका घर, बाटो, अरू संरचना, डाँडा, खोला, खोल्सा चिन्न सक्ने<br>- सबैभन्दा नजिकको खोला, खोल्सा र त्यसको वारिपारिका ठाउँको सामान्य परिचय दिन सक्ने<br>- खोलाको सौन्दर्यप्रति सचेत हुने र सावधानी अपनाउने | - आफ्नो वरपरको वातावरणसँग परिचित हुने (भौगोलिक वातावरण : विद्यालय र आफ्नो गाउँको नाम, आफू रहेको ठाउँको तत्कालको मौसम भन्न सक्ने, सामाजिक वातावरण : छिमेकीसँग बोल्ने र तिनलाई सम्बोधन गर्न सक्ने-कस्तो ठाउँमा जान हुन्छ/हुँदैन भन्ने सामान्य जानकारी राख्ने)<br>- खोलामा वा खोला वरपरका वस्तु, जीवजन्तु पहिचान गर्न सकेको : पानी, बालुवा, ढुङ्गा, लेउ, चराचुरुङ्गी,माछा मार्ने वा नुहाउन, लुगा धुन जाने मानिस | - आफ्नो गाउँका भू-उपयोग र सार्वजनिक सेवाका संस्था कता छन् पहिचान गरेर सामान्य नक्साङ्कन सीप विकास गर्ने<br>- सबभन्दा नजिकको खोलामा र वरपर पाइने प्राकृतिक र मानव निर्मित वस्तु पहिचान गर्न सक्न<br>- खोला तर्दा अपनाउनुपर्ने सावधानीका उपाय अपनाउन सक्ने |
| हाम्रो भाषा | - फरक भाषा बोल्नेहरू छन् भन्ने अनुभव गर्ने र पहिलो अभिव्यक्तिमा आवश्यक परिचयात्मक क्रिया प्रयोग गर्न सक्ने<br>- स्थानीय वा मातृभाषामा अस्तित्व बोधक क्रिया 'हो' र 'छ' र तिनका अकरण रूपको प्रयोग गरेर सामान्य वाक्य बोल्न सक्ने | - प्राकृतिक सत्यबोधक तथा स्वीकृतिबोधक क्रिया 'हुन्छ' का करण अकरण रूप थप शब्दसहित प्रयोग गर्ने<br>- शरीरका अङ्ग, नातागोता, घर तथा विद्यालय वरिपरिका वस्तुहरू जनाउने शब्द प्रयोग गर्ने (नयाँ शब्दहरू बढीमा २५) | - अज्ञात भूतकालका वाक्य बोलीचालीमा प्रयोग गर्न सक्ने<br>- 'कहाँ' र थप 'के', 'को' प्रश्न प्रयोग गर्न सक्ने<br>- स्थानवाचक नामयोगी प्रयोग गर्न सक्ने |

**कक्षा ४-५**

| विषय क्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| मेरो दैनिक जीवन | - आफू र आफ्नो छिमेकीको जीविकाका मुख्य आधार पहिचान गर्ने<br>- गाउँघर र जङ्गलमा औषधि छन् भन्नेबारे परिचित हुने<br>- मौसमअनुसार रोपिने र थन्क्याउने बाली बिरुवा चिन्न सक्ने<br>- छिमेक तथा नजिकको बजारमा र विभिन्न कामले आफूलाई तथा समाजमा दिने योगदान पहिचान गर्ने | - आफ्नो वडामा जीविकाका मुख्य आधार र आफ्नो वडामा तिनको अवस्थितिबारे परिचित हुने<br>- आफ्नो घर नजिकै भएका किराना पसल वा निश्चित दिनहरूमा लाग्ने हाटबजारका प्रभावबारे भन्न सक्ने<br>- घरेलु औषधिको स्रोत र यी चिन्ने व्यक्तिहरू पहिचान गर्ने<br>- घरपालुवा जनावरका गुण, स्वभाव र प्रयोजनबारे परिचित हुने<br>- जनावर र खेतीबीचको अन्तर्सम्बन्ध पहिचान गर्ने<br>- कसैले कुनै निश्चित काम गर्नु पछाडिका सम्भावित कारणहरू, ती काममा चाहिने सीप र काम गर्नेका लागि फाइदा र बेफाइदा पत्ता लगाउने |
| हाम्रो समुदाय | - आफू वरपर रहेका सेवा प्रदायक संस्थाहरूको नाम, मूल काम र ठेगानाबारे परिचित हुने र सम्भव भएसम्म प्रत्यक्ष हेर्ने<br>- आपत्मा परेका बेला सहयोग गर्ने संस्थाहरू चिन्ने<br>- संस्थाको अनुपस्थितिमा गाउँघरतिर आपसमा के कसरी सहयोग गरिन्छ र गर्न सकिन्छ भन्न सक्ने<br>- पालिकाका विद्यालयसँग सम्बन्धित विवरणबारे परिचित हुने<br>- अलिपरको सबभन्दा नजिकको महत्वपूर्ण भौगोलिक स्थानको विवरण, महत्व दिनुका आधारहरू पहिचान गर्ने<br>- आफ्नो वडाको भ्रमण गर्न सक्ने<br>- आफू रहेको ठाउँबाट दिशा बताउन सक्ने | - नजिकैको वडा कार्यालयको ठेगाना, काम, अध्यक्ष र सदस्यहरू पहिचान गर्ने<br>- वडाका भौगोलिक अवस्थिति र विशेषताको वर्णन गर्न सक्ने<br>- वडाका विद्यालय र तिनीहरूको विवरण भन्न सक्ने<br>- देखिने मानवीय विशेषता भएका मानिसको तथ्याङ्कबारे परिचित हुने<br>- वडाभित्रको सबभन्दा नजिकको महत्वपष्ठ्र्ण भौगोलिक स्थानको विवरण र स्थान वरपरको वातावरण, समुदाय र रहनसहनबारे परिचित हुने<br>- वडाभित्रका महत्वपष्ठ्र्ण ऐतिहासिक तथा सांस्कृतिक स्थानको विवरण पहिचान गर्ने र त्यससँग जोडिएको कथा भन्न सक्ने |

| | | |
|---|---|---|
| | - वडाको सबभन्दा नजिकको महत्वपूर्ण ऐतिहासिक स्थानको विवरण पहिचान गर्ने<br>- आफ्नो वडाको महत्वपूर्ण ऐतिहासिक स्थानबारे कथाहरू भन्न सक्ने र सामान्य विवरण दिन सक्ने<br>- आफ्नो परिवारको इतिहाससँग परिचित हुने | - आफ्नो वडाको बस्तीहरूको सुरूआतबारे भन्न सक्ने |
| हाम्रा वरपरका सजीव | - वरपरका वनस्पतिको प्रयोग र फाइदा भन्न सक्ने<br>- जडीबुटीका रूपमा प्रयोग गर्ने गरिएका वनस्पति पहिचान गर्ने<br>- जङ्गली जीवजन्तुको विविधता र तिनको पहिचान गर्ने<br>- गाउँघरतिर पाइने जीवजन्तु र चराचुरुङ्गीका विशेष अङ्ग तथा विशेष परिस्थितिबारे भन्न सक्ने<br>- बिच्छी र खजुरोजस्ता विषालु जीवले डस्दा वा टोक्दा मान्छेलाई हुने असरबारे परिचित हुने<br>- विषालु जीवसँग सावधानी अपनाउने | - पालिकामा पाइने रूख तथा विशेष वनस्पति पहिचान गर्ने र तिनको विविधता तथा अवस्थाबारे परिचित हुने<br>- जीवजन्तु र चराचुरुङ्गीले गर्ने सकारात्मक प्रभाव र दिएका समस्याबारे भन्न सक्ने<br>- पालिकामा जीवजन्तुले दिएका समस्या न्यूनीकरण गर्ने उपाय पहिचान गर्ने र सकेसम्म कम हानिमा न्यूनीकरण गर्ने अभ्यास गर्ने<br>- विषालु जीवको टोकाइका लागि घरगाउँमा अपनाइने सुरक्षाका साधन पहिचान गर्ने र अपनाउनुपर्ने प्राथमिक उपचारका साधनबारे परिचित हुने |
| हाम्रो वातावरण | - हावाहुरीका सम्भाव्यता र असर पहिचान गर्ने<br>- आफ्नो गाउँमा पाँच वर्षभित्र लागेका सरुवा रोग, तिनका कारण र बच्ने उपाय पहिचान गर्ने<br>- प्रकृतिमा उपलब्ध वस्तुहरू कहाँबाट आउँछन् र कहाँ जान्छन् भन्नेबारे भन्न सक्ने | - डढेलो र आगलागी हुनुको प्राकृतिक तथा मानवीय कारण पहिचान गर्ने<br>- आगलागी र डढेलो रोकथाम तथा बचावका उपाय भन्न सक्ने<br>- आफ्नो गाउँमा लाग्न सक्ने सरुवा रोगका लक्षण पहिचान गर्ने र ती रोग लागेमा के गर्ने आधारभूत जानकारी दिन सक्ने<br>- प्रकृतिले परिपूर्ति गर्न सक्नेजति सामान चलाउनुपर्छ भन्नेबारे परिचित हुने |
| मेरो सिर्जना | - गाउँघरमा बनाइने धातुले बनेका वस्तुको पहिचान गर्ने<br>- कुन धातुले कस्ता सामग्री बनाइन्छ भन्ने सामान्य जानकारी दिन सक्ने<br>- सजिला गाउँखाने कथा सुन्ने र भन्ने<br>- वरपरका ठाउँ, परिचित व्यक्ति, चिनिने फल, रूख इत्यादिलाई रोचक ढङ्गमा चिनाउन सक्ने | - माछा मार्न, माछा मार्ने साधन बनाउन सहयोग गर्ने र सिलाइबुनाइको कामबारे परिचित हुने<br>- कक्षा १ देखि ४ सम्म पढेका सामग्री मध्येको कम्तीमा एउटा सामग्री बनाउन सक्ने<br>- आफ्नो भाषाका परम्परागत तथा स्थानीय गीत, कथा, उखान टुक्का, गाउँखाने कथा भन्न सक्ने |
| हाम्रो संस्कृति | - घर र छरछिमेकमा गरिने कामहरूबारे भन्न सक्ने<br>- मौसम अनुसारको खाना र अल्पपोषण भएका खानेकुरा पहिचान गर्ने र फरक छुट्याउन सक्ने<br>- स्वस्थकर र सन्तुलित खानाको महत्व बोध तथा प्रयोग गर्ने | - एकआपसमा वा गाउँघरमा गरिने सहयोगको अवस्था पहिचान गर्ने र सहयोगमा उत्प्रेरित हुने<br>- अल्पपोषण भएका खानेकुराको स्रोत तथा असर पहिचान गर्ने<br>- स्वस्थकर र सन्तुलित खानाको महत्व बोध तथा प्रयोग गर्ने |
| हाम्रो वरपरको संसार | - वरपरका खोलाबारे स्थानीय ज्ञान र विशेषता पहिचान गर्ने<br>- वडाभित्रका खोलाको विवरण र खोला वरपरका वातावरणबारे जानकारी राख्ने<br>- जोखिम पनि बुझेर सानो खालको खोलानाला तर्न सक्ने | - वडाभित्रका खोलाको विवरण र खोला वारिपाकि बस्ती र वातावरणबारे परिचित हुने<br>- खोलाको प्रयोजनहरू पहिचान गर्ने, बल्छी हाल्ने अभ्यास गर्ने |
| हाम्रो भाषा | - बाध्यात्मक तथा अस्तित्व जनाउने क्रिया 'चाहिन्छ' 'पर्छ' को प्रयोग गर्न सक्ने<br>- विद्यालय, समाज तथा संस्कृति, नातागोता, बानी र इन्द्रियका काम सम्बन्धित शब्दहरू प्रयोग गर्ने | - सामान्य भूत र अभूतकालका क्रिया प्रयोग गर्न सक्ने<br>- समय बुझाउने शब्द (क्रियायोगी) बारे परिचित हुने |

पाठयोजना १.

| | |
|---|---|
| **कक्षा ४** | **पाठ : १. मेरो दैनिक जीवन** |
| **विषयवस्तु : जीविकाको मुख्य आधार** | **कार्यघण्टा : ३** |

क) सिकाइ उपलब्धि : आफू र आफ्नो छिमेकीको जीविकाका मुख्य आधार पहिचान गर्ने
ख) विषयवस्तुको विस्तृतीकरण : आफु र आफ्नो छिमेकीको जिविकाको मुख्य आधार

ग) सम्भावित सिकाइ सामग्रीहरू : विभिन्न अन्न, फलफूल, तरकारीका बोट विरूवाहरू वा तिनका चित्रहरू ।

घ) सम्भावित सिकाइ क्रियाकलाप

- परिवारमा जीविकाका लागि के कस्ता काम गर्नुहुन्छ भनेर सोध्ने ।
- छिमेकीहरूलाई उहाँको जीविकाका मुख्य आधार, घरमा कति जना काम गर्नुहुन्छ ? कुन सदस्यमा परिवार निर्भरहुनुहुन्छ ? जस्ता प्रश्न सोधेर ती विवरण तालिकामा राखेर कक्षामा प्रस्तुत गर्न लगाउने ।

ङ) सिकाइ मूल्याङ्कन
- परिवारमा जीविकोपार्जनका लागि कसले के गर्छन् भन्न सकेको
- छिमेकका जीविकाको मुख्य आधारबारे तालिकामा प्रस्तुत गरेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ३ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना २.

| | |
|---|---|
| **कक्षा ४** | **पाठ : १. मेरो दैनिक जीवन** |
| **विषयवस्तु : जडीबुटी तथा गैरकाठ वनपैदावर** | **कार्यघण्टा : ४** |

क) सिकाइ उपलब्धि :

- गाउँघर र जङ्गलमा औषधि छन् भन्नेबारे परिचित हुने

ख) विषयवस्तुको विस्तृतीकरण : प्रयोग गरेका वा नगरेका घरेलु औषधीहरू

ग) सम्भावित सिकाइ सामग्रीहरू : वरपर पाइने स्थानीय जडीबुटीको पात, जरा, फल, वा प्रयोग हुने भाग

घ) सम्भावित सिकाइ क्रियाकलाप

- बोटबिरुवा औषधि हुन्छ वा हुँदैन ? भनेर सोध्ने र हुन्छ भने कसलाई के बिरुवा के को लागि औषधि हुन्छ भनेर थाहा पाएको छ सोध्ने र छलफल गर्ने ।
- घरमा कोही बिरामी हुँदा कस्तो-कस्तो औषधि (पसलबाट किनेर वा घरमै बोटबिरुवाबाट बनाएर) लिने गरेको छ सोधेर आउन लगाउने ।
- कम्तीमा एउटा घरमै भएका वा बनाइने जडीबुटीको नाम टिपेर केका लागि प्रयोग हुन्छ होला पत्ता लगाउन दिने ।
- औषधि पसलबाट लिएको औषधि र घरमा बनाएको औषधि हेर्दा, खाँदा स्वाद, सजिलो अफ्ठ्यारो, उस्तै वा फरक कस्तो हुन्छ छलफल गर्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- औषधि हुने पाँचवटा बिरुवाको नाम थाहा पाएको
- पाँचवटा बोटबिरुवा र रोगको जोडा मिलाउन सकेको
- कम्तीमा घरमै भएको वा बनाइने एउटा औषधिको नाम र प्रयोग भन्न सकेको
- औषधि पसलमा किन्न पाइने डाक्टरी औषधि र सामान्य झार वा घरमै पकाइने औषधिबीच समानता र भिन्नता भन्नसकेको

च) परियोजना कार्य

घर परिवारका सदस्यहरू बुबा, आमा, हजुरबा, हजुरआमा वा छिमेकमा कसैलाई सोधेर आफुले प्रयोग गर्ने गरेको घरेलु जडिबुटीहरूको नाम र कामको सूची वनाउन लगाउने ।

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ४ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना ३.

| | |
|---|---|
| **कक्षा ४** | **पाठ : २. हाम्रो दैनिक जीवन** |
| **विषयवस्तु : कृषि र पशुपालन** | **कार्यघण्टा : ५** |

क) सिकाइ उपलब्धि :

- मौसमअनुसार रोपिने र थन्क्याउने बाली बिरुवा चिन्न सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण : ऋतु अनुसारका खेती

ग) सम्भावित सिकाइ सामग्रीहरू : विद्यालयको वा नजिकको खेतबारी, रोप्नको लागि बिरूवा, बिरूवाको कटिङ, बीउ, जैविक मल

घ) सम्भावित सिकाइ क्रियाकलाप

- खेतबारीमा अवलोकन गराउने, घरघरमा के के रोपेको छ साथीसँग सोधेर भन्ने, बिरुवा रोप्ने ठाउँ तयार गर्न लगाउने ।
- यो पाठ पढाइ हुने दिनमा फलिरहेका बाली अवलोकन गराउन लग्ने । कहिले रोपेको होला छलफल गर्ने ।
- समूह बनाई हिउँदे र वर्षे मौसमा लगाइने बालीको सूची बनाई नाम भन्न लगाउने ।
- घरबाट यतिबेला रोप्न सकिने तीनवटा बीउ वा सर्ने हो भने बिरुवा वा कटिङ ल्याउन लगाउने । फूलबारीमा बीउ रोप्नेका लागि फूलको पनि बीउ, मल, औजार घरबाट ल्याउन लगाउने ।
- समूह बनाई रोपेका फूल र अन्नहरूका नामहरू लेख्न लगाउने ।
- आफूलाई मन परेको फूल, बोट वा पातको चित्र बनाई रङ भर्न दिने ।

ङ) सिकाइ मूल्याङ्कन

- हरेक मौसममा फल्ने तीन-तीनवटा अन्न, फलफूल र तरकारीको नाम भन्न सकेको,
- बारीमा भएका तीनवटा खान मिल्ने र तीनवटा खान नमिल्ने बोट छुट्याउन सकेको,
- हरेक मौसममा फल्ने एक-एक अन्न, फलफूल र तरकारीका जैविक आवश्यकता भन्न सकेको । जस्तै : धानलाई धेरै पानी चाहिन्छ, बर्खामा धेरै पानी पर्छ ।
- कमसेकम दुईवटा दुई ऋतुका खेत वा बारी वा कुनै बालीको चित्र बनाउन कोसिस गरेको

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना ४.

| | |
|---|---|
| **कक्षा ४** | **पाठ ः २. हाम्रो दैनिक जीवन** |
| **विषयवस्तु ः कृषि र पशुपालन बाहेकका समसामयिक र व्यावसायिक पेसा** | **कार्यघण्टा ः** |

क) सिकाइ उपलब्धि ः

- छिमेक तथा नजिकको बजारमा र विभिन्न कामले आफुलाई

ख) विषयवस्तुको विस्तृतीकरण ः छिमेक तथा नजिकको बजारमा विभिन्न पेशावालले दिने योगदन ।

ग) सम्भावित सिकाइ सामग्रीहरू ः वरपर रहेका पेसा तथा व्यवसायको सूची

घ) सम्भावित सिकाइ क्रियाकलाप

- छिमेकमा र नजिकका बजारमा (कृषि बाहेक) के कस्ता पेसा गर्ने व्यक्तिहरू हुन्छन् (कम्तीमा पाँचवटाको सूची बनाउन लगाउने । ती कामले आफूलाई वा समाजलाई के कस्तो सेवा सुविधा दिएका छन् तालिकामा मिलाएर लेख्न लगाउने र कक्षामा प्रस्तुत गराउने ।
- ती काम नभएको भए हाम्रो जीवन कसरी फरक हुन्थ्यो होला भन्नेबारे छलफल गर्ने ।
- कुनै समूह विशेषले लिएका पेसा रहेछन् भने किन त्यस्तो गरिएको होला ? ती पेसा हराउँदैछन् वा हराए के हुन्छ छलफल गर्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- छिमेकमा र नजिकका बजारमा कृषि बाहेकका पेसाहरू चिन्न र भन्न सकेको,
- नजिकको बजारमा आफूले पाउने सेवा सुविधाबारे भन्न सकेको,
- विभिन्न कामले आफूलाई तथा समाजमा दिने सेवा सुविधा पहिचान गर्न सकेको,
- ती पेसामध्ये आफूलाई कुन पेसा किन मन पऱ्यो दुईवटा कारण भन्न सकेको

नोट ः शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ४ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना ५.

**कक्षा ४** **पाठ : २. हाम्रो समुदाय**

**विषयवस्तु : वरपरको भौगोलिक तथा सामाजिक वातावरण** **कार्यघण्टा : ७**

क) सिकाइ उपलब्धि :

- आफू वरपर रहेका सेवा प्रदायक संस्थाहरूको नाम, मूल काम र ठेगानाबारे परिचित हुने र सम्भव भएसम्म प्रत्यक्ष हेर्ने
- आपत्मा परेका बेला सहयोग गर्ने संस्थाहरू चिन्ने,
- संस्थाको अनुपस्थितिमा गाउँघरतिर आपसमा के कसरी सहयोग गरिन्छ र गर्न सकिन्छ भन्न सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण :

- वरपर सक्रिय रहेका सेवाप्रदायक संस्था र आपत्मा परेका बेला सहयोग गर्ने संस्था तथा गुम्बा,मन्दिर, चर्च र तिनले गर्ने काम,
- गाउँघरमा आपसमा गरिने गैरमौद्रिक (पैसा संलग्न नहुने लेनदेन)

ग) सम्भावित सिकाइ सामग्रीहरू : समुदायमा हुने पर्मका कामको सूची, आकस्मिक फोन नम्बरको सूची, नजिकका सेवाप्रदायक संस्थाका प्रतिनिधि

घ) सम्भावित सिकाइ क्रियाकलाप

- गाउँघरमा आफूले नभ्याएको काम कसरी गर्छन् घर तथा छरछिमेकमा सोधेर पत्ता लगाउन लगाउने ।
- विद्यार्थीका घरको तर्फबाट कसलाई कस्तो सहयोग गरियो घरमा सोधेर टिप्ने र कक्षामा प्रस्तुति गर्न लगाउने ।
- नजिकमा के कस्ता सेवाप्रदायक संस्था छन् सोध्ने र सकेसम्म विद्यार्थीबाटै उत्तर पाउन खोज्ने ।
- नजिकका सेवाप्रदायक संस्थामा अवलोकनको लागि लाने र/वा त्यहाँको प्रतिनिधिलाई पनि कक्षामा बोलाउने । अवलोकनमा जाँदा वा प्रतिनिधिलाई बोलाउँदा विद्यार्थीलाई प्रश्न गर्न प्रोत्साहन गर्ने र अन्त्यमा आफूले बुझेका कुरा लेख्न वा कक्षामा भन्न लगाउने ।
- आपत्मा परेका बेला सहयोग गर्ने संस्थालाई गुहार्न र तिनका काम राम्ररी बुझाउन विद्यार्थीलाई अभिनयात्मक क्रियाकलाप अथवा लघुनाटक पनि गराउन सकिन्छ ।

ङ) सिकाइ मूल्याङ्कन

- आफ्नो गाउँघरमा कसरी सरसहयोग गरिन्छ र आफू अहिले नै वा ठूलो भएपछि के गर्न सक्छु भन्न सकेको,
- सहयोगी घरपरिवारले गाउँघरमा गरेका सहयोगका उदाहरण दिन सकेको,
- आपत्का बेलामा नआत्तिइकन सहयोग गर्ने संस्थालाई बोलाउन सक्ने अभिनयात्मक रूपमा प्रदर्शन गर्न सकेको,
- आपतकालीन स्थितिमा सम्पर्क गर्नुपर्ने मुख्य फोन नम्बरहरू खोज्न सकेको

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ७ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना ६.

| | |
|---|---|
| **कक्षा ४** | **पाठ : २. हाम्रो समुदाय** |
| **विषयवस्तु : स्थानीय रेकर्ड बुक** | **कार्यघण्टा : ४** |

क) सिकाइ उपलब्धि :

- पालिकाका विद्यालयसँग सम्बन्धित विवरणबारे परिचित हुन

ख) विषयवस्तुको विस्तृतीकरण : विद्यालय रेकर्ड बुक

ग) सम्भावित सिकाइ सामग्रीहरू : पालिकाका विद्यालयका विवरण

घ) सम्भावित सिकाइ क्रियाकलाप

- पालिकाका विद्यालयसँग सम्बन्धित प्रमाणित भएका विवरण सङ्कलन गरेर सबैभन्दा धेरै विद्यार्थी भएको विद्यालय, सबैभन्दा धेरै शिक्षक भएको विद्यालय, सबैभन्दा पुरानो विद्यालय आदि जस्ता विवरण याद गर्न दिने र विद्यार्थीबीच प्रतियोगिता गर्ने ।
- यस्ता विवरणबारे छलफल गर्ने । उदा. कुनै विद्यालयमा सबैभन्दा धेरै विद्यार्थी किन भएका होलान् ? सबैभन्दा पुरानो विद्यालय कति सालमा बनेको वा पहिला बन्दा कस्तो थियो होला ? यस्तै अरू प्रश्नहरू ।

ङ) सिकाइ मूल्याङ्कन

- पालिकाका विद्यालयसँग सम्बन्धित कम्तीमा निम्न विवरण भन्न सकेको : सबैभन्दा धेरै विद्यार्थी भएको, सबैभन्दा धेरै शिक्षक भएको र सबैभन्दा पुरानो विद्यालय,
- पालिकाका विद्यालयसँग सम्बन्धित कम्तीमा निम्न भौतिक विवरण भन्न सकेको : सबैभन्दा ठूलो मैदान भएको, सबैभन्दा ठूलो र धेरै भवन भएको विद्यालय,
- माथिका रेकर्डको कारण भन्न वा अन्दाज गर्न सकेको,
- पालिकाका विद्यालयसँग सम्बन्धित विवरणबारे छलफलमा सक्रियता देखाएको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ४ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना ७.

| | |
|---|---|
| **कक्षा ४** | **पाठ : २. हाम्रो समुदाय** |
| **विषयवस्तु : चाखलाग्दा भौगोलिक ठाउँ** | **कार्यघण्टा : ६** |

क) सिकाइ उपलब्धि :

- अलिपरको सबभन्दा नजिकको महत्वपूर्ण भौगोलिक स्थानको विवरण, महत्व दिनुका आधारहरू पहिचान गर्ने,
- आफ्नो वडाको भ्रमण गर्न सक्ने,
- आफू रहेको ठाउँबाट दिशा बताउन सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण : वडाभित्र वा अलिपरका भौगोलिक स्थानका विशेषता, ती ठाउँ र मानिसको सम्बन्ध, ती ठाउँसम्बन्धी लोकगाथाहरू

ग) सम्भावित सिकाइ सामग्रीहरू : भ्रमणका लागि स्थान, भौगोलिक स्थान सम्बन्धित विवरण र किंवदन्ती

घ) सम्भावित सिकाइ क्रियाकलाप

- सकेसम्म वडाभित्रका अलि परतिरका विशेष भौगोलिक ठाउँहरू थाहा भए/नभएको कुरा विद्यार्थीलाई सोधेर पत्ता लगाउने । समय मिलाएर विद्यार्थीलाई वडाबाहिर परे पनि अलि पर पर्ने स्थानमा भ्रमणका लागि लग्ने । त्यहाँका थाहा भए/नभएका कुरा विद्यार्थीलाई सोधेर पत्ता लगाउने । सकेसम्म विद्यार्थी आफैंले भनुन्, पछि शिक्षकले थप्ने ।
- जाँदा र आउँदा पनि बाटोमा सकेसम्म दोबाटो आयो भने, यहाँबाट अब दाहिने कि देब्रे कता जाने होला ? अब हामी पूर्व जाँदैछौं कि दक्षिण ? यहाँबाट हिँड्दै गए कहाँ पुगिन्छ ? जस्ता प्रश्नहरू सोध्ने, भनिदिने ।
- त्यहाँको विवरण टिपेर कक्षा २ र ३ मा गरेजस्तै तर थप विवरण तथा विस्तृत हुँदै परियोजनात्मक क्रियाकलाप गर्ने । उदा. अग्लो डाँडा हो भने त्यहाँबाट विभिन्न दिशातर्फ देखिने ठाउँहरूको नाम, अर्को जिल्ला देखिन्छ भने उक्त जिल्ला तथा ठाउँ, यस ठाउँबाट आफ्नो घर, विद्यालय वा देखिएका केही खास ठाउँ पुग्न कति समय लाग्छ, कसरी पुग्न सकिन्छ र बाटो कस्तो छ (गाडी कुद्ने कालोपत्रे, मौसमी बाटो, धुले बाटो, ग्राभल वा गोरेटो हो भने हिँडेर, नदी हो भने तर्न ट्युब वा डुङ्गा) आदि जस्ता विवरण थप्न सकिन्छ ।
- विद्यार्थीहरूलाई आफू बस्ने ठाउँसँग सम्बन्धित कथा घरमा सोधेर आउन र कक्षामा भन्न लगाउने । विद्यार्थीलाई समूहमा छुट्याएर पहिला गएकै ठाउँमा वा विद्यालयमा बोलाउने र सबभन्दा नजिककासँग सम्बन्धित किंवदन्तीहरू खोजेर सुनाउन लगाउने । नभए कथा बनाउन लगाउने ।

ङ) सिकाइ मूल्याङ्कन

- आफ्नो वरपर भएका चाखलाग्दा भौगोलिक ठाउँ जान मिल्ने भए जान सक्ने वा दुई ठाउँ कसरी जाने बताउन सकेको,
- पहिला गएका नजिकका ठाउँहरू र यी अलि परका ठाउँहरूको दुई-दुईवटा समानता तथा भिन्नता पहिचान गर्न सकेको,
- सम्बन्धित ठाउँको प्रयोग र भएमा लोकगाथा भन्न सकेको नभएका खण्डमा बनाउन सकेको,
- गएका ठाउँबाट देखिने कमसेकम दुई ठाउँहरूको पहिचान गर्न सकेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ६ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना ८.

| | |
|---|---|
| **कक्षा ४** | **पाठ : २. हाम्रो समुदाय** |
| **विषयवस्तु : ऐतिहासिक तथा सांस्कृतिक ठाउँ** | **कार्यघण्टा : ४** |

क) सिकाइ उपलब्धि :

- वडाको सबभन्दा नजिकको महत्वपूर्ण ऐतिहासिक स्थानको विवरण पहिचान गर्ने,
- आफ्नो वडाको महत्वपूर्ण ऐतिहासिक स्थानबारे कथाहरू भन्न सक्ने र सामान्य विवरण दिन सक्ने,

ख) विषयवस्तुको विस्तृतीकरण : वडाका महत्वपूर्ण एतिहासिक स्थानहरू
ग) सम्भावित सिकाइ सामग्रीहरू : ऐतिहासिक स्थानको भ्रमण, त्यहाँका विवरण

घ) सम्भावित सिकाइ क्रियाकलाप

(नोट : चाखलाग्दा भौगोलिक ठाउँ मध्येको ठाउँ नै ऐतिहासिक वा संस्कृतिक ठाउँ पनि हुन सक्छ । यिनको क्रियाकलाप एकीकृत रूपमा गराउन सकिन्छ ।)

- वडाको सबैभन्दा नजिक रहेको महत्वपूर्ण ऐतिहासिक स्थानमा भ्रमणका लागि जाने र त्यहाँ सबैभन्दा सुरुमा देखेका दश कुराहरू टिप्न लगाउने । तीमध्ये एक वस्तुको चित्र बनाउने र त्यसबारे अनुच्छेद लेख्न दिने ।
- त्यस ठाउँमा कहिले के भएको थियो होला कल्पना गर्न लगाउने र सबैको उत्तर सुन्ने, अन्त्यमा स्थानीय वासिन्दा वा शिक्षकले वास्तविक कथा सुनाउने ।
- त्यस ठाउँसँग सम्बन्धित रही एक काल्पनिक परिदृश्य दिएर कथा बनाउन लगाउने । (यो ठाउँमा एउटा परदेशी घुम्दैघुम्दै आयो भने उसले के देख्छ ? सुन्छ ? अनि सोच्छ होला ? उसले कसलाई साथी बनाउँछ होला ?)
- कक्षामा आफ्नो अनुभव र आफूले लेखेको कथा वा अनुच्छेद प्रस्तुत गर्न लगाउने ।

ङ) सिकाइ मूल्याङ्कन

- आफू गएको ठाउँमा भएका वस्तुहरूको आधारमा इतिहास कल्पना गरेर कक्षामा अभिव्यक्त गरेको,
- वडाको सबभन्दा नजिकको महत्वपूर्ण ऐतिहासिक स्थानको विवरण दिन सकेको वा त्यससँग जोडिएको कथा भन्न सकेको,
- त्यस स्थानबारे कथा वा निबन्ध लेखे कक्षामा प्रस्तुत गरेको,
- आफू त्यस्तै ठाउँमा गएर परदेशी भएको कल्पना गर्दै लेख वा विवरण लेखेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ४ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना ९.

| | |
|---|---|
| **कक्षा ४** | **पाठ : २. हाम्रो समुदाय** |

**विषयवस्तु : बागमती गापाको इतिहास - युद्ध इतिहास, सामुदायिक इतिहास र ऐतिहासिक व्यक्तित्व**
**कार्यघण्टा : २**

क) सिकाइ उपलब्धि :

- आफ्नो परिवारको इतिहाससँग परिचित हुने,

ख) विषयवस्तुको विस्तृतीकरण : विद्यार्थीको पारिवारिक इतिहास

ग) सम्भावित सिकाइ सामग्रीहरू : नेपालको नक्सा, पारिवारिक इतिहासको विवरण

घ) सम्भावित सिकाइ क्रियाकलाप

- आफ्नो घरको सबैभन्दा ज्येष्ठ व्यक्तिलाई आफ्नो परिवार कहिलेदेखि हालको गाउँमा बस्न थालेको ? त्योभन्दा अगाडिका पुस्ता कहाँ थिए ? बुबा कहाँबाट र आमा कहाँबाट आउनुभयो ? आदि प्रश्न सोधेर 'मेरो परिवारको इतिहास' विषयमा अनुच्छेद लेख्न लगाउने ।
- विद्यार्थीहरूलाई जोडीमा छुट्याएर एक अर्कालाई इतिहास कति मिल्दोजुल्दो, पुराना ठाउँ कति नजिक वा टाढा, कति थाहा भएको वा नभएको आदि सोध्न दिएर कक्षामा प्रस्तुत गर्न लगाउने ।
- आफ्नो परिवार किन पुरानो ठाउँ छाडेर हालको ठाउँमा बस्न आएको रहेछ घरको सबैभन्दा ज्येष्ठ व्यक्तिलाई सोधेर थाहा नभए कल्पना गरेर भन्न लगाउने ।
- नेपालको एउटा ठूलो नक्सामा सबैले आफ्नो परिवार कुन कुन ठाउँमा बस्दै आए वा छन् ती जिल्ला, पालिकामा चिह्न लगाउन दिने र कक्षाको भित्तामा झुन्ड्याउने ।

ङ) सिकाइ मूल्याङ्कन

- आफ्नो परिवारको इतिहासबारे भन्न सकेको,
- आफ्नो र आफ्ना सहपाठीको परिवारको इतिहाससँग आफ्नो इतिहास दाँजेर समान वा भिन्न अनुभव आफ्नै भाषामा व्यक्त गर्न सकेको,
- आफ्नो परिवार किन पुरानो ठाउँ छाडेर हालको ठाउँमा बस्न आएको रहेछ कुनै कारण भन्न सकेको,
- आफ्नो परिवार पुरानो ठाउँ छाडेर हालको ठाउँमा नआएको भए के हुन्थ्यो होला भनेर कुनै काल्पनिक अवस्था बयान गर्न सकेको

च) परियोजना कार्य

-

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा २ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १०.

| | |
|---|---|
| **कक्षा ४** | **पाठ : ३. हाम्रा वरपरका सजिव** |
| **विषयवस्तु : वन वनस्पति** | **कार्यघण्टा : ५** |

क) सिकाइ उपलब्धि :

- वरपरका वनस्पतिको प्रयोग र फाइदा भन्न सक्ने,
- जडीबुटीका रूपमा प्रयोग गर्ने गरिएका वनस्पति पहिचान गर्ने,

ख) विषयवस्तुको विस्तृतीकरण : वरपरका वनस्पतिको प्रयोग

ग) सम्भावित सिकाइ सामग्रीहरू : वरपरका वनस्पतिको पात, डाँठ, र/वा फूल

घ) सम्भावित सिकाइ क्रियाकलाप

- घर वा विद्यालय वरपर विद्यार्थीले जानेका जति रूख बिरुवाको नाम भन्दै लेख्ने र लेखाउने ।
- ती कुन कहाँ पाइन्छन् (घर वरिपरि, खोला छेउ, वन, खेतबारी) मिलाएर लेख्न लगाउने ।
- तीमध्ये क-कसलाई के के काममा प्रयोग हुन्छ थाहा भएजति भन्न लगाउने, गल्ती भनेमा सच्याइदिने ।
- ती मध्येका वनस्पतिबाट केही सामग्री निर्माण हुन्छ भने त्यस्तो ठाउँमा विद्यार्थीलाई लगेर देखाउने । ती सामग्रीकोचित्र बनाउन लगाउने ।
- घर वरपर नै पाइने वनस्पति मध्येको कुनै एक औषधीय गुण भएको साधारण वनस्पति (निम, आयोडिन झार, लज्जावती झार आदि) बारे परिचय दिने र त्यो कस्तो हुन्छ विद्यार्थीलाई विद्यालयमा देखाउन ल्याउन लगाउने

ङ) सिकाइ मूल्याङ्कन

- घर वा विद्यालय वरपरका कम्तीमा दशवटा रूख बिरुवाको नाम लेख्न जानेको,
- घर वरिपरि, खोला छेउ, वन, खेतबारी हरेक ठाउँमा पाइने कम्तीमा तीन-तीन बिरुवाको नाम भन्न लेख्न सकेको,
- घर वरपर पाइने वनस्पतिबाट के के बन्दो रहेछ कम्तीमा पाँचवटा कुरा भन्न सकेको,
- जडीबुटीको रूपमा प्रयोग गरिने कम्तीमा एउटा वनस्पति चिनेको र त्यसको पहिचान गर्न सकेको

च) परियोजना कार्य

-

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ३ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना ११.

| | |
|---|---|
| **कक्षा ४** | **पाठ : ४. हाम्रा वरपरका सजीव** |
| **विषयवस्तु : जीवजन्तु र चराचुरूङ्गी** | **कार्यघण्टा : ५** |

क) सिकाइ उपलब्धि :

- जङ्गली जीवजन्तुको विविधता र तिनको पहिचान गर्ने,
- गाउँघरतिर पाइने जीवजन्तु र चराचुरुङ्गीका विशेष अङ्ग तथा विशेष परिस्थितिबारे भन्न सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण : गाउँघरतिर पाईने जीवजन्तु र तिनका विशेषता

ग) सम्भावित सिकाइ सामग्रीहरू : कीरा, चरा वा तिनका चित्र अथवा भिडियो

घ) सम्भावित सिकाइ क्रियाकलाप

- घर वा विद्यालय वरपर विद्यार्थीले जानेका जति जीवजन्तु र चराचुरुङ्गीको नाम भन्दै लेख्ने र लेखाउने ।
- ती कुन कहाँ पाइन्छन् (घर वरिपरि, खोला छेउ, वन, खेतबारी) मिलाएर लेख्न लगाउने ।
- दुई फरक चरा वा चराको चित्र अथवा भिडियो देखाएर ती दुईबीचमा देखिने, सुनिने र सम्भव भएसम्म छुँदाखेरिको समानता र भिन्नता टिप्न लगाउने र कक्षामा प्रस्तुत गर्न दिने । यस्तै प्रक्रिया दुई कीरा वा जनावरमा पनि गराउने ।
- विद्यार्थीहरूलाई आफूलाई मन पर्ने गाउँघर नजिकै पाइने कुनै एक जीवजन्तुबारे निबन्ध लेख्न दिने । ( यदि धेरै जनाको उस्तै जीव हुन्छ भने चिट्ठा गरेर दिन पनि सकिन्छ ।) निबन्ध लेख्दा पाँच ज्ञानेन्द्रियको विवरणसहित आफुलाई किन उक्त जनावर मन पर्छ वा कुनै कुरा चाहिँ मन पर्दैन भन्नेबारे लेख्न दिने ।
- गाउँघरतिर पाइने जीवजन्तुको विशेष अङ्ग वा विशेषता झल्किने गरी चित्र बनाउन लगाउने ।

ङ) सिकाइ मूल्याङ्कन

- घर वा विद्यालय वरपरका कम्तीमा पाँचवटा जीवजन्तु र चराचुरुङ्गीको नाम लेख्न जानेको,
- घर वरिपरि, खोला छेउ, वन, खेतबारी हरेक ठाउँमा पाइने कम्तीमा दुई-दुई जीवजन्तु र चराचुरुङ्गीको नाम भन्न, लेख्न सकेको वा कुनै पनि दुई जीवजन्तु बीचका देखिने र सुनिने समानता तथा भिन्नता प्रस्तुत गर्न सकेको,
- आफ्नो गाउँमा पाइने जीवजन्तुको विशेषता भन्न सकेको वा कुनै एक जीवजन्तुको शाब्दिक रूपमा वर्णन गर्न सकेको,
- जीवजन्तुको विशेष अङ्ग वा विशेषता चित्रमार्फत देखाउन प्रयत्न गरेको

च) परियोजना कार्य

-

> नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ३ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १२.

| | |
|---|---|
| **कक्षा ४** | **पाठ ः ४. हाम्रा वरपरका सजीव** |
| **विषयवस्तु ः विषालु जीवजन्तु** | **कार्यघण्टा ः ५** |

क) सिकाइ उपलब्धि ः

- बिच्छी र खजुरोजस्ता विषालु जीवले डस्दा वा टोक्दा मान्छेलाई हुने असरबारे परिचित हुने,
- विषालु जीवसँग सावधानी अपनाउने

ख) विषयवस्तुको विस्तृतीकरण ः विषालु जीवले टोक्दा के हुन्छ ?

ग) सम्भावित सिकाइ सामग्रीहरू ः विषालु जीव र तिनका टोकाइको असरका चित्र वा मोडल ।

घ) सम्भावित सिकाइ क्रियाकलाप

- बिच्छी र खजुरो क-कसले देखेको वा सुनेको छ र तिनबारे किन जान्नुपर्छ ? भन्ने प्रश्न गरेर छलफल गर्ने ।
- बिच्छी र खजुरोले कस्तो बेलामा टोक्छ र त्यसको टोकाइबाट हाम्रो शरीरमा कस्तो असर पर्छ भन्नेबारे कक्षामा छलफल गर्ने र जानकारी दिने । यस्ता विषालु जीवको टोकाइ भोगेका कसैलाई चिनेको छ कि भनेर सोध्ने (दुईदेखि तीन जना व्यक्तिलाई आफ्ना अनुभव सुनाउन र विद्यार्थीको जिज्ञासा मेट्न कक्षामा बोलाउन सकिन्छ ।)
- विषालु जीवलाई चलायो वा जिस्क्यायो भने के के हुन सक्छ भन्नेबारे छलफल गर्ने ।
- प्रायः हामीले टेकेर वा अरू तरिकाले आत्मरक्षा गर्न मात्र यस्ता जीवले आफ्नो आहारा नहुने मान्छे वा अन्य जनावरलाई डस्छन् वा टोक्छन् भन्ने जानकारी दिने ।

ङ) सिकाइ मूल्याङ्कन

- बिच्छी र खजुरो चिन्ने र त्यसका सम्भावित वासस्थान थाहा पाएको,
- यी दुई विषालु जीवले टोकेपछि शरीरमा हुने असरबारे भन्न सकेको,
- यी दुई विषालु जीवबाट बच्ने कम्तीमा दुई उपाय भन्न सकेको,
- बिच्छी र खजुरोको चित्र बनाउन जानेको

च) परियोजना कार्य

नोट ः शिक्षक साथीहरू यि नमूना क्रियाकलाप मात्र हुन । तपाईहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेष गरी कार्य घण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रीत क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १३.

| | |
|---|---|
| **कक्षा ४** | **पाठ : ४. हाम्रो वातावरण** |
| **विषयवस्तु : प्रकोप - प्राकृतिक प्रकोप र मानवजन्य प्रकोप** | **कार्यघण्टा : ५** |

क) सिकाइ उपलब्धि :

- हावाहुरीका सम्भाव्यता र असर पहिचान गर्ने

ख) विषयवस्तुको विस्तृतीकरण : हावाहुरीका सम्भावना र असर

ग) सम्भावित सिकाइ सामग्रीहरू : मौसमको तालिका, हुरीबतास र आँधीले स्थानीयस्तरमा पारेका असरका चित्र तथा विवरण

घ) सम्भावित सिकाइ क्रियाकलाप

- हावाहुरी, आँधीबेरी कुन महिना वा मौसममा आउँछ ? र यसलाई पूर्वानुमान गर्ने परम्परागत तरिका छ कि ? आफ्नो घरका ज्येष्ठ सदस्यलाई सोधेर आउन लगाउने ।
- हावाहुरी वा आँधीले के (क्षति) गर्छ र त्यसबाट बच्न के गर्नुपर्छ होला ? भन्ने प्रश्न गर्दै विद्यार्थीबाट उत्तर लिन खोज्ने । क्षतिबाट बच्न वा सावधानी (रूख, बिजुलीका तार, खम्बा, असुरक्षित जस्ता आदिबाट सचेत रहने अपनाउन के गर्न सकिन्छ ? भन्ने प्रश्न गर्ने र जानकारी दिने ।
- परिवारका ज्येष्ठ सदस्यलाई हावाहुरी आँधीबेरीका आउने कारण सोधेर आउन लगाउने र कक्षामा छलफल गर्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- हुरीबतास आउने महिना र मौसम भन्न सकेको,
- आँधीहुरीले गर्न सक्ने क्षतिबारे आफ्नो बुझाइ प्रस्तुत गर्न सकेको,
- हुरीबतास र आँधीबाट बच्ने उपायहरू भन्न सकेको,
- हावाहुरी आँधीबेरीले असर पारेको कुनै जीव वा घरपरिवारको एउटा परम्परागत वा बनाएको एउटा कथा भन्न सक्ने,

च) परियोजना कार्य

-

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १४.

| | |
|---|---|
| **कक्षा ४** | **पाठ ः ४. हाम्रो वातावरण** |
| **विषयवस्तु ः सरुवा रोग - पानीजन्य, हावाजन्य, जनावरको टोकाइ, नयाँ भाइरस** | **कार्यघण्टा ः ६** |

क) सिकाइ उपलब्धि ः

- आफ्नो गाउँमा पाँच वर्षभित्र लागेका सरुवा रोग, तिनका कारण र बच्ने उपाय पहिचान गर्ने

ख) विषयवस्तुको विस्तृतीकरण ः पछिल्लो पाँच वर्षमा गाउँमा लागेका सरूवा रोग, तिनका कारण र बच्ने उपाय

ग) सम्भावित सिकाइ सामग्रीहरू ः समुदाय भ्रमण, सरूवा रोग झल्काउने चित्र

घ) सम्भावित सिकाइ क्रियाकलाप

- विद्यार्थीलाई आफ्नो घर ठेगानाका आधारमा समूहमा बाँड्ने । ती समूहलाई वरपरका छिमेकका कम्तीमा पाँच घर गई त्यहाँका परिवारका सदस्यलाई एक वर्षभित्रमा के कस्ता सरुवा रोग लागेका छन् ? केका माध्यमबाट सरेका होलान् ? तीबाट बच्न के गर्नुपर्ला ? आदि जस्ता प्रश्न सोध्न र कक्षामा प्रस्तुत गर्न लगाउने ।
- प्रस्तुतिपछि छलफल गर्ने । छलफलमा विभिन्न समूहका विवरणबीच समानता र भिन्नता पहिचान गर्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- घरगाउँमा गई थाहा भएका रोगहरूको सूची बनाएको,
- रोगहरूमध्ये कुन सरुवा हो र किन भन्न सकेको,
- कक्षामा भनिएका रोगहरूको कारण र बच्ने तरिका भन्न सकेको,
- परियोजनात्मक कार्य र छलफलमा सक्रियता देखाएको

च) परियोजना कार्य

-

> नोट ः शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ६ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १५.

| | |
|---|---|
| **कक्षा ४** | **पाठ : ४. हाम्रो वातावरण** |
| **विषयवस्तु : वातावरण विनास तथा संरक्षण** | **कार्यघण्टा : ६** |

क) सिकाइ उपलब्धि :

- प्रकृतिमा उपलब्ध वस्तुहरू कहाँबाट आउँछन् र कहाँ जान्छन् भन्नेबारे भन्न सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण : प्रकृतिमा उपलब्ध वस्तु कहाँवाट आउछन् र कहाँ जान्छन्

ग) सम्भावित सिकाइ सामग्रीहरू : पहिले र अहिलेको वन भूभाग देखिने चित्र

घ) सम्भावित सिकाइ क्रियाकलाप

- नजिकको सकेसम्म घना जङ्गलमा गएर यहाँ उपलब्ध वस्तु कहाँबाट आउँछन् र कहाँ जान्छन् ? भनेर प्रश्न गर्ने । विद्यार्थीले दिएको उत्तर कति मिल्छ, नमिले सच्याएर हरेक वस्तुको उर्जाको स्रोत सूर्य (ताप र उज्यालो भएको र पानी र हावाका साथमा प्रकृतिले सबै चीज पुनर्प्रयोग गर्ने कुरा बताउने ।
- खेती र जङ्गलमा के फरक छ भने सोध्ने र छलफल गर्ने ।
- मानिसको घर र प्रकृतिमा के फरक छ भनेर छलफल गर्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- जीवनको मूल स्रोत सौर्य उर्जा कसरी भनेर बताउन सकेको,
- प्रकृतिबाट आएको वस्तु प्रकृतिमै जान्छ भन्नेबारे आफ्नै बुझाइअनुसार भन्न सकेको,
- सामान पुनर्प्रयोगको दृष्टिले खेती र जङ्गलको एक-एक फरक र समानता भन्न सकेको,
- प्रकृतिबाट आएको वस्तु प्रकृतिमै गएन भने के होला भनेर कल्पनाशील उत्तर दिएको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ६ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १६.

| | |
|---|---|
| **कक्षा ४** | **पाठ ः ५. मेरो सिर्जना** |
| **विषयवस्तु ः हस्तकला, परम्परागत सीप र धार्मिक सीप** | **कार्यघण्टा ः ६** |

क) सिकाइ उपलब्धि ः

- गाउँघरमा बनाइने धातुले बनेका वस्तुको पहिचान गर्ने,
- कुन धातुले कस्ता सामग्री बनाइन्छ भन्ने सामान्य जानकारी दिन सक्ने,

ख) विषयवस्तुको विस्तृतीकरण ः धातुवाट वनेका जीवन उपयोगी घरायसी सामग्रीहरू

ग) सम्भावित सिकाइ सामग्रीहरू ः धातुवाट बनेका सामानहरू वा चित्र

घ) सम्भावित सिकाइ क्रियाकलाप

- घरमा धातुबाट बनेका (फलाम, पित्तल, काँस, चाँदी, सुन आदि) सामान के के छन् अवलोकन गरेर वा घरका ठूलाबडालाई सोधेर सूची बनाएर ल्याउन लगाउने । कुन-कुन धातुबाट गाउँघरतिर के कस्ता सामग्री बनाउने गरिएको छ, घरछिमेकमा सोधेर, सूची बनाएर र चित्र बनाएर प्रस्तुत गर्न लगाउने । ती सामान कसले कसरी बनाउँछन् भन्नेबारे छलफल गर्ने । अभिभावक स्रोत व्यक्ति बोलाएर काम देखाउने वा आफ्नो अनुभव सुनाउने सत्र राख्ने र प्रश्नोत्तरलाई प्रोत्साहन गर्ने ।
- गाउँघरतिर विभिन्न खालका धातुबाट सामग्री बनाउने ठाउँमा लगेर देखाउने, यो सम्भव नभए भिडियो देखाएर सामग्री चिनाउने ।
- धातुबाट बनेका सामग्रीको विशेषताबारे छलफल गर्ने । यिनका बलिया तथा कमजोर पक्ष सकेसम्म विद्यार्थीलाई नै जवाफ दिन लगाउने ।

ङ) सिकाइ मूल्याङ्कन

- धातुबाट बनाएका गाउँघरतिर पाइने सामग्रीको सूची तयार पारेको,
- प्रश्नोत्तर सत्रमा आफ्नो कमसेकम एक जिज्ञासा राख्न सकेको,
- घरतिर पाइने कम्तीमा तीन सामग्री कुन धातुबाट बनाइन्छ भन्न सकेको,
- धातुबाट बनाएका गाउँघरतिर पाइने सामग्रीका बलिया तथा कमजोर पक्ष भन्न सकेको,

च) परियोजना कार्य

- घरमा धातुले बनेका सामानहरू केके छन् ? अवलोकन गरेर वा घरमा अभिभावकलाई सोधेर आउन लगाउने । तिनको चित्र बनाउन लगाउने वा सम्भव भए धातुवाटै बनाउन कोसिस गराउने ।

नोट ः शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ६ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १७.

| | |
|---|---|
| **कक्षा ४** | **पाठ : ५. मेरो सिर्जना** |
| **विषयवस्तु : लोक कला तथा साहित्य** | **कार्यघण्टा : ८** |

क) सिकाइ उपलब्धि :

- सजिला गाउँखाने कथा सुन्ने र भन्ने,
- वरपरका ठाउँ, परिचित व्यक्ति, चिनिने फल, रूख इत्यादिलाई रोचक ढङ्गमा चिनाउन सक्ने,

ख) विषयवस्तुको विस्तृतीकरण : आफ्नै गाउँ खाने कथाहरू

ग) सम्भावित सिकाइ सामग्रीहरू : घर तथा विद्यालय वरपर पाइने वस्तुको सूची र तिनका उखानमा उदाहरण

घ) सम्भावित सिकाइ क्रियाकलाप

- विद्यार्थीले जानेका गाउँखाने कथाहरू एक अर्कालाई सोधेर कक्षामा रमाइलो गर्ने ।
- आफ्नो घर तथा विद्यालय वरपरका वस्तु वा अवस्था बुझाउन कम्तीमा पाँचवटा गाउँखाने कथा बनाउन लगाउने (जस्तै : "हिँड्दैछ पाइला मेट्दैछ के हो ?" भन्ने गाउँखाने कथा डुङ्गालाई हेरेर आएको हो भने, आफ्नो घरमा भएको साइकललाई बुझाउन "दुई खुट्टाले पालैपिलो थिच्दाखेरि चल्छ, हातले कान समात्दाखेरि झ्याप्पै अडिन्छ के हो ?" जस्ता गाउँखाने कथा आफैं बनाउन सक्छन् । प्रत्येक विद्यार्थीलाई कम्तीमा एउटा वस्तु बुझाउन घरमा सोचेर ल्याउन लगाउने र अर्को एउटा चाहिँ कक्षामा बनाउन दिने ।

ङ) सिकाइ मूल्याङ्कन

- आफ्नो वरपरको दुईवटा वस्तु तथा अवस्था व्यक्त गर्न गाउँखाने कथा प्रयोग गर्न सकेको,
- सजिला दुई गाउँखाने कथा उत्तर दिन प्रयत्न गरेको

च) परियोजना कार्य

-

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ८ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १८.

| | |
|---|---|
| **कक्षा ४** | **पाठ ः ६. हाम्रो संस्कृति** |
| **विषयवस्तु ः चालचलन र चाडपर्वहरू** | **कार्यघण्टा ः ५** |

क) सिकाइ उपलब्धि ः

- घर र छरछिमेकमा गरिने कामहरूबारे भन्न सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण ः घर छिमेकमा कसकसले केके काम गर्छन्

ग) सम्भावित सिकाइ सामग्रीहरू ः सेरोफेरोको अवलोकन, घरको समय तालिकाको नमूना

घ) सम्भावित सिकाइ क्रियाकलाप

- आमाले वा घर सम्हाल्ने परिवारको व्यक्तिले बिहानै उठेर सबभन्दा पहिला के काम गरेको देखेका छौ ? भनेर ३ -५ जना विद्यार्थीलाई पालैपालो सोध्ने 'अनि त्यसपछि ?' भन्दै सकेसम्म पर पुऱ्याउने ।
- यति बेला बाहिर को के गर्दैछ भनेर समूह बनाई हेर्न पठाउने वा बाहिर ठाउँअनुसार हेर्न लैजाने र सूची बनाउन लगाएर कक्षामा प्रस्तुत गर्न दिने ।
- घरको समय तालिका बनाएर जोडीमा तुलना गर्न लगाउने ।
- जोडीमा शनिबारको दिन एक अर्काको तालिका बनाएर तुलना गर्ने र कारण छलफल गर्न लगाउने ।
- अघिल्लो दिनको दैनिकी लेखेर ल्याउन लगाउने र जोडीमा एक अर्कालाई सोध्न लगाउने । फरक वा समान भएमा/आएमा त्यसको कारण बताउन लगाउने ।

ङ) सिकाइ मूल्याङ्कन

- आफ्नो बितेको दिनको दैनिकी बताउन सकेको,
- आफ्नो आउने दिनको दैनिकी बताउन सकेको,
- गाउँघरको सामान्य दैनिकी भन्न सकेको दुई व्यक्तिबीचको दैनिकीमा भएको फरकको कारण अनुमान गर्न सकेको

च) परियोजना कार्य

-

नोट ः शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १९.

| | |
|---|---|
| **कक्षा ४** | **पाठ : ६. हाम्रो संस्कृति** |
| **विषयवस्तु : परम्परागत खानपिन, स्थानीय परिकार र अल्पपोषण भएका खानेकुरा** | **कार्यघण्टा : ५** |

क) सिकाइ उपलब्धि :

- मौसमअनुसारको खाना र अल्पपोषण भएका खानेकुरा पहिचान गर्ने र फरक छुट्याउन सक्ने,
- स्वस्थकर र सन्तुलित खानाको महत्व बोध तथा प्रयोग गर्ने

ख) विषयवस्तुको विस्तृतीकरण : घरमा आउने स्वस्थकर र सन्तुलित खाना

ग) सम्भावित सिकाइ सामग्रीहरू : स्थानीयस्तरको स्वस्थकर तथा सन्तुलित खाजा र खाना, चित्र वा सूची, वर्गीकरण गर्नको लागि तालिका

घ) सम्भावित सिकाइ क्रियाकलाप

(नोट : स्वास्थ्य शारीरिक तथा सिर्जनात्मक कला विषयको पोषण र खाना पाठसँग एकीकृत गरेर पढाउने- समूह बनाई घरमा र वरपर स्थानीय रूपमा उत्पादन गरिने मौसमे खानाहरूको स्रोत छलफल गरी सूची बनाउने (यो गतिविधि कृषि र पशुपालनको पाठसँगै मिलाएर गराउन सकिन्छ) ।

- गाउँघरतिरै पाइने शून्य वा कम प्रशोधनमा बनेका सामग्रीसहित स्वस्थकर तथा सन्तुलित खाजा र खानाको चित्र वा सूची बनाउन दिने ।
- आफ्नो घरमा बजारबाट खरिद गरिने खानेकुराको सूची बनाउन, वर्गीकरण गर्न (प्याकेज नगरिएको स्थानीय खानेकुरा जस्तै : मकै, कटहर, स्थानीय चामल आदि; खाना बनाउँदा प्रयोग गरिने सामग्री : जस्तै नुन, जीरा, ज्वानो आदि; पकाएर वा नपकाई खान मिल्ने फलफूल तरकारी र कम प्रशोधनमा बनाइएका सामग्री जस्तै : तामा, मस्यौरा, सुकुटी, चिउरा, तेल, घ्यू आदि; पकाएर वा नपकाई खान मिल्ने कारखाना प्रशोधित खाद्य पदार्थ जस्तै : चाउचाउ, बिस्कुट, चकलेट, क्यान्डी, चिप्स, जुस, सस्, कोकाकोला, डिउ, रिफाइन तेल आदि) नजिकैको खाद्य पसलमा गएर खानाहरूको स्रोतबारे जानकारी लिन र कक्षामा प्रस्तुत गर्न लगाउने; यीमध्ये कुन-कुन सामग्री अल्पपोषण भएका खानेकुरा होलान् ? भनेर सोध्ने र विद्यार्थीबाट उत्तर खोज्ने । अन्त्यमा यसबारे परिचित गराउने ।

ङ) सिकाइ मूल्याङ्कन

- आफ्नो घरमा भएका खाद्य सामग्रीको वर्गीकरण गर्न सकेको,
- स्थानीय रूपमा उत्पादित मौसमे फलफूल तरकारीको पहिचान गर्न सकेको,
- किन अल्पपोषण भएका खानेकुरा भनेको थाहा पाएको र चिन्न सकेको,
- अल्पपोषण भएका खानेकुरा र स्वस्थ खानाका फाइदा वा बेफाइदा भन्न सकेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना २०.

| | |
|---|---|
| **कक्षा ४** | **पाठ : ७. हाम्रो वरपरको संसार** |
| **विषयवस्तु : नदीनाला** | **कार्यघण्टा : ६** |

क) सिकाइ उपलब्धि :

- वरपरका खोलाबारे स्थानीय ज्ञान र विशेषता पहिचान गर्ने
- वडाभित्रका खोलाको विवरण र खोला वरपरका वातावरणबारे जानकारी राख्ने
- जोखिम पनि बुझेर सानो खालको खोलानाला तर्न सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण :

- वडाभित्र वा अलिपरका नदी तथा खोलानालाका विशेषता

- स्थानीय खोलानाला र मानिसको सम्बन्ध र सम्बन्धित लोकगाथाहरू

ग) सम्भावित सिकाइ सामग्रीहरू : नजिकैको खोला भ्रमण, पालिकाका खोलाको विवरण र सम्बन्धित कथा

घ) सम्भावित सिकाइ क्रियाकलाप

- वडाका खोलाबारे थाहा भए/नभएको कुरा विद्यार्थीलाई सोधेर पत्ता लगाउने । सकेसम्म विद्यार्थी आफैंले भनुनु, शिक्षकले थप्ने ।
- समय मिलाएर विद्यार्थीहरूलाई वडाभित्रैको नदी किनारमा भ्रमण वा वनभोजको लागि लग्ने ।
- खोलाबारे कुरा गर्न- यो खोला कसरी तर्ने ? खुट्टाले तर्न सकिन्छ कि सकिँदैन ? यो खोला कुन ठाउँबाट आएको होला ? यो खोला पूर्व जाँदैछ कि दक्षिण ? यहाँबाट यता जाँदा कहाँ पुगिएला ? जस्ता प्रश्नहरू सोध्ने । भनिदिने ।
- त्यहाँको विवरण टिपेर कक्षा २ र ३ मा गरेजस्तै तर थप विवरण तथा विस्तृत हुँदै परियोजनात्मक क्रियाकलाप गर्ने । उदा. पुल छ भने उभिएर त्यहाँबाट विभिन्न दिशातर्फ देखिने ठाउँहरूको नाम, अर्को जिल्ला देखिन्छ भने उक्त जिल्ला तथा ठाउँ, यस ठाउँबाट आफ्नो घर, विद्यालय वा देखिएका केही खास ठाउँ पुग्न कति समय लाग्छ ? कसरी पुग्न सकिन्छ र बाटो कस्तो छ ? आदि जस्ता विवरण थप्न सकिन्छ ।
- खोलामै गएको बेला सोधेर वा स्थानीय विज्ञलाई विद्यालयमा बोलाएर नजिकका खोलासँग सम्बन्धित विभिन्न पक्ष- जस्तै : खोला र जीवनको सम्बन्ध कस्तो छ, सिँचाइ र माछा मार्न कसरी प्रयोग हुन्छ, किंवदन्तीहरू के कस्ता छन् खोज्ने र सुनाउन लगाउने । विद्यार्थीहरूलाई घरमा सोधेर आउने र भन्ने गृहकार्य दिने ।

ङ) सिकाइ मूल्याङ्कन

- आफ्नो वरपरका खोला तर्न सकेको वा खोला तर्दा ध्यान दिनुपर्ने कुरा बताउन सकेको,
- आफू वरपरका अन्य खोलाहरूबीचको समानता तथा भिन्नता पहिचान गर्न सकेको,
- खोलाको प्रयोग र (भएमा) लोकगाथाबारे भन्न सकेको,
- खोलाबाट वा पुल छ भने पुलमाथिबाट कुन-कुन ठाउँ देखिन्छ, खोला कहाँबाट आउँछ, कहाँ जान्छ भन्न सकेको

च) परियोजना कार्य

| |
|---|
| नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ६ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला । |

पाठयोजना २१.

| | |
|---|---|
| **कक्षा ४** | **पाठ ः ८. हाम्रो भाषा** |
| **विषयवस्तु ः भाषा** | **कार्यघण्टा ः ३०** |

क) सिकाइ उपलब्धि ः

- बाध्यात्मक तथा अस्तित्व जनाउने क्रिया 'चाहिन्छ' 'पर्छ' को प्रयोग गर्न सक्ने,
- विद्यालय, समाज तथा संस्कृति, नातागोता, बानी र इन्द्रियका काम सम्बन्धित शब्दहरू प्रयोग गर्ने,
- 'कति' प्रश्न प्रयोग गर्ने,
- स्थानीय भाषामा १ देखि ५० गन्न र ६०, ७०, ८०, ९०, १०० भन्न सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण ः बाध्यात्मक तथा अस्तित्व जनाउने क्रिया, विद्यालय, समाज तथा संस्कृति, नातागोता, बानी र इन्द्रियका काम सम्बन्धित शब्दहरू

ग) सम्भावित सिकाइ सामग्रीहरू ः स्थानीय भाषाका आवश्यक शब्दहरू, बालगीत, कथा, कविता

घ) सम्भावित सिकाइ क्रियाकलाप

- हप्ताको एक दिन आधा घण्टा एउटा भाषा बोल्नलाई छुट्याउने र सकेसम्म तोकिएको भाषामै सबै जना जानेजति बोल्ने तालिका मिलाउने र सिकिरहेका हरेक भाषाको एउटा एउटा गीत वा लयबद्ध रहेको कविता सबैले सँगै गाउने । (सो गीत वा कविताको अर्थ विद्यार्थीलाई थाहा दिने ।)
- स्थानीय वा मातृभाषामा चाहिन्छ, पर्छजस्ता बाध्यात्मक क्रिया प्रयोग गरेर असल विद्यार्थीले गर्नुपर्ने कामको सूची बनाउन दिने । सकेसम्म यी वाक्यमा विद्यालय, समाज तथा संस्कृति, नातागोता, बानी र इन्द्रियका काम सम्बन्धित शब्दहरू प्रयोग गर्न निर्देशन दिने ।
- पसलमा केही बेच्नु वा किन्नु परेको संवाद लेख्न दिने वा शिक्षकले आफैं तयार पारेर 'कति' प्रश्नउत्तर सहितको वाक्य अभ्यास गर्ने ।
- १ देखि ५० सम्मका सङ्ख्या र ६०, ७०, ८०, ९० र १०० अङ्क प्रयोग गर्ने अभ्यास गराउने ।

ङ) सिकाइ मूल्याङ्कन

- मातृभाषा वा स्थानीय भाषामा बाध्यात्मक क्रियाको प्रयोग गर्न सकेको,
- 'कति' प्रश्न गर्न र वाक्य बनाएर उत्तर दिन सकेको,
- स्थानीय भाषा वा मातृभाषामा सूची अथवा संवाद लेख्न सकेको,
- १ देखि ५० सम्म र ६०, ७०, ८०, ९० र १०० गन्न सकेको

च) परियोजना कार्य

नोट ः शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ३० मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

# कक्षा ५

पाठयोजना १.

| | |
|---|---|
| **कक्षा ५** | **पाठ : १. मेरो दैनिक जीवन** |
| **विषयवस्तु : जिविकाको मुख्य आधार** | **कार्यघण्टा : ३** |

क) सिकाइ उपलब्धि :
- आफ्नो वडामा जीविकाका मुख्य आधार र आफ्नो वडामा तिनको अवस्थितिबारे परिचित हुने,
- आफ्नो घर नजिकै भएका किराना पसल वा निश्चित दिनहरूमा लाग्ने हाटबजारका प्रभावबारे भन्न सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण : वडामा जीविकाका मुख्य आधार
ग) सम्भावित सिकाइ सामग्रीहरू : गाउँघरका हाटबजार, किराना पसल, व्यवसाय

घ) सम्भावित सिकाइ क्रियाकलाप

- वडा कार्यालयको भ्रमण गरेको बेला विद्यार्थीलाई प्रतिनिधिलाई वडामा जीविकाका आधार ( खेतीपाती, हाटबजार, निर्माण व्यवसाय, ज्यालामजदुरी, यातायात, जागीर, सेवा व्यवसाय - विद्यालय, होटेल, ग्यारेज आदि जस्ता अन्य) सम्बन्धी प्रश्न सोध्न लगाउने । जीविकाका नाम मात्र नभएर तिनको अवस्थितिबारे पनि परिचित हुन प्रोत्साहन गर्ने ।
- गाउँघरमा र नजिकै कहाँकहाँ कहिलेकहिले हाटबजार लाग्छ, कतिवटा किराना पसल छन् र ती नभए के होला भन्नेबारे सोधेर भन्न लगाउने ।
- कक्षाभित्रै विभिन्न दृष्टिकोण समेट्ने गरी व्यापार गर्ने कि आफैं उब्जाउने ? वा धेरै हाट कि किराना पसल हुनु राम्रो ? जस्ता विषयमा वादविवाद प्रतियोगिता पनि आयोजना गर्न सकिन्छ ।

ङ) सिकाइ मूल्याङ्कन
- आफ्नो वडामा रहेका जनसमुदायको जीविकोपार्जनका विभिन्न पक्षबारे भन्न सकेको,
- घर वरपर भएका पसल र हाटबजारका कम्तीमा तीनवटा प्रभाव प्रस्तुत गर्न सकेको,

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ३ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना २.

| | |
|---|---|
| **कक्षा ५** | **पाठ : १. मेरो दैनिक जीवन** |
| **विषयवस्तु : जडीबुटी तथा गैरकाठ वनपैदावर** | **कार्यघण्टा : ४** |

क) सिकाइ उपलब्धि :

- घरेलु औषधीका श्रोत र यी चिन्ने व्यक्तिहरू पहिचान गर्ने

ख) विषयवस्तुको विस्तृतीकरण : घरेलु औषधीका प्रकारहरू

ग) सम्भावित सिकाइ सामग्रीहरू : स्थानीय विज्ञ, जडीबुटीका औषधीय भाग, वर्गीकरण तालिका

घ) सम्भावित सिकाइ क्रियाकलाप

- घरमा (नभए छरछिमेकमा) के कस्ता (पात, जरा, पिसेर, पकाएर आदि) घरेलु औषधि प्रयोग गरिएका छन् सोधेर, टिपेर, कक्षामा सुनाउन लगाउने । त्यस्ता औषधिबारे घर छिमेकमा क-कसलाई ज्ञान छ कक्षामा बोलाएर तिनीहरूको प्रयोजन, प्रशोधन र प्रभावकारिताबारे बताउन लगाउने ।
- पत्ता लगाएका घरेलु औषधिलाई निम्नअनुसार वर्गीकरण गर्न लगाउने- वनस्पतिअनुसार, रोगअनुसार, प्रशोधनअनुसार ।
- आफूले देखेका घरेलु औषधिको चित्र बनाउन लगाउने ।

ङ) सिकाइ मूल्याङ्कन

- घरगाउँका पाँच घरेलु औषधि चिनेको,
- घरगाउँमा घरेलु औषधि चिन्ने दुई व्यक्तिहरू को छन् भन्न सकेको,
- घरगाउँका तीन घरेलु औषधिको प्रयोग गर्ने तरिका भन्न लेख्न सकेको,
- घरगाउँमा घरेलु औषधिसम्बन्धी सूचना वर्गीकरण गरी राख्ने ढाँचा बनाउन सकेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ। विशेषगरी, कार्यघण्टा ४ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना ३.

| | |
|---|---|
| **कक्षा ५** | **पाठ : २. हाम्रो दैनिक जीवन** |
| **विषयवस्तु : कृषि र पशुपालन** | **कार्यघण्टा : ५** |

क) सिकाइ उपलब्धि :

- घरपालुवा जनावरका गुण, स्वभाव र प्रयोजनबारे परिचित हुने,
- जनावर र खेतीबीचको अन्तर्सम्बन्ध पहिचान गर्ने

ख) विषयवस्तुको विस्तृतीकरण : घरपालुवा जनावरका काम, गुण, स्वभाव, प्रयोजन / जनावर तथा खेतीबीचको अन्तर्सम्बन्ध

ग) सम्भावित सिकाइ सामग्रीहरू : स्थानीय घरपालुवा जनावर, तिनका गोठ/वासस्थान, चित्र वा भिडियो

घ) सम्भावित सिकाइ क्रियाकलाप

- क-कसले घरमा जनावर स्याहार गर्छन् सोध्ने । अनुभव सुनाउन लगाउने र छलफल गर्ने ।
- घरमा जनावरहरूले खुशी हुँदा वा रिसाउँदा के गर्छन् ? के के कसरी खान्छन् ? खाएबापत के के काम गरेको देखेका छौ ? भनेर सोध्ने । भनेका कामहरूको सूची बनाउने (मल छुट्यो भने थप्न लगाउने ।
- आफ्नो घरका जनावरको चित्र बनाउन लगाउने ।
- के कामका लागि कस्ता जनावर बढी उपयोगी हुन्छन्, तिनीहरूले हामीलाई के अप्ठ्यारो पनि पार्छन् र तिनीहरूलाई अरूले के अप्ठ्यारो पार्छन् भन्नेबारे बाआमासँग सोधेर आउन लगाउने ।
- जनावरलाई र जनावरले हानि नगर्न कस्ता सावधानी अपनाउनु पर्ला छलफल गर्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- जनावरले मलसहित दिने मुख्य दुईवटा काम भन्न सकेको,
- जनावरबाट लिनुपर्ने सावधानी भन्न सकेको,
- घरपालुवा जनावर नभए के होला तीनवटा कुरा भन्न लेख्न सकेको,
- जनावरको आधारभूत चित्र बनाएको

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना ४.

**कक्षा ५** **पाठ : २. हाम्रो दैनिक जीवन**

**विषयवस्तु : कृषि र पशुपालन बाहेकका समसामयिक र व्यावसायिक पेसा** **कार्यघण्टा :**

क) सिकाइ उपलब्धि :

- कसैले कुनै निश्चित काम गर्नु पछाडिका सम्भावित कारणहरू, ती काममा चाहिने सीप र काम गर्नेका लागि फाइदा र बेफाइदा पत्ता लगाउने

ख) विषयवस्तुको विस्तृतीकरण : हरेक कामका कारण, फाइदा र बेफाइदा ।

ग) सम्भावित सिकाइ सामग्रीहरू : वरपर रहेका पेसा तथा व्यवसायको सूची

घ) सम्भावित सिकाइ क्रियाकलाप

- प्रत्येक विद्यार्थीलाई पाँच फरक फरक पेसा गर्ने व्यक्तिलाई उनीहरू जुन काम गर्छन् त्यो किन गरेको ? आफूले गरेको कामले आफूलाई के फाइदा र बेफाइदा गरिरहेको छ ? र त्यस्तो काम गर्न के के सीप चाहिन्छ ? आदि जस्ता प्रश्न सोधेर लेख्न लगाउने र कक्षामा प्रस्तुत गराएर छलफल गराउने ।

ङ) सिकाइ मूल्याङ्कन

- कसैले कुनै निश्चित काम गर्नु पछाडिका सम्भावित कारणहरू भन्न सकेको,
- कम्तीमा पाँच कामका लागि चाहिने सीप सूचीकृत गर्न सकेको,
- समुदायमा विभिन्न काम गर्ने मान्छेका लागि कामका फाइदा र बेफाइदा भन्न सकेको,
- आफू ठूलो भएपछि गर्न चाहने कुनै दुईवटा पेसा र कारण दिन सकेको

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ४ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना ५.

| | |
|---|---|
| **कक्षा ५** | **पाठ : २. हाम्रो समुदाय** |
| **विषयवस्तु : वरपरको भौगोलिक तथा सामाजिक वातावरण** | **कार्यघण्टा : ७** |

क) सिकाइ उपलब्धि :

- नजिकैको वडा कार्यालयको ठेगाना, काम, अध्यक्ष र सदस्यहरू पहिचान गर्ने,
- वडाका भौगोलिक अवस्थिति र विशेषताको वर्णन गर्न सक्ने,
- वडाका विद्यालय र तिनीहरूको विवरण भन्न सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण : आफ्नो क्षेत्रको वडाको विवरण

ग) सम्भावित सिकाइ सामग्रीहरू : वडा कार्यालयका फाँट, वडाको भौगोलिक अवस्थिति र विशेषताको विवरण

घ) सम्भावित सिकाइ क्रियाकलाप

- वडा कार्यालयसँग समन्वय गरेर विद्यार्थीलाई त्यहीँ लगेर त्यहाँका काम प्रत्यक्ष देखाउने । थप अन्तर्क्रियाका लागि वडा अध्यक्ष वा प्रतिनिधिलाई कक्षामा बोलाएर विद्यार्थीसँग प्रश्नोत्तर सत्र राख्न सकिन्छ ।
- सामूहिक क्रियाकलाप : विद्यार्थी संख्याअनुसार तीनदेखि पाँच जनाको समूह बनाएर आफ्नो वडामा के कस्ता भौगोलिक अवस्थिति र विशेषता छन् भन्नेबारे विद्यार्थीले टिपेका विवरणलाई कक्षामा प्रस्तुति दिन लगाउने ।
- आफू वडा सदस्य वा अध्यक्ष भए के गर्छौ भनेर छलफल गर्ने र लेख्न लगाउने । उत्तर सही हुनु जरुरी छैन । सकेसम्म वडाभित्रको वा नजिकको अर्को विद्यालयमा भ्रमण गराउने र समकक्षीहरूसँग विभिन्न विषयमा छलफल गराउने । कक्षामा दुई विद्यालयबीचका समानता तथा भिन्नताबारे छलफल गर्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- वडा कार्यालयका कामबारे प्रश्न सोध्न सकेको वा तीनवटा काम भन्न सकेको,
- आफ्नो वडाको भौगोलिक विशेषताबारे प्रस्तुत गर्न सकेको,
- अर्को विद्यालयका विद्यार्थीसँगको छलफलमा सक्रियता देखाएको,
- आफू वडाअध्यक्ष भए के गर्थें तीनवटा कुरा लेख्न सकेको

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ७ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना ६.

| | |
|---|---|
| **कक्षा ५** | **पाठ ः २. हाम्रो समुदाय** |
| **विषयवस्तु ः स्थानीय रेकर्ड बुक** | **कार्यघण्टा ः ४** |

क) सिकाइ उपलब्धि ः

- देखिने मानवीय विशेषता भएका मानिसको तथ्याङ्कबारे परिचित हुने

ख) विषयवस्तुको विस्तृतीकरण ः सामुदायिक रेकर्ड बुक

ग) सम्भावित सिकाइ सामग्रीहरू ः रेकर्डबारे पालिकाको आधिकारिक विवरण

घ) सम्भावित सिकाइ क्रियाकलाप

- पालिकाको जनसङ्ख्या- महिला पुरुष, उमेर समूह, जातजाति, पालिकाको सबैभन्दा अग्लो व्यक्ति, पालिकाको सबैभन्दा होचो व्यक्ति, सबैभन्दा जेठोजीवित मान्छे (महिला/पुरूष), सबैभन्दा धेरै भाषा बोल्न जान्ने, वडाको सबैभन्दा पहिलो बस्ती र पछिल्लो बस्ती, धेरै जातजाति, धेरै जनसङ्ख्या भएको गाउँको विवरण गाउँका बूढापाकासँग सङ्कलन गर्न लगाउने र प्रतियोगिता गर्ने ।
- यस्ता रेकर्डबारे वडामा गएर सोध्ने ।
- यस्ता विवरणबारे छलफल गर्ने । उदा. सबैभन्दा पुरानो बस्ती कति वर्ष पुरानो होला ? सुरुमा त्यहाँ को बसे होलान् ?

ङ) सिकाइ मूल्याङ्कन

- पालिकाका सामुदायिक विवरणसँग सम्बन्धित तीनवटा तथ्य भन्न सकेको,
- वडाका यहाँ नभनिएका मानवीय पक्षका कम्तीमा दुई थप रेकर्डहरू पत्ता लगाई भन्न सकेको (जस्तै ः सबभन्दा हलुका वा लामो कपाल भएकी महिला वा धेरै पढेको मान्छे को होला वा यस्तै,
- आफू यहाँ नभनिएका कम्तीमा कुनै तहको एक मानवीय पक्षको रेकर्डधारी हुन चाहन्छु वा सक्छु भन्न सकेको (जस्तै ः पालिकाको पहिलो ड्रयागन फल खेती गर्ने किसान वा यस्तै- पालिकाका सामुदायिक विवरणसँग सम्बन्धित विवरणबारे छलफलमा सक्रियता देखाएको च) परियोजना कार्य

नोट ः शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ४ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना ७.

| | |
|---|---|
| **कक्षा ५** | **पाठ ः २. हाम्रो समुदाय** |
| **विषयवस्तु ः चाखलाग्दा भौगोलिक ठाउँ** | **कार्यघण्टा ः ६** |

क) सिकाइ उपलब्धि ः

- वडाभित्रको सबभन्दा नजिकको महत्वपूर्ण भौगोलिक स्थानको विवरण र स्थान वरपरको वातावरण, समुदाय र रहनसहनबारे परिचित हुन

ख) विषयवस्तुको विस्तृतीकरण ः वडाभित्रको महत्वपूर्ण भौगोलिक स्थानको विवरण र स्थान वरपरको वातावरण

ग) सम्भावित सिकाइ सामग्रीहरू ः भ्रमणका लागि स्थान, भौगोलिक स्थान सम्बन्धित विवरण र किंवदन्ती

घ) सम्भावित सिकाइ क्रियाकलाप

- सकभर वडाभित्रका पहिले नगएको कुनै अलि परको भौगोलिक ठाउँ भए जाने । विद्यार्थीलाई पहिला गएका नजिकका ठाउँ र अहिलेको अलि परको ठाउँबीच (वा वडाभित्रका कुनै दुई भौगोलिक स्थानबीच) के कस्तो समानता तथा भिन्नता देखिन्छ भन्नेबारे टिपेर र कक्षामा भन्न लगाउने ।
- ती स्थानको प्राकृतिक विशेषता (भू-बनोट, वनस्पति, जीवजन्तु आदि) का साथै सांस्कृतिक तथा सामुदायिक पक्षबारे पनि छलफल गर्ने । उदा. त्यो ठाउँमा कुन समुदायको बस्ती धेरै छन्, कस्ता घरहरू छन्, वस्तुपालन, खेतीपाती कस्तो छ आदि । सकेसम्म विद्यार्थीबाटै उत्तर खोज्ने, उनीहरूलाई थाहा नभएको खण्डमा शिक्षकले सहयोग गर्ने । (यो गतिविधि वन वनस्पति विषयवस्तुसँग पनि मिलाएर गराउने,
- वडाभित्रका वरपरका महत्वपूर्ण भौगोलिक स्थानहरू सहितको नक्सा बनाउन दिने र शिक्षकले सहयोग गर्ने । आफ्नो घर वा विद्यालयसँगै यो स्थान पनि देखिने गरी नक्सा बनाउने ।
- ती ठाउँको वा त्यहाँका कुनै विशेष वस्तुको चित्र बनाउन लगाउने ।

ङ) सिकाइ मूल्याङ्कन

- वडाका कम्तीमा दुई भौगोलिक विशेषताका स्थानबीच भौगोलिक तथा सामाजिक समानता तथा भिन्नता पहिचान गर्न सकेको,
- वडाको सबभन्दा विशेषतायुक्त ठाउँ किन र कुन हुनु पर्ने भन्न सकेको,
- नक्सा बनाउन प्रयत्न गरेको,
- ती ठाउँका विशेषता चित्रमा वा शब्दमा व्यक्त गर्न सकेको

च) परियोजना कार्य

नोट ः शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ६ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना ८.

| | |
|---|---|
| **कक्षा ५** | **पाठ ः २. हाम्रो समुदाय** |
| **विषयवस्तु ः ऐतिहासिक तथा सांस्कृतिक ठाउँ** | **कार्यघण्टा ः ४** |

क) सिकाइ उपलब्धि ः

- वडाभित्रका महत्वपूर्ण ऐतिहासिक तथा सांस्कृतिक स्थानको विवरण पहिचान गर्ने र त्यससँग जोडिएको कथा भन्न सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण ः वडाका महत्वपूर्ण ऐतिहासिक तथा साँस्कृतिक स्थान

ग) सम्भावित सिकाइ सामग्रीहरू ः ऐतिहासिक स्थानको भ्रमण, त्यहाँका विवरण

घ) सम्भावित सिकाइ क्रियाकलाप

(नोट ः चाखलाग्दा भौगोलिक ठाउँ मध्येको ठाउँ नै ऐतिहासिक वा सांस्कृतिक ठाउँ पनि हुन सक्छ । यिनको क्रियाकलाप एकीकृत रूपमा गराउन सकिन्छ ।)

- कक्षा ४ को जसरी नै वडाको सबैभन्दा नजिक रहेको महत्वपूर्ण ऐतिहासिक वा सांस्कृतिक स्थानमा भ्रमणका लागि जाने र त्यहाँ सबैभन्दा सुरुमा देखेका दश कुराहरू टिप्न लगाउने । तीमध्ये एक वस्तुको चित्र बनाउने र त्यसबारे एक अनुच्छेद लेख्न दिने ।
- त्यस ठाउँमा कहिले के भएको थियो होला भन्ने कल्पना गर्न लगाउने वा आफूले पहिले केही सुनेको भए ठाउँ हेरेर सोच्न लगाउने र सबैको उत्तर सुन्ने । अन्त्यमा भएमा स्थानीय वासिन्दा वा शिक्षकले वास्तविक कथा सुनाउने ।
- त्यस ठाउँसँग सम्बन्धित रही एक काल्पनिक परिदृश्य दिएर कथा बनाउन लगाउने (उदा. यो ठाउँमा हिमालबाट उड्दैउड्दै डाँफे आयो भने त्यसले के देख्छ, सुन्छ अनि सोच्छ होला, त्यसको साथी को वा के बन्छ होला ? अथवा गएको ठाउँको परिवेशअनुसार गोही, पुतली, हात्तीजस्ता सजीव वा चुँडेको चप्पल, प्लास्टिकको बोतल, पोलेथिनको झोलाजस्ता निर्जीव वस्तुमार्फत पनि कल्पना गराउन सकिन्छ ।)
- आफ्नो घर र विद्यालय पनि देखिने गरी वडाका विभिन्न ऐतिहासिक तथा सांस्कृतिक स्थान पुग्ने बाटोको चित्र बनाउन लगाउने । कसैलाई यो गर्न गाह्रो भए साथीलाई सहयोग गर्न लगाउने वा अन्त्यमा शिक्षकले सहयोग गर्ने ।
- वडामा रहेका अन्य ऐतिहासिक तथा सांस्कृतिक ठाउँहरूको सूची तथा जानकारी प्रदान गर्ने र पालिकाको नक्सामा नक्साङ्कन गर्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- आफू गएको ठाउँमा भएका वस्तुहरूको आधारमा कल्पना गरेको इतिहास कक्षामा अभिव्यक्त गरेको,
- वडाको सबभन्दा नजिकको महत्वपूर्ण ऐतिहासिक स्थानको विवरण र त्यससँग जोडिएको कथा भन्न सकेको वा त्यस स्थानबारे निबन्ध लेखेर कक्षामा प्रस्तुत गरेको,
- वडाभित्रका ऐतिहासिक तथा सांस्कृतिक स्थानहरू नक्सामा देखाउन सकेको वा, वडाभित्र रहेका अन्य ऐतिहासिक तथा सांस्कृतिक स्थानहरूको नाम भन्न सकेको,
- आफ्नो घर वा विद्यालयबाट पुगिने गरी वडाका महत्वपूर्ण ऐतिहासिक तथा सांस्कृतिक स्थानको नक्सा बनाउन प्रयत्न गरेको

नोट ः शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ४ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना ९.

| | |
|---|---|
| **कक्षा ५** | **पाठ ः २. हाम्रो समुदाय** |
| **विषयवस्तु ः बागमती गापाको इतिहास - युद्ध इतिहास, सामुदायिक इतिहास र ऐतिहासिक व्यक्तित्व** | |
| **कार्यघण्टा ः २** | |

क) सिकाइ उपलब्धि ः

- आफ्नो वडाको बस्तीहरूको शुरूआत बारे भन्न सकेको,

ख) विषयवस्तुको विस्तृतीकरण ः मेरो वडाको बस्तीहरूको शुरूआत

ग) सम्भावित सिकाइ सामग्रीहरू ः गाउँका ज्येष्ठ नागरिक, पालिकाका दस्तावेज

घ) सम्भावित सिकाइ क्रियाकलाप

- आफ्नो गाउँमा सबभन्दा पहिले को र कहिले आएर बसेको थियो आदि जानकारी गाउँका ज्येष्ठ नागरिक वा जान्ने सुन्नेलाई सोधेर लेख्न लगाउने । समूहमा परियोजना कार्य गर्न दिने ।
- ती मानिस यहाँ आउनुअघि यो ठाउँ कति फरक थियो होला कल्पना गर्न लगाउने र पछि घरगाउँका बुढापाकालाई सोध्दा के भने दुई कोठाको तालिकामा लेख्न लगाई प्रस्तुत गर्न लगाउने ।
- आफ्नो छिमेक वा गाउँमा भएका कम्तीमा ३० वर्षभन्दा अगाडिका रमाइला वा सम्झनलायक घटनाका विवरण छरछिमेकमा सोधेर कक्षामा कथा जसरी प्रस्तुत गर्न लगाउने ।

ङ) सिकाइ मूल्याङ्कन

- आफ्नो गाउँमा को कहाँबाट आएको हो भन्न सकेको,
- आफ्नो परिवार कति वर्षअघि कहाँबाट आएको हो बताउन सकेको,
- आफ्नो गाउँमा पहिला घटेको घटनाका कथा खोजेर कक्षामा सुनाएको,
- अहिलेभन्दा ३० वर्षपछि यो ठाउँ कस्तो होला १०० शब्दमा बयान गर्न सकेको

च) परियोजना कार्य

-

नोट ः शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा २ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १०.

| | |
|---|---|
| **कक्षा ५** | **पाठ : ३. हाम्रा वरपरका सजिव** |
| **विषयवस्तु : वन वनस्पति** | **कार्यघण्टा : ५** |

क) सिकाइ उपलब्धि :

- पालिकामा पाइने रूख तथा विशेष वनस्पति पहिचान गर्ने र तिनको विविधता तथा अवस्थाबारे परिचित हुने

ख) विषयवस्तुको विस्तृतीकरण : पालिकाका विशेष वनस्पति

ग) सम्भावित सिकाइ सामग्रीहरू : वरपरका वनस्पतिको पात, डाँठ, र/वा फूल

घ) सम्भावित सिकाइ क्रियाकलाप

- पालिकाका भौगोलिक ठाउँ भ्रमणमा लगेका बेला त्यहाँका रूख, बुट्यान र झार लगायतका वनस्पतिबारे अवलोकन गरेर र वरपरका मान्छेलाई सोधेर ती बोटबिरुवाका नाम, विशेषता र विशेष उपयोगिता टिपोट गर्न र सामूहिक प्रस्तुति गर्न दिने । भ्रमण गरिएको छैन भने शिक्षक आफैंले जानकारी दिने र घर तथा विद्यालयकै वरपर रहेका बोट तथा रूखहरू मार्फत यो क्रियाकलाप गर्ने ।
- पालिकाभित्र पाइने रूखहरूबारे पालैपालो विद्यार्थीलाई परिचित गराउने र सँगै छलफल बढाउँदै जाने । अन्त्यमा, पालिकाका अन्य स्थानमा पाइने तर आफ्नो घर तथा विद्यालय वरपर नपाइने रूखहरूको सूची बनाउन लगाउने ।
- पालिकामा पाइने मुख्य रूखहरूको चित्र र तिनका नामको जोडा मिलाउने खेल खेल्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- घर वरपर नपाइने कम्तीमा दुई नयाँ वनस्पति हेरेर चिन्न सकेको,
- आफूले अवलोकन गरेका दुई बोटबिरुवाको चारवटा पक्ष वर्णन गर्न सकेको,
- आफूले अवलोकन गरेका दुई बोटबिरुवा चिनिने गरी पूरा वा कुनै खण्डका दुई चित्र बनाएको,
- पालिकाको वनस्पतिमा रहेको विविधताबारे आफ्नै शब्दमा भन्न सकेको

च) परियोजना कार्य

-

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना ११.

**कक्षा ५** **पाठ ः ४. हाम्रा वरपरका सजीव**
**विषयवस्तु ः जीवजन्तु र चराचुरूङ्गी** **कार्यघण्टा ः ५**

क) सिकाइ उपलब्धि ः

- जीवजन्तु र चराचुरुङ्गीले गर्ने सकारात्मक प्रभाव र दिएका समस्याबारे भन्न सक्ने,
- पालिकामा जीवजन्तुले दिएका समस्या न्यूनीकरण गर्ने उपाय पहिचान गर्ने र सकेसम्म कम हानिमा न्यूनीकरण गर्ने अभ्यास गर्ने

ख) विषयवस्तुको विस्तृतीकरण ः पालिकामा जीवजन्तु र चराचुरुङ्गीले गर्ने सकारात्मक प्रभाव र दिएका समस्या

ग) सम्भावित सिकाइ सामग्रीहरू ः जीवजन्तुका विशेष अङ्ग तथा विशेषता, गर्न सक्ने हानि तथा उपयोगिताको विवरण

घ) सम्भावित सिकाइ क्रियाकलाप

- औपचारिक रूपमा महत्व नदिइएका (साधारण वा विशिष्ट) जीवजन्तु (उदा. मौरी, विभिन्न खालका कमिला, धमिरा, भमरो, भ्यागुता, गड्यौला, काग, रुप्पी, भँगेरा, बकुल्ला) पहिचान गरेर तिनका विशेषता र वातावरणीय महत्वबारे प्रस्तुत गर्न लगाउने ।
- पालिकामा विभिन्न जीवजन्तुका कारण भएका सकारात्मक असर, समस्या र ती समस्यालाई हल गर्न स्थानीयले अपनाएको विधिबारे आफ्नो घर वरपर तथा छिमेकमा सोधेर टिपोट गर्न लगाउने र कक्षामा प्रस्तुत गर्न लगाउने ।
- पालिकामा जीवजन्तुका कारण आएका समस्या कम गर्न अपनाइने विधिका पक्ष विपक्षबारे चार्ट बनाउन लगाउने ।
- जीवजन्तुका विशेष अङ्ग तथा विशेषताका आधारमा कसले कस्तो हानि गर्न सक्छ भन्नेबारे छलफल गर्ने । यसका साथै सो हानि गरे तापनि प्रकृतिमा ती जीवको कति उपयोगिता छ भन्नेबारे पनि वादविवाद गर्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- स्थानीय जनजीवनमा स्थानीय जीवजन्तुका कारण भएको सकारात्मक असरहरू भन्न सकेको,
- स्थानीय जनसमुदायमा स्थानीय जीवजन्तुका कारण भएको नकारात्मक प्रभावहरू भन्न सकेको,
- स्थानीय जीवजन्तुका कारण हुने समस्या न्यूनीकरणका विधिको सकारात्मक तथा नकारात्मक पक्ष केलाउन सकेको,
- जीवजन्तुको प्राकृतिक भूमिकाबारे तर्क राख्न सकेको

च) परियोजना कार्य

नोट ः शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १२.

| | |
|---|---|
| **कक्षा ५** | **पाठ : ४. हाम्रा वरपरका सजीव** |
| **विषयवस्तु : विषालु जीवजन्तु** | **कार्यघण्टा : ५** |

क) सिकाइ उपलब्धि :

- विषालु जीवको टोकाइका लागि घरगाउँमा अपनाइने सुरक्षाका साधन पहिचान गर्ने र अपनाउनुपर्ने प्राथमिक उपचारका साधनबारे परिचित हुने

ख) विषयवस्तुको विस्तृतीकरण : विषालु जीवले टोक्यो भने के गर्ने ?

ग) सम्भावित सिकाइ सामग्रीहरू : विषालु जीव र तिनका टोकाइको असरका चित्र वा मोडल, विषालु जीवको टोकाइसम्बन्धी काम गर्ने स्वास्थ्यकर्मी

घ) सम्भावित सिकाइ क्रियाकलाप

- विषालु जीवको टोकाइसम्बन्धी काम गर्ने वा गरेको स्वास्थ्यकर्मीसँग सकेसम्म उहाँकै कार्यस्थलमा, नभए अतिथि वक्ताको रूपमा कक्षामै बोलाएर प्रश्नोत्तर सत्र राख्ने । यस क्रममा विषालु जीवले टोकेमा के गर्ने भन्नेबारे विद्यार्थीलाई जानकारी दिने र प्रश्न सोध्न उत्प्रेरित गर्ने ।
- बिच्छी, सर्प आदिको टोकाइमा गर्नुपर्ने प्राथमिक उपचारको अभ्यास गर्ने ।
- घरगाउँमा अरू के के विषालु जीव छन् घरमा सोधेर आउन लगाउने ।
- थाहा पाएर नआएमा सर्पको जोखिमबारे छलफल गर्ने र सबभन्दा नजिकको सर्पदंश केन्द्रको स्थान र सम्पर्क नम्बर टिपेर राख्न लगाउने ।

ङ) सिकाइ मूल्याङ्कन

- विषालु जीवको टोकाइपछि अपनाउनुपर्ने सावधानी र प्राथमिक उपचारबारे भन्न सकेको,
- विषयबारे स्रोत व्यक्तिलाई प्रश्न राख्न सकेको समय भए कमसेकम एक प्रश्न राखेको,
- बिच्छी, खजुरोबाहेक सर्प लगायत अरू कमसेकम तीन विषालु जनावरको सूची बनाएको,
- सर्पको जोखिम र सबभन्दा नजिकको सर्पदंश केन्द्रको स्थान र सम्पर्क नम्बरसहित त्यसबारे १०० शब्द जतिको लेख लेखेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १३.

| | |
|---|---|
| **कक्षा ५** | **पाठ ः ४. हाम्रो वातावरण** |
| **विषयवस्तु ः प्रकोप - प्राकृतिक प्रकोप र मानवजन्य प्रकोप** | **कार्यघण्टा ः ५** |

क) सिकाइ उपलब्धि ः

- डढेलो र आगलागी हुनुको प्राकृतिक तथा मानवीय कारण पहिचान गर्ने,
- आगलागी र डढेलो रोकथाम तथा बचावका उपाय भन्न सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण ः आगलागी र डढेलोका कारण तथा रोकथाम, आगलागी, डढेलो र मानिसको सम्बन्ध

ग) सम्भावित सिकाइ सामग्रीहरू ः पालिकामा हुने आगलागी वा डढेलोसम्बन्धी आधिकारिक विवरण, आकस्मिक सेवाको सम्पर्क

घ) सम्भावित सिकाइ क्रियाकलाप

(यस पाठका क्रियाकलापमा विद्यार्थीलाई मानसिक आघात नपुऱ्याउन विशेष ध्यान दिनुपर्छ) छिमेकमा वा आफ्नै घरमा कतै आगलागी भएको देखेका छौ ? भनेर सोध्ने । यसबारे अनुवभ वा कथा सुनाउन प्रोत्साहन गर्ने । के कसरी निभाइयो बाआमालाई सोधेर आएर कक्षामा सुनाउन लगाउने ।

- कुनै आगलागी वा डढेलो लागेको ठाउँ भए अवलोकन गराउन लाने र देखेका क्षतिको सूची बनाउन दिने ।
- यससँग सम्बन्धित पत्रिका, रेडियो, एफ्.एम्.मा सुनेका समाचार टिपोट गरेर कक्षामा साथीहरूसामु प्रस्तुत गर्न लगाउने ।
- यस्तो समयमा घरगाउँमा कसले मद्दत गर्न सक्छ सोधेर जानकारी राख्न लगाउने ।
- डढेलो र आगलागी हुनुको कारणका साथै रोकथामका पालिकामा भएका र हुनसक्ने उपायबारे छलफल गर्ने । एउटा चार्टपेपरमा छलफलको निष्कर्षलाई कारण र रोकथामका उपाय शीर्षकसहित टिपेर कक्षामा वा विद्यालयको सूचनापाटीमा राख्ने ।
- पालिकामा दमकल भए त्यसबारेमा कुरा गर्ने वा लिएर जाने ।
- विशेषज्ञलाई कक्षामा बोलाएर वा आगो नियन्त्रण केन्द्रमा गएर आगोले पोल्दा वा घरभित्र फस्दा के गर्ने, कसरी बच्ने भन्नेबारे अभ्यास गर्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- डढेलो, आगलागी हुनुको चार कारण भन्न सकेको,
- डढेलो, आगलागी रोकथामका तीन उपाय भन्न सकेको,
- आगोले पोल्यो वा छोप्यो भने तत्काल के गर्ने अभ्यास गरेर देखाएको,
- रेडियो, एफ्.एम्.मा सुनेका समाचार टिपोट गरेर कक्षामा साथीहरूलाई सुनाएको वा नदेखेको आगलागी र डढेलो रोकथामको एक उपाय सुझाएको

च) परियोजना कार्य

नोट ः शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १४.

| | |
|---|---|
| **कक्षा ५** | **पाठ : ४. हाम्रो वातावरण** |
| **विषयवस्तु : सरुवा रोग - पानीजन्य, हावाजन्य, जनावरको टोकाइ, नयाँ भाइरस** | **कार्यघण्टा : ६** |

क) सिकाइ उपलब्धि :

- आफ्नो गाउँमा लाग्न सक्ने सरुवा रोगका लक्षण पहिचान गर्ने र ती रोग लागेमा के गर्ने आधारभूत जानकारी दिन सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण : गाउँमा लाग्न सक्ने सरूवा रोगका लक्षण र उपचार

ग) सम्भावित सिकाइ सामग्रीहरू : समुदाय भ्रमण, सरूवा रोग झल्काउने चित्र, स्वास्थ्यकर्मीसँग प्रश्नोत्तर

घ) सम्भावित सिकाइ क्रियाकलाप

- कक्षा ४ मा टिपोट भएका सरुवा रोगका साथै गाउँमा देखिइरहने रोगहरूको लक्षण र उपचारका लागि के गर्नु प्रभावकारी हुन्छ भन्नेबारे स्वास्थ्यकर्मीलाई बोलाएर प्रश्नोत्तर सत्र राख्ने या स्वास्थ्य केन्द्र गएर छलफल गर्ने ।
- समूह बनाएर कक्षा ४ मा टिपोट भएका सरुवा रोगका साथै गाउँमा देखिइरहने रोगहरूको लक्षण र उपचारका सूची बनाउन लगाउने ।
- समूहमा बाँडेर विभिन्न सरुवा रोगको गाउँमा कस्तो अवस्था छ भन्नेबारे जानकारी बटुलेर प्रस्तुत गर्न लगाउने ।

ङ) सिकाइ मूल्याङ्कन

- वरपर लाग्ने रोगका लक्षण भन्न सकेको,
- वरपर लाग्ने रोग लागेपछि के गर्ने भन्नेबारे भन्न सकेको,
- कमसेकम तीन सक्रिय रोगहरूका नाम, लक्षण र उपचारको सूची बनाएको,
- रोग लाग्न नदिन हात धुने, खोक्दा मुख छोप्ने आदि जस्ता बानी कक्षामा व्यवहारमा प्रस्तुत गरेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ६ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १५.

| | |
|---|---|
| **कक्षा ५** | **पाठ : ४. हाम्रो वातावरण** |
| **विषयवस्तु : वातावरण विनास तथा संरक्षण** | **कार्यघण्टा : ६** |

क) सिकाइ उपलब्धि :

- प्रकृतिले परिपूर्ति गर्न सक्नेजति सामान चलाउनुपर्छ भन्नेबारे परिचित हुन

ख) विषयवस्तुको विस्तृतीकरण : स्थानीय तहमा दिगोपनको अवधारणा

ग) सम्भावित सिकाइ सामग्रीहरू : पहिले र अहिलेको वन भूभाग देखिने चित्र, फोहोर व्यवस्थापनको प्रक्रिया

घ) सम्भावित सिकाइ क्रियाकलाप

- प्रकृति कसरी चल्छ छलफल गर्ने । मुख्य कुरा यो गतिशील सन्तुलनमा चल्छ भन्ने थाहा दिने अर्थात् सन्तुलनमा चल्छ नचल्ने भए उसले आफ्नो गतिमा सन्तुलन बनाउँछ । अहिलेको प्रकृतिको सन्तुलन मानिसलाई बाँच्न उपयुक्त रहेको बताउने ।
- हामीले कति काठ काट्न मिल्छ ? कति धान फलाउन मिल्छ ? कति मल हाल्न मिल्छ ? कति फोहोर फाल्न मिल्छ ? आदि जस्ता प्रश्न गर्ने ।
- प्रकृतिमा पुनर्प्रयोग नहुने कुरा उपयोग गरिए वा उत्पादन हुनेभन्दा बढी सामग्री उपयोग गरेमा के हुन्छ र के गर्ने भन्ने विषयमा छलफल गर्ने ।
- प्रदूषण र अति दोहनका कुरा जोड्ने र विद्यार्थीलाई समालोचनात्मक भई खुला रूपमा सोच्न प्रोत्साहन गर्ने । त्यही असन्तुलन हो भन्ने जानकारी दिने ।
- ऋतु मिलेमा रूख रोप्न वा गोड्न जाने वा गाउँमा फोहोर फाल्ने ठाउँ भए त्यसको अवलोकनमा जाने ।
- प्रकृति कसरी जोगाउन सकिन्छ भनेर छलफल गर्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- आफ्नो सन्दर्भमा प्राकृतिक सन्तुलनको दुई उदाहरण दिन सकेको,
- प्रकृतिको अति दोहन वा प्रदूषण कसरी हुन्छ भन्न सकेको,
- प्रकृति किन जोगाउनु पर्छ भन्ने दुईवटा कारण दिन सकेको,
- प्रकृतिको अति दोहन वा प्रदूषणले मानिसको हित किन गर्दैन भन्ने तर्क दिन सकेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ६ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १६.

| | |
|---|---|
| **कक्षा ५** | **पाठ ः ५. मेरो सिर्जना** |
| **विषयवस्तु ः हस्तकला, परम्परागत सीप र धार्मिक सीप** | **कार्यघण्टा ः ६** |

क) सिकाइ उपलब्धि ः

- माछा मार्न, माछा मार्ने साधन बनाउन सहयोग गर्ने र सिलाइ बुनाइको कामबारे परिचित हुने,
- कक्षा १ देखि ४ सम्म पढेका सामग्री मध्येको कम्तीमा एउटा सामग्री बनाउन सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण ः घरायसी जीवन उपयोगी सीपहरू

ग) सम्भावित सिकाइ सामग्रीहरू ः स्थानीयरूपमा माछा मार्न प्रयोग हुने सामग्री

घ) सम्भावित सिकाइ क्रियाकलाप

- यो पाठको माछा मार्ने परम्परागत सीप यही कक्षाको नदीनाला विषयवस्तुसँग एकीकृत गरेर पढाउने ।
- कसले माछा मार्ने जाल बुनेको छ ? बल्छी हालेको वा देखेको छ ? भनेर सोध्ने । त्यस्ता सीप आउने साथीले कक्षाका अरूलाई भनेर, चित्र बनाएर वा प्रत्यक्ष देखाएर सिकाउने ।
- जाल बुनेर देखाउँदै कक्षामा सँगै बुन्ने प्रयत्न गर्ने । समूहमा छुट्याएर पनि गर्न सकिन्छ । आफैंले बुनेको जाल लिएर समूहमा माछा मार्न पठाउने र अनुभव सुनाउन लगाउने । विद्यालयमा जाल प्रदर्शन गराउने र छलफल गर्ने ।
- जाल वा बल्छी हाल्नेबाहेक माछा मार्ने वा खोलाबाट खान सकिने वस्तु निकाल्ने तरिकाहरूबारे छलफल गर्ने ।
- कपडा सिलाउन वा बुन्न कस्तो सीप र के के सामान चाहिन्छ भन्नेबारे घर तथा टोलमा सिलाइ वा बुनाइ गर्ने वा गर्न जान्ने व्यक्तिसँग सोधेर आउन लगाउने । आफूलाई लगाउन मन लागेको लुगाको विस्तृत चित्र बनाएर कक्षामा प्रदर्शन गर्न लगाउने ।
- विद्यार्थीलाई आजसम्म पढेकामध्ये कुन-कुन सामग्रीसँग काम गर्न मन लागेको छ लेखाउने । आफैं वा समूहमा ती मध्येको एउटा सामग्री बनाउने परियोजनात्मक कार्य दिने । घरमा वा समुदायका व्यक्तिसँग सम्बन्धित विषयमा सीप भएका व्यक्तिसँग काम गर्ने वा विद्यालयमै स्रोतव्यक्तिका रूपमा आमन्त्रण गरी सिकाउन लगाउने । काम गर्दाको अनुभव टिप्ने र विवरण बनाउने । यी सामग्री विद्यालयको अभिभावक दिवस, बालदिवस वा कुनै कार्यक्रम आयोजना गरिएको बेला प्रदर्शनमा राख्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- माछा मार्ने परम्परागत सीप जानेको वा कुनै कारणवश कोही विद्यार्थीले माछा मार्न चाहँदैन भने यसबारे भन्न सकेको,
- खोलामा रहेका माछा बाहेकका खान सकिने सागपात वा अन्य जीव जम्मा गर्ने सीपबारे भन्न सकेको,
- सिलाइबुनाइसम्बन्धी सामान्य बुझाइ भन्न सकेको,
- माटो, बाँस, काठपात वा धातुबाट बनाइने सामग्री मध्येको कुनै एउटा सामग्री बनाएको

च) परियोजना कार्य

| |
|---|
| नोट ः शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ६ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला । |

पाठयोजना १७.

| | |
|---|---|
| **कक्षा ५** | **पाठ : ५. मेरो सिर्जना** |
| **विषयवस्तु : लोक कला तथा साहित्य** | **कार्यघण्टा : ८** |

क) सिकाइ उपलब्धि :

- आफ्नो भाषाका परम्परागत तथा स्थानीय गीत, कथा, उखान टुक्का, गाउँखाने कथा भन्न सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण : समुदायका उखान टुक्का, गीत र कथा

ग) सम्भावित सिकाइ सामग्रीहरू : स्थानीय भाषाका उखान टुक्का, परम्परागत गीत, कविता, कथा, गाउँखान

घ) सम्भावित सिकाइ क्रियाकलाप

- आफ्नो घरका पाका व्यक्तिलाई थाहा भएका उखान टुक्काहरू (सकेसम्म स्थानीय भाषाका) सोधेर अर्थसहित टिपेर ल्याउन लगाउने । कक्षामा सुनाउँदा अन्य विद्यार्थीले अर्थ अन्दाज गर्दै रमाइलो गर्ने । कुनै दिन विद्यालयमा यसकै प्रतियोगिता आयोजना गर्न सकिन्छ ।
- कक्षा १ देखि ४ सम्ममा सिकेका साथै थप आफैं पत्ता लगाएका परम्परागत गीत, कविता, कथा, गाउँखाने कथा तथा उखान भेला पारेर कक्षा ५ को तर्फबाट विद्यालयका लागि मासिक साहित्यिक भित्ते पत्रिका बनाउन लगाउने । सबैको सहभागिता सुनिश्चित गर्ने । सबैले केही न केही (खोजेर वा आफैं लेखेर) पेश गर्नुपर्ने नियम बनाउने । समूहमा छुट्याएर कसले कुन महिना भित्ते पत्रिका तयार पार्न लगाउने ।

ङ) सिकाइ मूल्याङ्कन

- कम्तीमा तीन उखान टुक्का अर्थसहित याद भएको,
- परम्परागत गीत, कथा, गाउँखाने कथा तथा उखानमध्ये कुनै दुई भन्न र लेख्न सकेको,
- परम्परागत गीत, कविता, कथा, गाउँखाने कथा तथा उखान भेला पार्न, पेश गर्न सक्रिय भएको,
- भित्तेपत्रिका प्रकाशन गर्न सक्रियता देखाएको

च) परियोजना कार्य

-

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ८ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १८.

| | |
|---|---|
| **कक्षा ५** | **पाठ : ६. हाम्रो संस्कृति** |
| **विषयवस्तु : चालचलन र चाडपर्वहरू** | **कार्यघण्टा : ५** |

क) सिकाइ उपलब्धि :

- एकआपसमा वा गाउँघरमा गरिने सहयोगको अवस्था पहिचान गर्ने र सहयोगमा उत्प्रेरित हुने

ख) विषयवस्तुको विस्तृतीकरण : सहयोगको अवस्था

ग) सम्भावित सिकाइ सामग्रीहरू : सेरोफेरोको अवलोकन, पर्मको नमूना

घ) सम्भावित सिकाइ क्रियाकलाप

- निम्न तथा थप प्रश्न गर्दै कक्षामा छलफल गराउने। जोडी वा समूहमा सानो छलफल गराएर अन्तिममा कक्षामा सुनाउने पनि गर्न सकिन्छ।
- तिम्रो घरमा गएको केही महिनामा पैसा लिएर वा नलिएर कसले के के गरिदियो ?
- तिम्रो घरबाट गएको केही महिनामा पैसा लिएर वा नलिएर कसकोमा के गरियो ?
- पैसा नलिएको भए किन नलिएको होला ?
- वर्षको कुनै खास दिन मिलेर काम गर्ने, एक आपसमा पर्म गर्ने वा यस्तै कुनै चलन छ कि छैन घरमा सोधेर आएर छलफल गर्ने।
- विद्यार्थीबीच यस्तो सहयोग के हुन सक्छ कक्षामा छलफल गर्ने।
- परस्पर सहयोगका फाइदा बेफाइदाबारे लेख्न दिने र कक्षामा सुनाउन लगाउने।

ङ) सिकाइ मूल्याङ्कन

- गाउँघरमा गरिने सेवा सहयोगबारे भन्न सकेको,
- समाजमा भएको परस्पर सहयोगबारे प्रशंसात्मक रूपमा बताउन सकेको,
- किन कुनै सहयोगबिना पैसा वा प्रतिफलको अपेक्षा नराखी गर्ने भन्नेबारे केही विचार दिएको,
- सहयोगका लागि तयार रहने व्यवहार देखाएको वा कक्षा अवधिमा नै कसैको सहयोग गरेको

च) परियोजना कार्य

-

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन्। तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ। विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला।

पाठयोजना १९.

| | |
|---|---|
| **कक्षा ५** | **पाठ ः ६. हाम्रो संस्कृति** |
| **विषयवस्तु ः परम्परागत खानपिन, स्थानीय परिकार र अल्पपोषण भएका खानेकुरा** | **कार्यघण्टा ः ५** |

क) सिकाइ उपलब्धि ः

- अल्पपोषण भएका खानेकुराको स्रोत तथा असर पहिचान गर्ने,
- स्वस्थकर र सन्तुलित खानाको महत्व बोध तथा प्रयोग गर्ने

ख) विषयवस्तुको विस्तृतीकरण ः अल्पपोषण भएका खानेकुराको प्रकार, स्रोत र असर

ग) सम्भावित सिकाइ सामग्रीहरू ः स्थानीयस्तरको स्वस्थकर तथा सन्तुलित खाजा र खाना, चित्र वा सूची, प्रशोधित खानाको प्रक्रिया

घ) सम्भावित सिकाइ क्रियाकलाप

- स्वास्थ्य शारीरिक तथा सिर्जनात्मक कला विषयको पोषण र खाना पाठसँग एकीकृत गरेर पढाउने ।
- विद्यार्थीले अत्यन्तै रूचाएका प्रशोधित अल्पपोषण भएका खानेकुराको खोलहरू विद्यालयतिर पनि हुन सक्छन् । त्यस्ता खाना कति प्रशोधन भएर निर्माण हुन्छन् भन्नेबारे भिडियो देखाएर (वा सम्भव नभए शिक्षकले जानकारी दिएर) ती अल्पपोषण भएका खानेकुराले स्वास्थ्यमा पार्ने प्रत्यक्ष प्रभावबारे छलफल गर्ने, पोषणमा गर्ने असरबारे बताउने ।
- विद्यार्थीहरूले खाने गरेका अल्पपोषण भएका खानेकुराका नाम विभिन्न समूहलाई भाग लगाएर तिनमा हालिने सामग्री, खोलमा लेखिएका कुरा तथा असरबारे छलफल गर्ने र सूची बनाएर कक्षामा टाँस्न र प्रस्तुत गर्न लगाउने ।
- खाजामा अल्पपोषण भएका खानेकुरा ल्याउन रोक गर्ने र घरमा पनि अल्पपोषण भएका खानेकुरा नखान भनी सल्लाह दिने ।

ङ) सिकाइ मूल्याङ्कन

- अल्पपोषण भएका खानेकुराको असरबारे भन्न सकेको,
- कक्षामा अल्पपोषण भएका खानेकुरा खान कम गरेको वा स्वस्थ खाना खाने बानी व्यवहारमा उतारेको देखिएको,
- घरगाउँमा पाइने र आफूले खाने गरेका अल्पपोषण भएका खानेकुराको सूची बनाएको,
- कस्ता खाना अल्पपोषण भएका खानेकुरा हुन् र किन लेख्न र भन्न सकेको

च) परियोजना कार्य

नोट ः शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना २०.

| | |
|---|---|
| **कक्षा ५** | **पाठ : ७. हाम्रो वरपरको संसार** |
| **विषयवस्तु : नदीनाला** | **कार्यघण्टा : ५** |

क) सिकाइ उपलब्धि :

- वडाभित्रका खोलाको विवरण र खोला वारिपाकि बस्ती र वातावरणबारे परिचित हुने,
- खोलाको प्रयोजनहरू पहिचान गर्ने, बल्छी हाल्ने अभ्यास गर्ने

ख) विषयवस्तुको विस्तृतीकरण : वडाभित्रका खोलाको विवरण र खोला वारिपारिका वातावरण तथा बल्छीको ज्ञान र अभ्यास

ग) सम्भावित सिकाइ सामग्रीहरू : बल्छी बनाउने सामग्री, पालिकाका खोलाको विवरण र प्रयोगको अवस्था

घ) सम्भावित सिकाइ क्रियाकलाप

- बल्छी हाल्न परिवारसँग को-को गएको छ सोध्ने, गएकाहरूलाई के के हुन्छ बताउन लगाउने । बल्छीबनाउने अभ्यास गराउने । बल्छी थाप्न लग्ने । सकभर विद्यार्थीलाई पहिला गएको भन्दा फरक खोला वा एउटै खोलाको फरक स्थानमा लाने । माछा नमार्ने विश्वास भएका वा नचाहने विद्यार्थी छन् भने उनीहरूलाई खोला हेर्न मात्र लग्ने, माछा मार्न अनिवार्य नगर्ने ।
- पहिला गएका नजिकका खोलानाला र अहिलेको अलि परको खोलाबीच (वा नजिकैका दुई खोलाबीच) के कस्तो समानता तथा भिन्नता देखिन्छ भन्नेबारे विद्यार्थीलाई टिप्न लगाई र कक्षामा भन्न लगाउने ।
- ती खोलाका प्राकृतिक विशेषता (भू-बनोट, वनस्पति, जीवजन्तु आदि) का साथै सांस्कृतिक तथा सामुदायिक पक्षबारे पनि छलफल गर्ने । उदा. त्यो नदी वरपर कुन समुदायको बस्ती धेरै छन्, कस्ता घरहरू छन्, वस्तुपालन, खेतीपाती कस्तो छ, तिनीहरूले खोलाको उपयोग कसरी गर्छन् आदि ।) सकेसम्म विद्यार्थीबाटै उत्तर खोज्ने, उनीहरूलाई थाहा नभएको खण्डमा शिक्षकले सहयोग गर्ने ।
- खोलाको उपयोग कसरी गरिन्छ भन्नेबारे छलफल गर्ने । खोलाका माछा मार्ने, खेतमा सिँचाइ गर्ने, लुगा धुने, नुहाउने, पौडी खेल्ने आदि प्रयोजनबारे कक्षामा छलफल गर्ने ।
- खोलाबारे कुनै किसिमको शाब्दिक सिर्जना (कथा, गीत, कविता) गर्न लगाउने । घरका सदस्यको सहयोग लिन मिल्ने भनिदिने ।

ङ) सिकाइ मूल्याङ्कन

- दुई फरक नदी वा नदीको फरक भागबीचको भौगोलिक तथा सामाजिक समानता तथा भिन्नता पहिचान गर्न सकेको,
- बल्छी बनाउन वा हाल्न प्रयास गरेको,
- खोलाका विभिन्न प्रयोजनमध्ये कम्तीमा दुई भन्न सकेको,
- खोलाबारे कुनै किसिमको एक शाब्दिक वा चित्रात्मक सिर्जना ल्याएको

च) परियोजना कार्य

> नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना २१.

| | |
|---|---|
| **कक्षा ५** | **पाठ : ८. हाम्रो भाषा** |
| **विषयवस्तु : भाषा** | **कार्यघण्टा : ३०** |

क) सिकाइ उपलब्धि :

- सामान्य भूत र अभूतकालका क्रिया प्रयोग गर्न सक्ने,
- समय बुझाउने शब्द (क्रियायोगी) बारे परिचित हुने,
- स्थानीय वा मातृभाषामा दैनिकी लेख्न सक्ने,
- 'कहिले' प्रश्न प्रयोग गर्ने,
- दैनिक क्रिया, कक्षा, घर तथा विद्यालय सम्बन्धित थप शब्द प्रयोग गर्ने,
- १ देखि १०० गन्न सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण : सामान्य भूत तथा अभूत कालका ढाँचा र समयसम्बन्धी शब्द

ग) सम्भावित सिकाइ सामग्रीहरू : स्थानीय भाषाका आवश्यक शब्दहरू, बालगीत, कथा, कविता

घ) सम्भावित सिकाइ क्रियाकलाप

- हप्ताको एक दिन आधा घण्टा एउटा भाषा बोल्नलाई छुट्याउने र सकेसम्म तोकिएको भाषामै सबै जना बोल्ने तालिका मिलाउने र सिकिरहेका हरेक भाषाको एउटा- एउटा गीत वा लयबद्ध रहेको कविता सबैले सँगै गाउने । (सो गीत वा कविताको अर्थ विद्यार्थीलाई थाहा दिने ।
- स्थानीय वा मातृभाषामा अघिल्लो दिनको दैनिकी लेखेर कक्षामा सुनाउन लगाउने । यसैमार्फत सामान्य भूतको पनि अभ्यास गराउन सकिन्छ ।
- आफ्नो हरेक दिन हुने गरेको सामान्य दैनिकी वा कुनै तस्बिर अथवा दृश्यको विवरण सामान्य वर्तमानमा लेखेर कक्षामा सुनाउन लगाउने ।
- छिटो, ढिलो, हिजो, आज, भोलि, यो हप्ता, महिनाजस्ता समय जनाउने शब्द प्रयोग गर्न 'कहिले ?' प्रश्न सोधेर अभ्यास गराउने ।
- १०० सम्म याद गर्न किताबका पाना सङ्ख्यालाई पालैपालो अन्य भाषामा भन्ने खेल खेल्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- स्थानीय तथा मातृभाषामा क्रियाका सामान्य भूतकाल र अभूतकालको प्रयोग गरेको,
- समयवाचक शब्द वाक्यमा प्रयोग गर्ने प्रयत्न गरेको,
- सामान्य दैनिकी लेख्न सकेको,
- १ देखि १०० सम्म गन्न सकेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ३० मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

# कक्षा ६

पाठयोजना १.

| | |
|---|---|
| **कक्षा ६** | **पाठ ः १. मेरो दैनिक जीवन** |
| **विषयवस्तु ः जिविकाको मुख्य आधार** | **कार्यघण्टा ः ३** |

क) सिकाइ उपलब्धि ः

- पालिकामा शिक्षा, स्वास्थ्य, खानेपानी सेवाको अवस्था र तिनको दैनिक जीवनमा आवश्यकता तथा उपयोगिताबारे विचार राख्न सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण ः शिक्षा, स्वास्थ्य, खानेपानी

ग) सम्भावित सिकाइ सामग्रीहरू ः

घ) सम्भावित सिकाइ क्रियाकलाप

- पालिकाको भ्रमण गरेको बेला पालिकाका विभिन्न समूहलाई शिक्षा, स्वास्थ्य र खानेपानीका सेवा सुविधाको स्थिति बुझ्न लगाउने । यसो गर्दा विद्यार्थीलाई नै प्रश्नावली बनाउन प्रोत्साहन गर्ने । भ्रमण नगएको भए पनि पालिकाको प्रतिनिधि विद्यालयमा बोलाएर वा फोन गरेर अथवा वडामा नै भए पनि सोध्न लगाउने । शिक्षकले पनि भनिदिने ।
- यहाँबाट आएका सूचनाहरूको प्रयोग गरेर एक तुलनात्मक चित्र वा चार्ट बनाउन सकिन्छ । विद्यार्थीहरूलाई समूहमा बाँडेर विभिन्न सेवाक्षेत्रको स्थितिबारे प्रस्तुति दिन लगाउने ।
- पालिका शिक्षा, स्वास्थ्य र खानेपानीको अवस्थाबारे बुझ्दै जाँदा आफ्नो वडा वा टोलमा उपलब्ध (वा उपलब्ध हुन बाँकी) सेवा सुविधाबारे छलफल गर्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- पालिकामा भएका (वा हुन बाँकी) सेवासुविधाबारे पाँचदेखि दश वाक्यमा जानकारी दिन सकेको
- आफ्नो क्षेत्रमा भएका (वा हुन बाँकी) सेवासुविधाबारे सूचना र वास्तविकता बीचको तुलनात्मक दृष्टिकोणबाट भन्न सकेको
- आफ्नो क्षेत्रमा नभएका सेवासुविधाबारे के गर्न र कसरी गर्न सकिन्छ भन्ने बनाएको विचार पाँच वाक्य जतिमा भन्न सकेको
- एउटा सेवाग्राहीका दृष्टिले शिक्षाको सुविधाबारे आफ्नो परिवारले के गर्नुपर्ने वा गर्न सक्ने रहेछ तीन वाक्यजतिमा भनेको

च) परियोजना कार्य

नोट ः शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ३ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना २.

| | |
|---|---|
| **कक्षा ६** | **पाठ : १. मेरो दैनिक जीवन** |
| **विषयवस्तु : जडीबुटी तथा गैरकाठ वनपैदावर** | **कार्यघण्टा : ४** |

क) सिकाइ उपलब्धि :

- पालिकाका विभिन्न समुदायले स्थानीय रूपमा प्रयोग गर्ने गरेका जडीबुटी र तिनका काम पहिचान गर्ने
- विज्ञ, ठूला मान्छे तथा चिकित्सकको सल्लाह बेगर कुनै पनि जडीबुटी प्रयोग गर्नु हुँदैन भन्ने सचेतना

ख) विषयवस्तुको विस्तृतीकरण : वरपरका काठ- बाहेक मानिसलाई काम लाग्ने वनपैदावरहरू (जस्तै : निगुरो, तामा, फल) र जडीबुटीहरू

ग) सम्भावित सिकाइ सामग्रीहरू : स्थानीय विज्ञ, जडीबुटीका औषधीय भाग, वर्गीकरण तालिका

घ) सम्भावित सिकाइ क्रियाकलाप

- स्थानीय जडीबुटी विज्ञलाई कक्षामा स्थानीय वन वनस्पतिको औषधीय प्रयोगबारे भन्न बोलाउने र विद्यार्थीबाट प्रश्नोत्तर सत्र सञ्चालन गराउने ।
- अन्य उपयोगमा आउने ऋतुअनुसार पाइने बोटबिरुवा जस्तै : निगुरो, च्याउ, तामा आदि चिनाउँदै त्यसको प्रयोगबारे विद्यार्थीलाई टिपोट गर्न लगाउने ।
- सबै जडीबुटी खान मिल्दैन र विज्ञको परामर्श बेगर प्रयोग गर्नु हानिकारक हुन सक्छ भन्ने जानकारी दिने । यसको उदाहरण छरछिमेकका व्यक्तिलाई सोधेर विद्यार्थीलाई लिएर आउन भन्ने ।
- वैज्ञानिक रूपमा पुष्टी भइसकेका वा नभईकन स्थानीय रूपमा प्रयोग गरिएका औषधीय वनस्पतिबारे विद्यार्थीलाई खोज गर्न लगाउने । शिक्षकले सहयोग गर्ने ।
- औषधिको रूपमा प्रयोग भएका वा नभएका विषालु वन वनस्पति तथा च्याउ चिनाउने, रङ्गीन चित्र बनाउन दिने र त्यसको खतराबारे सतर्क हुने ।
- जङ्गली वन वनस्पतिका फाइदा बेफाइदाबारे छलफल गर्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- जडीबुटीको रूपमा प्रयोग गरिने दश वनस्पति चिन्न सकेको
- खानाका रूपमा प्रयोग गरिने पाँच जङ्गली वनस्पति चिन्न सकेको
- पाँचवटा विषालु वनस्पति चिनेको
- दुईवटा विषालु वनस्पतिको चित्र बनाउन सकेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ४ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना ३.

| | |
|---|---|
| **कक्षा ६** | **पाठ ः १. मेरो दैनिक जीवन** |
| **विषयवस्तु ः कृषि र पशुपालन** | **कार्यघण्टा ः ५** |

क) सिकाइ उपलब्धि ः

- स्थानीय बालीको फाइदा र सुधार गर्नुपर्ने पक्ष बताउने र अभ्यास गर्ने
- मूलबालीको रोप्ने र थन्क्याउने खेती पात्रो भन्न सक्ने
- गाउँमै भएको र बाहिरबाट ल्याएको बाली चिन्न सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण ः

- स्थानीय बालीको फाइदा र सुधार गर्नुपर्ने पक्ष
- मूलबालीको रोप्ने र थन्क्याउने खेती पात्रो
- गाउँमै भएको र बाहिरबाट ल्याइएका बाली

ग) सम्भावित सिकाइ सामग्रीहरू ः

घ) सम्भावित सिकाइ क्रियाकलाप

- वरपर भएका परम्परागत खेतीबालीको अवलोकन गराउने । समुदायमा समूहमा गएर परम्परागत रूपमा खेती गरिने मूल दश बालीको नाम सोधेर सूची बनाउने । किसानसँग ती बालीका विशेषता र कमजोर पक्ष सोधेर नोट गर्न लगाउने ।
- सबैले आफ्नो घरमा करेसाबारी बनाउन भन्ने । विद्यालयमा समूह बनाई विभिन्न तरकारी रोप्न नर्सरी तयार पार्ने । विद्यालयमा बीउ वा बेर्ना लिएर आउन लगाउने । बेर्ना रोप्ने । करेसाबारी वा फूलबारीमा हरियो घेराबार लगाउने ।
- स्थानीय रूपमा पाइने बोटबिरुवा तथा बालीको बीउ संकलन गर्ने । त्यसलाई चार्टपेपरमा नाम लेखेर टाँस्ने र ऋतुअनुसार रोप्ने र थन्क्याउने पात्रो बनाउने ।
- घरगाउँमा नयाँ आएको पाँच बालीका नाम र तिनका विशेषता सोधेर सूची बनाउने । ती किन भित्रिएका होलान् भन्नेबारे छलफल गर्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- स्थानीय बालीका गुन र बैगुन भन्न सकेको
- नर्सरी बनाउन र बेर्ना तयार गर्न जानेको
- मुख्य तीन परम्परागत बालीहरूको पात्रो बताउन सकेको
- घर वा विद्यालयमा करेसाबारी बनाउने प्रयत्न गरेको

च) परियोजना कार्य

> नोट ः शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना ४.

| | |
|---|---|
| **कक्षा ६** | **पाठ : १. मेरो दैनिक जीवन** |
| **विषयवस्तु : कृषि र पशुपालन बाहेकका समसामयिक र व्यावसायिक पेसा** | **कार्यघण्टा : ४** |

क) सिकाइ उपलब्धि :

- समुदायमा भएका सीप, काम तथा आवश्यकता हेरेर आफूलाई गर्न मन भएको काम (जागीर नभई कामको प्रकृति) बारे आफ्नो विचार राख्न र प्रस्तुत गर्न सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण : - आफ्नो रुचिका काम

ग) सम्भावित सिकाइ सामग्रीहरू :

घ) सम्भावित सिकाइ क्रियाकलाप

- विद्यार्थीलाई आफूले राम्ररी गर्न जानेको वा गर्न असाध्यै रमाइलो लाग्ने पाँचवटा गतिविधिको सूची बनाउन लगाउने (यस्ता काममा माछा मार्न जाने, फूलबारी गोड्ने, फुटबल खेल्ने, अगाडि गएर बोल्ने, गीत गाउने आदि जे पनि पर्न सक्छन्)।
- ती गतिविधिमा चाहिने सीप तथा गुण के के हुन् र ती सीप समुदायका पेसामध्ये केमा काम लाग्न सक्छन् मनन गरेर लेख्न लगाउने (उदाहरण : कसैलाई आफू हिसाबमा एकदमै राम्रो छु र रमाइलो लाग्छ भने त्यसमा अङ्कको सीप चाहिने हुन्छ, धैर्यता हुनुपर्दछ, अब यी सीप तथा गुण भएको स्थानीय पेसा व्यापारको हिसाबकिताब, लेखाको काम, शिक्षक, कृषक आदिमा हुनुपर्ने हुन सक्छ)।
- विद्यार्थीलाई आफूलाई मन पर्न सक्ने पेसा स्थानीय स्तरबाट पनि खोज्न सकिने बताउने।

ङ) सिकाइ मूल्याङ्कन

- आफूलाई मन पर्ने मुख्य पाँच सीप भन्न सकेको
- आफूलाई मन नपर्ने मुख्य दुई सीप कारणसहित भन्न सकेको
- समुदायमा भएका सीप, काम तथा आवश्यकता हेरेर आफूलाई गर्न मन भएको काम (जागीर नभई कामको प्रकृति) बारे विचार गरेर भन्न सकेको
- पेसागत पाँचवटा काम र त्यसका लागि आवश्यक मुख्य दुई-दुई गुण राखेर एउटा सूची बनाएको वा,
    - आफूले मन पराएको गतिविधि सम्बन्धित काम गर्न वा हेर्न थालेको वा प्रयत्न गरेको (जस्तै : मेकानिक बन्ने भए वर्कसपमा शनिबार गएर काम गर्ने, खेती गर्ने भए बाआमासँग काम गर्न गएको वा फलफूलको एउटै भए पनि बिरुवा जोगाएको)

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन्। तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ। विशेषगरी, कार्यघण्टा ४ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला।

पाठयोजना ५.

| | |
|---|---|
| **कक्षा ६** | **पाठ : २. हाम्रो समुदाय** |
| **विषयवस्तु : वरपरको भौगोलिक तथा सामाजिक वातावरण** | **कार्यघण्टा : ७** |

क) सिकाइ उपलब्धि :

- गापाको आधिकारिक नाम, वर्तमान पालिका अध्यक्षको नाम भन्न र संरचना, सेवा र कामहरूको वर्णन गर्न सक्ने
- गापाको अवस्थिति र भौगोलिक विशेषताका पक्ष पहिचान गर्ने

ख) विषयवस्तुको विस्तृतीकरण :

- वागमती गापाको संरचना, कार्यालयका मुख्य शाखा र काम
- गापाको भौगोलिक अवस्थिति र विशेषता

ग) सम्भावित सिकाइ सामग्रीहरू :

घ) सम्भावित सिकाइ क्रियाकलाप

- विद्यार्थीलाई गापा जानुभन्दा अघिल्लो पाठमा नै गापाबारे के थाहा छ सोध्ने र कस्तो होला अनुमान गर्न लगाउने र उनीहरूले भनेको कुरा ठीक/बेठीक नभनी टिपोट गरिराख्ने ।
- गापाको कार्यालयसँग समन्वय गरेर भ्रमणका लागि लग्ने वा कार्यालय र कार्यालयको काम देखाउने खालको भिडियो वा फोटो देखाउने । विद्यार्थीलाई समूहमा विभाजन गर्ने र विभिन्न काम दिने ।
- त्यहाँका सूचना अधिकारीलाई भेटाउने । पालिकामा कहाँ के छ र भइरहेछ अवलोकन गर्न लगाउने र काम लिन आएका मानिस के कस्ता कामले आउँदा रहेछन् सोध्न लगाउने ।
- कति महिला र कति पुरूष छन् याद गर्न लगाउने र अध्यक्ष वा उपाध्यक्षमा महिला कसरी भएको छलफल गर्ने । पालिकाका कोठाहरूमा के के लेखेको रहेछ हेरी शाखाहरूका नाम पत्ता लगाउने ।
- पालिकामा जान सम्भव नभए शिक्षकले फोटो, रेखाङ्कनमार्फत शाखा बुझाउँदै काम बुझाउने । वडा कार्यालयका कामसँग दाँज्ने र उदाहरण दिने ।
- गापा वा वडामा बुझेको र शिक्षकले भनेको आधारमा पालिका र त्यसका कामबारे सामूहिक प्रस्तुति दिन लगाउने । प्रस्तुतिका लागि चार्टपेपर वा बोलेर वर्णन गर्ने बाहेक अभिनयजस्ता माध्यम प्रयोग गरेर गापाका विभिन्न शाखा र तिनका काम अभिव्यक्त गर्न लगाउने ।

ङ) सिकाइ मूल्याङ्कन

- पालिका गएको दिन त्यहाँ के भइरहेको थियो भनेर कुरा नदोहोऱ्याइ १०० शब्द जतिमा बयान गरेको
- गापाका मुख्य पदाधिकारीहरूको नाम थाहा भएको- अध्यक्ष र उपाध्यक्ष
- गापाले गर्ने मुख्य तीन कामहरू भन्न सकेको वा कम्तीमा तीन शाखाको नाम र एक-एक मुख्य काम भन्न सकेको
- किन अध्यक्ष र उपाध्यक्ष एक महिला एक पुरूष भएको त्यसबारे केही विचार भनेको वा आफूले विचार गरेको भन्दा पालिका के फरक लाग्यो भन्न सकेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ७ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना ६.

| | |
|---|---|
| **कक्षा ६** | **पाठ : २. हाम्रो समुदाय** |
| **विषयवस्तु : स्थानीय रेकर्ड बुक** | **कार्यघण्टा : ४** |

क) सिकाइ उपलब्धि :

- वागमती गापाका भौगोलिक विशेषतासम्बन्धी तथ्याङ्कबारे परिचित हुने

ख) विषयवस्तुको विस्तृतीकरण :

- भौगोलिक रेकर्ड बुक

ग) सम्भावित सिकाइ सामग्रीहरू :

घ) सम्भावित सिकाइ क्रियाकलाप

- वागमती गापाले प्रमाणित गरेको पालिका स्तरीय भौगोलिक विशेषताका तथ्याङ्क (जस्तै : सबभन्दा पुरानो गाउँ, अग्लो डाँडा) सम्बन्धी हाजिरी जवाफ प्रतियोगिता आयोजना गराउने ।
-

ङ) सिकाइ मूल्याङ्कन

- वागमती गापाबारे भौगोलिक विशेषतासम्बन्धी विवरण भन्न सकेको
- व्यक्तिगत तहमा हाजिरी जवाफमा सोधिएका छ्यासमिस पाँच प्रश्नका उत्तर सही भनेको
- हाजिरी जवाफमा सोध्न सकिने तीन सम्भावित प्रश्न बनाएको
- आफ्नो वडा वा गाउँ कुन दृष्टिले रेकर्डमा पर्न सक्ला अन्दाज गरेर वा सल्लाह गरेर भन्न सकेको (केही नपरे पनि किन केही परेन भनेको)

च) परियोजना कार्य

| |
|---|
| नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ। विशेषगरी, कार्यघण्टा ४ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला । |

पाठयोजना ७.

| | |
|---|---|
| **कक्षा ६** | **पाठ ः २. हाम्रो समुदाय** |
| **विषयवस्तु ः चाखलाग्दा भौगोलिक ठाउँ** | **कार्यघण्टा ः ६** |

क) सिकाइ उपलब्धि ः

- पालिकाका महत्वपूर्ण भौगोलिक ठाउँहरूको परिचय, विवरण र विशेषता भन्न सक्ने र तिनका विशेषतामा अपनत्व राख्ने
- प्रदूषणमा सावधानी वातावरण संरक्षणको अभ्यास गर्ने

ख) विषयवस्तुको विस्तृतीकरण ः

- पालिकाका महत्वपूर्ण भौगोलिक ठाउँ र वरपरका स्थानको विवरण ः

ग) सम्भावित सिकाइ सामग्रीहरू ः भ्रमणका लागि स्थान, भौगोलिक स्थान सम्बन्धित विवरण र किंवदन्ती

घ) सम्भावित सिकाइ क्रियाकलाप

- पालिकाका महत्वपूर्ण भौगोलिक ठाउँहरूको परिचय दिने । सम्भव भएसम्म भ्रमणमा लाने, नभए विभिन्न कोणबाट लिइएका चित्र तथा भिडियो देखाउने । ती ठाउँ चुरे, महाभारत वा बीच कतातिर पर्छन् भनेर सोध्ने, छलफल गर्ने । आफ्नो घर त्यहाँबाट कता पर्छ होला जस्ता प्रश्नले कक्षा रमाइलो बनाउन सकिन्छ ।
- विद्यार्थीहरूको पछिल्ला भ्रमण वा आफ्नो अनुभवका आधारमा यी नयाँ ठाउँको भौगोलिक विशेषता कस्तो होला भन्नेबारे छलफल गराउने ।
- त्यस ठाउँ र त्यहाँबाट देखिने मुख्य ठाउँहरूको अवस्थितिबारे जिल्ला, पालिका वा नेपालको नक्सामा देखाउन लगाउने ।
- त्यस्ता ठाउँमा कसरी र कस्तो खालको प्रदूषण हुन्छ र प्रदूषणबाट जोगाउन के गर्न सकिन्छ भन्नेबारे छलफल तथा क्रियाकलाप गराउने । क्रियाकलापमा विद्यार्थीलाई त्यही ठाउँमा लगेर सरसफाइ अभियानको नमुना देखाउन सकिन्छ ।
- पालिकाका कुनै एक भौगोलिक विशेषताका ठाउँबारे आफ्नो व्यक्तिगत अनुभव वा भावनाका आधारमा कविता, निबन्ध, कथा वा यात्राका विवरण लेख्न र चित्र बनाउन दिने ।

ङ) सिकाइ मूल्याङ्कन

- पालिकाका महत्वपूर्ण भौगोलिक स्थानका नाम र अवस्थितिबारे भन्न सकेको
- आफ्नो क्षेत्रमा सरसफाइ अभियान निरन्तर गरेको वा प्रयत्न गरेको अथवा यसबारे सचेतना फैलाउनमा रुचि देखाएको
- रचनात्मक माध्यमबाट भौगोलिक विशेषता तथा विवरण प्रस्तुत गर्न सकेको
- आफूलाई मन पर्ने भौगोलिक ठाउँको चित्र बनाएको

च) परियोजना कार्य

नोट ः शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ६ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना ८.

| | |
|---|---|
| **कक्षा ६** | **पाठ : २. हाम्रो समुदाय** |
| **विषयवस्तु : ऐतिहासिक तथा सांस्कृतिक ठाउँ** | **कार्यघण्टा : ४** |

क) सिकाइ उपलब्धि :

- पालिकाका महत्वपूर्ण ऐतिहासिक स्थानको विवरण र त्यससँग जोडिएको कथाबारे परिचित हुने
- आफ्नो पालिकाको बसोबासको इतिहासको अनुमानित समयक्रम बताउन सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण : पालिकाका ऐतिहासिक तथा सांस्कृतिक स्थान

ग) सम्भावित सिकाइ सामग्रीहरू : ऐतिहासिक स्थानको भ्रमण, त्यहाँका विवरण

घ) सम्भावित सिकाइ क्रियाकलाप

- (नोट : चाखलाग्दा भौगोलिक ठाउँ मध्येको ठाउँ नै ऐतिहासिक वा सांस्कृतिक ठाउँ पनि हुन सक्छ। यिनको क्रियाकलाप एकीकृत रूपमा गराउन सकिन्छ।)
- अन्तर्क्रियात्मक क्रियाकलाप : पालिकाका ऐतिहासिक तथा सांस्कृतिक स्थानका नाम र तिनका केही विवरण (कुन वडा, कस्तो ठाउँ हो, वरपर के छन्) छोटोमा चिट्ठामा लेखेर विद्यार्थीलाई समूहमा छुट्याएर चिट्ठा बाँड्ने। प्रत्येक समूहले आफूलाई चिट्ठामा परेका ठाउँहरू पालिकाको नक्सामा कहाँ-कहाँ पर्छ होला भन्ने अनुमान गर्ने र मेट्न वा हटाउन मिल्ने चिह्न लगाउँदै इङ्गित गर्ने। कक्षामा जसलाई थाहा छ त्यो विद्यार्थी वा कसैलाई थाहा नभए शिक्षकले त्यस ठाउँबारेका तथ्य कक्षामा सुनाउने। शिक्षकले अन्त्यमा नमिलेका चिह्नलाई सच्याइदिने।
- यस्ता स्थानहरूमध्ये कुनभन्दा कुन अगाडि बनेको वा पहिचानमा आएको हो भन्नेबारे छलफल गर्ने।
- पालिकाको ऐतिहासिक वा सांस्कृतिक स्थानमा भ्रमण गएको बेलाको व्यक्तिगत अनुभवबारे लेखेर कक्षामा सुनाउन लगाउने। अनुभव लेख्दा दैनिकीजस्तो नभई केही देखेर आएका विचार वा महसुस भएका कुरा लेख्न निर्देशन दिने।

ङ) सिकाइ मूल्याङ्कन

- पालिकाका विभिन्न ऐतिहासिक तथा सांस्कृतिक स्थानको विवरण र त्यससँग जोडिएको कथा भन्न सकेको
- पालिकाका बस्तीहरूको इतिहासको अनुमानित समयक्रम बताउन सक्ने
- ती ठाउँका पर्यावरण, यात्रा गर्दाको अवस्था वा प्रचलित कथाबारे लेख्न/भन्न सकेको
- व्यक्तिगत बुझाइ वा अनुभवका आधारमा कविता, निबन्ध, कथा, यात्राका विवरण लेखेर कक्षामा प्रस्तुत गरेको

च) परियोजना कार्य

> नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन्। तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ। विशेषगरी, कार्यघण्टा ४ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला।

पाठयोजना ९.

| | |
|---|---|
| **कक्षा ६** | **पाठ : २. हाम्रो समुदाय** |
| **विषयवस्तु : बागमती गापाको इतिहास - युद्ध इतिहास, सामुदायिक इतिहास र ऐतिहासिक व्यक्तित्व** | **कार्यघण्टा : २** |

क) सिकाइ उपलब्धि :

- पालिकामा कुन समुदाय कहाँबाट कहिले कहाँ-कहाँ आयो भन्न सक्ने
- आफ्नो गाउँमा भएको बसाइँसराइका कारणहरूबारे परिचित हुने

ख) विषयवस्तुको विस्तृतीकरण : - हामी र हाम्रो समुदायको यात्रा

ग) सम्भावित सिकाइ सामग्रीहरू : गाउँका ज्येष्ठ नागरिक, पालिकाका दस्तावेज

घ) सम्भावित सिकाइ क्रियाकलाप

- सबै विद्यार्थीले आफ्नो टोलमा दश वर्षभित्र बसाइँ सरी आएका परिवारलाई उनीहरूको पहिलेको गाउँ छोड्नु र अहिलेको गाउँमा आउनुको कारण सोधेर टिपोट गर्ने । साथै बसाइँ जाने परिवारहरूका सम्भावित छोड्ने कारण छरछिमेकलाई सोधेर टिपोट गर्ने । टिपोट कक्षामा प्रस्तुत गर्न लगाउने ।
- बसाइँ आउने र जाने कारणबारे छलफल गर्ने ।
- पालिकाका सबैभन्दा पुराना र नयाँ बस्तीमा जाने र ती दुईका फरकहरू अध्ययन गर्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- आफ्नो छरछिमेकमा कुन जातीय समूह कहाँबाट कहिले आएको हो भन्नेबारे विवरण बनाएर प्रस्तुत गरेको
- पालिकाका सबैभन्दा पुराना दुई बस्तीको ५० शब्दमा विवरण दिएको
- आफ्नो ठाउँमा वा आफ्नो ठाउँबाट मान्छेहरू किन बसाइँसराइ गर्छन् भन्न सकेको
- पुराना र नयाँ बस्तीका २/२ विशेषता, फाइदा र बेफाइदा लेख्न सकेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा २ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १०.

| | |
|---|---|
| **कक्षा ६** | **पाठ : ३. हाम्रा वरपरका सजीव** |
| **विषयवस्तु : वन वनस्पति** | **कार्यघण्टा : ५** |

क) सिकाइ उपलब्धि :

- वनस्पतिको वातावरणीय महत्व बुझेर बोटबिरुवा संरक्षण गर्नुपर्छ भन्ने भावनाका साथ तर्क दिन सक्ने
- स्थानीय वनस्पतिको प्रभावबारे भन्न सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण : - वातावरणका लागि वनस्पति

ग) सम्भावित सिकाइ सामग्रीहरू : वरपरका वनस्पति, तिनको पात, डाँठ, र/वा फूल

घ) सम्भावित सिकाइ क्रियाकलाप

- वरपरका वन वनस्पति (फुलेका बेला भए राम्रो) अवलोकनका लागि लगेर त्यसले कसरी पारिस्थितिकी प्रणालीमा सहयोग गर्छ भन्ने कुराको खोज गर्न दिने । सो वनस्पति सहितको पारिस्थितिकी प्रणालीको चक्र बनाएर प्रस्तुति दिन लगाउने ।
- स्थानीय वनस्पतिको महत्वबारे कथा वा निबन्ध लेख्न दिने ।
- स्थानीय जडीबुटी विज्ञलाई कक्षामा स्थानीय वन वनस्पतिको औषधीय प्रयोगबारे भन्न बोलाउने र विद्यार्थीबाट प्रश्नोत्तर सत्र सञ्चालन गराउने । जडीबुटी तथा गैरकाठ वनपैदावर विषयसँग मिलाएर यो क्रियाकलाप गराउन सकिन्छ । बूढापाकामा रहेको स्थानीय वन वनस्पतिको ज्ञान हराउँदै गएकाले नयाँ पुस्ताले जान्नुपर्ने कुरा बताउने ।
- स्थानीय वनस्पतिका सम्पूर्ण वा कुनै भागका चित्र बनाउन लगाउने ।

ङ) सिकाइ मूल्याङ्कन

- गाउँघरतिर पाइने वनस्पतिको महत्वबारे लेख्न र भन्न सकेको
- वातावरणको पारिस्थितिकी प्रणाली रेखा चित्रमा उतारेर प्रस्तुत गर्न सकेको
- स्थानीय बूढापाकामा रहेको वन वनस्पतिको ज्ञान किन जोगाउनुपर्छ र कसरी जोगाउन सकिन्छ भन्न लेख्न सकेको
- स्थानीय वनस्पतिका सम्पूर्ण वा कुनै भागका चित्र बनाउन सकेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना ११.

| | |
|---|---|
| **कक्षा ६** | **पाठ : ३. हाम्रा वरपरका सजीव** |
| **विषयवस्तु : जीवजन्तु र चराचुरुङ्गी** | **कार्यघण्टा : ५** |

क) सिकाइ उपलब्धि :

- पालिकाका विशेष जीवजन्तु र चराचुरुङ्गीबारे जानकारी र तिनको हालको अवस्थाबारे परिचित हुने
- जीवजन्तु संरक्षणबारे सचेत हुने

ख) विषयवस्तुको विस्तृतीकरण : - पालिकाका विशेष जीवजन्तु, चराचुरुङ्गी र तिनको हालको अवस्था

ग) सम्भावित सिकाइ सामग्रीहरू : पालिका क्षेत्रभित्र रहेका जीवजन्तुको सूची तथा विवरण, लोपोन्मुख जीवजन्तुको सूची

घ) सम्भावित सिकाइ क्रियाकलाप

- पालिका क्षेत्रभित्र के कस्ता मुख्य जीवजन्तुको बसोबास रहेको छ ? भन्ने प्रश्न सोधेर अन्त्यमा सही जानकारी दिने । विद्यार्थीलाई ती जनावरमध्ये कुनै एकको विशेषता झल्किने गरी चित्र बनाउनुका साथै निबन्ध लेख्न दिने र कक्षामा प्रस्तुत गराउने ।
- पहिला पाइने कस्ता जनावर र चरा आजकल खासै देखिँदैनन् भन्नेबारे घरका ज्येष्ठ सदस्यलाई सोधेर आउन लगाउने । पालिकामा पाइने लोपोन्मुख जीवजन्तुको सूची दिने । यी जीवजन्तु किन लोप भइरहेका होलान् छलफल गर्ने ।
- जङ्गली जनावरबाट आफ्नो गाउँठाउँमा किसानलाई के असर परेको छ र किन जनावर खेत र बस्तीतिर आउँछन् भन्नेबारे छलफल गर्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- पालिकामा पाइने पाँच मुख्य तथा दुई लोपोन्मुख जनावरहरूको नाम भन्न सकेको
- कुनै एक मुख्य जनावरबारे लेख्न तथा भन्न सकेको
- कुनै एक जनावरको मुख्य विशेषता झल्किने गरी चित्रमा देखाउन प्रयत्न गरेको
- जङ्गली जनावरबाट किसानलाई परेको असर कसरी घटाउने दुईवटा उपाय भन्न सकेको ।

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १२.

| | |
|---|---|
| **कक्षा ६** | **पाठ : ३. हाम्रा वरपरका सजीव** |
| **विषयवस्तु : विषालु जीवजन्तु** | **कार्यघण्टा : ५** |

क) सिकाइ उपलब्धि :

- जनावर विषालु हुनुमा जीवविकासको प्रभावबारे परिचित हुने
- विषालु जीवजन्तुले वातावरणमा पार्ने सकारात्मक असर पहिचान गर्ने

ख) विषयवस्तुको विस्तृतीकरण : - विषालु जीवबारे थप जानकारी

ग) सम्भावित सिकाइ सामग्रीहरू : विषालु जीवको व्यवहार र तिनका टोकाइको असरका चित्र वा मोडल, विषालु जीवको टोकाइसम्बन्धी काम गर्ने स्वास्थ्यकर्मी

घ) सम्भावित सिकाइ क्रियाकलाप

- बिच्छी, सर्प लगायतका जीव विषालु हुनुले वातावरणमा कस्तो प्रभाव पार्छ र किन महत्वपूर्ण छ भन्नेबारे वृत्तचित्र देखाउने वा शिक्षकले जानकारी दिने र छलफल गर्ने ।
- जीवविकासको क्रममा आफ्नो शिकारी वा खतराबाट बच्न विभिन्न जीवले विकास गरेका आत्मरक्षाका फरक फरक व्यवहारबारे छलफल गर्ने ।
- विभिन्न विषालु जीवहरूप्रति मानिसको प्राकृतिक प्रतिक्रियाबारे छलफल गर्ने र कसलाई के देख्दा डर लाग्छ वा के हुन्छ छलफल गर्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- विषालु जीवको वातावरणमा रहेको महत्वबारे भन्न सकेको
- विभिन्न जीवहरूको आत्मरक्षाका व्यवहार पहिचान गर्न सकेको
- विभिन्न विषालु जीवहरूप्रति मानिसको प्राकृतिक प्रतिक्रिया बताउन सकेको
- कुनै विषालु जनावरमा मानिसको जस्तो बुद्धि पस्यो भने के होला जवाफ दिन सकेको वा १०० शब्द लेखेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १३.

| | |
|---|---|
| **कक्षा ६** | **पाठ ः ४. हामो वातावरण** |
| **विषयवस्तु ः प्रकोप - प्राकृतिक प्रकोप र मानवजन्य प्रकोप** | **कार्यघण्टा ः ५** |

क) सिकाइ उपलब्धि ः

- पालिकाका चट्याङबाट प्रभावित क्षेत्रको पहिचान गर्ने
- चट्याङ लाग्दा अपनाउनु पर्ने सावधानीबारे परिचित हुने

ख) विषयवस्तुको विस्तृतीकरण ः चट्याङबाट सावधानी

ग) सम्भावित सिकाइ सामग्रीहरू ः पालिकामा हुने चट्याङसम्बन्धी आधिकारिक विवरण, आकस्मिक सेवाको सम्पर्क

घ) सम्भावित सिकाइ क्रियाकलाप

- सम्भव भए चट्याङबारे भिडियो देखाएर छलफल गर्ने । विद्यार्थी आफूले बुझेको आधारमा चट्याङ लाग्नुको कारणबारे भन्न लगाउने । यसबारे पनि छलफल गर्ने ।
- चट्याङबारे अनुभव वा घटना भन्न लगाउने । पालिका चट्याङग्रस्त क्षेत्र रहेको तथ्य र पालिकाभित्रका चट्याङ पर्ने वा पर्न सक्ने स्थानहरूबारे अवगत गराउने ।
- आफ्नो वरपरका चट्याङ प्रभावित ठाउँहरूको समूहमा छलफल गरी सूची बनाउन दिने र त्यसबाट सुरक्षित रहन कस्तो सावधानी अपनाउने भन्नेबारे छलफल गर्ने ।
- चट्याङबारे कथा, कविता लेख्न लगाउने ।
- चट्याङको जोखिम न्यूनीकरण गर्नका लागि पालिकाले के गर्न सक्छ र गरिरहेको छ छलफल गर्ने र नभएमा माग गर्ने ।
- चट्याङको जोखिम न्यूनीकरण गर्नका लागि प्रचार तयार पारी समुदायमा समूह बनाई छलफल गर्ने । ( यो विषय सकेसम्म चट्याङ पर्ने मौसममा र विज्ञानको विद्युत् पाठ पढाउँदा पढाउने ।)

ङ) सिकाइ मूल्याङ्कन

- चट्याङ परेको बेलामा सुरक्षित रहने चार उपाय भन्न सकेको
- चट्याङ लाग्ने दुई कारण भन्न सकेको
- चट्याङको जोखिम न्यूनीकरणका लागि जनचेतना फैलाउन सकेको
- पालिका वा वडाको चट्याङको जोखिम न्यूनीकरण गर्ने व्यवस्थाबारे भन्न सकेको

च) परियोजना कार्य

नोट ः शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १४.

| | |
|---|---|
| **कक्षा ६** | **पाठ ः ४. हामो वातावरण** |
| **विषयवस्तु ः सरूवा रोग - पानीजन्य, हावाजन्य, जनावरको टोकाइ, नयाँ भाइरस** | **कार्यघण्टा ः ६** |

क) सिकाइ उपलब्धि ः

- गापामा सबैभन्दा प्रभाव पारेका सरुवा रोगबारे सचेत हुने
- तीबारे बच्ने र जनचेतना फैलाउने उपाय लागु गर्न सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण ः

- गापामा असर गरेका सरुवा रोग
- सरुवा रोगबाट बच्ने उपायहरू

ग) सम्भावित सिकाइ सामग्रीहरू ः समुदाय भ्रमण, सरूवा रोग झल्काउने चित्र, स्वास्थ्यकर्मीसँग प्रश्नोत्तर

घ) सम्भावित सिकाइ क्रियाकलाप

- विद्यार्थीहरूलाई समूहमा बाँडेर गापामा धेरै देखिने विभिन्न सरुवा रोग (मलेरिया/डेंगु, टिबी, झाडापखाला, कोभिड-१९ आदि) भाग लगाएर यी रोगबाट स्वास्थ्य चौकीमा आउने व्यक्तिहरूको संख्या वा मृत्युदर के कस्तो छ नजिकको स्वास्थ्य चौकीमा वा वडामार्फत वा सम्भव भए गापाको स्वास्थ्य विभागमा बुझ्न लगाउने र थाहा भएजति जानकारी बटुल्न लगाउने ।
- माथिको जानकारी कक्षामा प्रस्तुति गर्दै कुनै रोगको प्रभाव किन धेरै भयो होला र यसलाई कम गर्न के कस्तो कदम चाल्नु पर्ला भन्नेबारे छलफल गर्ने ।
- अविभावक दिवस वा भेलामा यस्ता रोग फैलन नदिने र सुरक्षित रहनेबारे कविता, वक्तृत्वकला जस्ता प्रस्तुति गर्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- गापाका सरुवा रोगबारे जानकारी संकलनमा र सामूहिक कार्यमा सक्रियता देखाएको
- गाउँमा सबैभन्दा धेरै लाग्ने तीनवटा रोग र ती कुन-कुन सरुवा हुन् भन्न सकेको
- गाउँमा सबैभन्दा धेरै लाग्ने तीनवटामध्ये एक रोगको कारण, बच्ने उपाय र उपचारबारे लेख्न भन्न सकेको
- कुनै एक माध्यमबाट यी रोगबारे जनचेतना फैलाउन प्रयत्न गरेको

च) परियोजना कार्य

नोट ः शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ६ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १५.

| | |
|---|---|
| **कक्षा ६** | **पाठ ः ४. हामो वातावरण** |
| **विषयवस्तु ः वातावरण विनास तथा संरक्षण** | **कार्यघण्टा ः ६** |

क) सिकाइ उपलब्धि ः

- गापामा रहेको प्रदूषण, तिनका मुख्य कारक र न्यूनीकरण तथा समाधानका उपाय पहिचान गर्ने
- जलवायु परिवर्तनमा आफ्नो (स्वयम्, परिवार, पालिका, देश) नजानिँदो भूमिका र यसको असरबारे परिचित हुने

ख) विषयवस्तुको विस्तृतीकरण ः - गापामा रहेको प्रदूषणका कारण र रोकथाम

ग) सम्भावित सिकाइ सामग्रीहरू ः पहिले र अहिलेको वन भूभाग देखिने चित्र, फोहोर व्यवस्थापनको प्रक्रिया

घ) सम्भावित सिकाइ क्रियाकलाप

- आफ्नो ठाउँ वरपर तथा समग्र गापामा क-कस्ता प्रदूषण (वायु, माटो, पानी र ध्वनि प्रदूषण) रहेको थाहा छ ? भन्ने प्रश्न गर्दै विद्यार्थीको विचार लिने । तिनका कारण के होलान् र आफ्नो घर वरपर के कस्ता कामले प्रदूषण बढाउँछन् भन्नेबारे छलफल गर्ने ।
- सम्भव भए धारा, खोला, सडक, फोहोर सङ्कलन गरेर डढाउने ठाउँजस्ता प्रदूषण हुने ठाउँमा लाने र अवलोकन गरेर आफ्नो अनुभव लेख्न लगाउने ।
- जलवायु परिवर्तनका कारण र असरबारे भिडियो देखाउने वा लेख पढ्न दिने र आफ्नो समुदायमा जलवायु परिवर्तनमा सहयोग गरिरहेको गतिविधिहरू के के रहेछन् टिप्न लगाउने (आफ्ना ठाउँमै ठूलाठूला कारखाना नभए पनि ती कारखानाका उत्पादन प्रयोग गर्नु पनि कसरी प्रदूषण बढाउने गतिविधिमा पर्दछ भनेर जानकारी दिने) ।
- विद्यार्थीलाई प्रदूषण न्यूनीकरण तथा रोकथामका उपायहरूको सूची बनाउन दिने र पालैपालो प्रस्तुत गराएर छलफल गर्ने ।
- छलफल गरेका वायु, माटो, पानी र ध्वनि प्रदूषणका कारण र न्यूनीकरण तथा समाधानलाई सूचीबद्ध गरेर चार्टपेपरमा लेख्ने र कक्षामा टाँस्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- गापामा प्रदूषण फैलाउने पाँच मुख्य कारक टिपोट गरेको
- जलवायु परिवर्तनका दुई कारण र दुई असर भन्न सकेको
- प्रदूषण न्यूनीकरण तथा रोकथामका चार उपाय भन्न सकेको
- सबैको प्रदूषणमा बराबर योगदान छ कि छैन होला उदाहरणसहित विचार दिन सकेको

च) परियोजना कार्य

नोट ः शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ६ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १६.

| | |
|---|---|
| **कक्षा ६** | **पाठ : ५. मेरो सिर्जना** |
| **विषयवस्तु : हस्तकला, परम्परागत सीप र धार्मिक सीप** | **कार्यघण्टा : ६** |

क) सिकाइ उपलब्धि :

- परम्परागत खेतीपातीका साधन र तिनका प्रयोग भन्न सक्ने
- घरायसी वा जीवनोपयोगी सामग्री निर्माण गर्न जान्ने वा नजाने पनि त्यसबारे सामान्य ज्ञान राख्ने

ख) विषयवस्तुको विस्तृतीकरण : - परम्परागत खेतीपाती र थप जीवन उपयोगी सीपमा सहभागिता

ग) सम्भावित सिकाइ सामग्रीहरू : परम्परागत खेतीपातीमा प्रयोग हुने साधन वा तिनका चित्र

घ) सम्भावित सिकाइ क्रियाकलाप

- परम्परागत खेतीपातीमा प्रयोग हुने थाहा भएजति साधनको सूची लेखेर कक्षामा प्रस्तुत गर्ने, ती मध्येको जुनजुन सामान घर अथवा छिमेकमा छ, तिनका नाम, ती केबाट बनेका हुन् र तिनको प्रयोग लेख्नुका साथै चित्र बनाएर ल्याउन लगाउने । आफ्नो घर वा छिमेकमा छैन भने कम्तीमा दुई सामग्रीबारे घर वा छिमेकमा जसलाई थाहा छ सोधेर लेख्न र प्रस्तुत गर्न लगाउने ।
- धान र मकै बालीमा बीउ छर्नेदेखि पकाउने अवस्थासम्म चलाइने परम्परागत औजारको सूची तयार गर्ने ।
- परम्परागत शैलीमा कसरी खेती गरिन्छ भन्नेबारे छलफल गर्न विज्ञ किसानलाई कक्षामा बोलाउने । किसान, शिक्षक र विद्यार्थीको सल्लाहमा कुनै एक अन्न बाली छानेर त्यसको खेतीको परम्परागत शैलीबारे किसानसँग सोध्दै क्रमागत रूपमा लेख्न लगाउने । खेतीपातीमा अघिल्लो पुस्ताभन्दा आजकलका सामग्री, साधन, औजार के के फरक छ सोधेर टिपोट गर्ने ।
- कक्षा ५ मा जसरी विद्यार्थीलाई आजसम्म पढेकामध्ये थप कुन-कुन सामग्रीसँग काम गर्न मन लागेको छ लेखाउने र ती मध्येको एउटा सामग्रीको नमुना आफैं बनाउने
परियोजनात्मक कार्य दिने । यी सामग्री जम्मा गरेर विद्यालयको अभिभावक दिवस, बालदिवस वा कुनै कार्यक्रम आयोजना गरिएको बेला प्रदर्शनमा राख्ने ।
- विद्यार्थीलाई रुचि भएको विषयमा सीप भएका व्यक्तिसँग एक दिन काम गर्ने । त्यसको दिनभरिको लिखित विवरण बनाउन दिने । (कृषि र पशुपालन विषयसँग एकीकृत गरेर पढाउन सकिन्छ ।)

ङ) सिकाइ मूल्याङ्कन

- परम्परागत खेतीको प्रक्रिया वा उदाहरण दिन सकेको वा कम्तीमा परम्परागत खेतीका दुईवटा सीप जानेको
- खेतीपातीमा प्रयोग हुने चारवटा औजार र साधनहरूको चित्र बनाउन सकेको
- आफ्नो रुचिको परम्परागत सीपको अभ्यास गरेर कम्तीमा एउटा सामग्री निर्माण गरेको वा प्रयत्न गरेको
- आफ्नो रुचिको परम्परागत सीपमा काम गर्दा एक दिनभरिको लिखित विवरण पेश गर्न सकेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ६ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १७.

| | |
|---|---|
| **कक्षा ६** | **पाठ : ५. मेरो सिर्जना** |
| **विषयवस्तु : लोक कला तथा साहित्य** | **कार्यघण्टा : ६** |

क) सिकाइ उपलब्धि :

- गीत र कथा बाहेकका लोक तथा स्थानीय कलाबारे खोजी गर्ने
- आफ्नो रुचिको कलाक्षेत्रबारे परिचित हुने र उक्त कला सिक्न वा प्रस्तुत गर्न प्रयत्न गर्ने

ख) विषयवस्तुको विस्तृतीकरण : - सामुदायिक कला तथा साहित्य
ग) सम्भावित सिकाइ सामग्रीहरू : स्थानीय रूपमा रहेका कलाका उदाहरण वा चित्र अथवा भिडियो
घ) सम्भावित सिकाइ क्रियाकलाप

- गीत, कथाबाहेक स्थानीय अरू कला के के होलान् ? भन्ने प्रश्न गर्ने । विद्यार्थीले चित्रकला, मूर्तिकला वाद्यकला (सङ्गीतको ज्ञान), अभिनय, नृत्य आदिका साथै फोटोग्राफी, चलचित्र पनि भन्न सक्छन् । यीमध्ये कुन-कुन र कस्ता कला लोक तथा साहित्य कलामा पर्लान् र गाउँमा परम्परागत वा सांस्कृतिक रूपमा प्रचलित के के होलान् छलफल गर्ने ।
- विद्यार्थीलाई आफ्नो ठाउँतिरको कुनै यस्ता कलाकार (चित्रकार, परम्परागत वा सांस्कृतिक कार्यक्रममा अभिनय तथा नृत्य गर्ने) लाई भेटेर उनको कला अभ्यासबारे लेखेर ल्याउन लगाउने । सम्भव भए त्यस्ता व्यक्तिलाई कक्षामै प्रस्तुति तथा प्रश्नोत्तर सत्रका लागि बोलाउने ।
- स्थानीय मूलका नभए पनि घरगाउँमा परम्परागत कलाका कुन-कुन रूप देख्न सकिन्छ पत्ता लगाउने र सूची बनाउने (जस्तै : थाङ्का, गुम्बामा मूर्ति) ।
- विद्यार्थीलाई रुचि भएको कलाक्षेत्र (लेखन, गायन वाद्यवादन, चित्रकला, अभिनय, नृत्य, निर्माण आदि) कुन हो, किन मन पर्छ, त्यसको के मन पर्छ, त्यो क्षेत्रको स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कलाकारहरूमध्ये को-को मन पर्छन् र किन ? आदि जस्ता प्रश्नको उत्तर आउने गरी अनुच्छेद लेख्न लगाउने र कक्षामा प्रस्तुत गर्न दिने ।
- विद्यार्थीले उल्लेख गरेका कलासँग सम्बन्धित स्थानीय कलाकारहरूसँग भेटाउने वा भेटाउन सहयोग गर्ने र विद्यार्थीले रुचि देखाएका कलाबारे बुझ्न, सिक्न र प्रस्तुत गर्न उत्प्रेरित गर्ने ।

ङ) सिकाइ मूल्याङ्कन
- गीत र कथा बाहेकका लोक साहित्य तथा स्थानीय कलाबारे चारवटा कुरा भन्न सकेको
- आफ्नो रुचिको कलाक्षेत्रबारे खुलेर भन्न सकेको
- आफ्नो रुचिको कला सिक्न वा त्यसबारे बुझ्न इच्छा देखाएको
- कला किन जरुरी छ र स्थानीय कला संरक्षण र विकास गर्न के गर्नुपर्छ तीनवटा कुरा भन्न सकेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ६ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १८.

| | |
|---|---|
| **कक्षा ६** | **पाठ ः ६. हाम्रो सँस्कृति** |
| **विषयवस्तु ः चालचलन र चाडपर्वहरू** | **कार्यघण्टा ः ५** |

क) सिकाइ उपलब्धि ः

- स्थानीय चालचलन र चाडपर्वबारे परिचित हुने र गौरव गर्ने

ख) विषयवस्तुको विस्तृतीकरण ः - जन्मेदेखि मृत्युसम्मको रीति र चाडपर्व

ग) सम्भावित सिकाइ सामग्रीहरू ः समुदायका रीतिरिवाजको सूची तथा विवरण

घ) सम्भावित सिकाइ क्रियाकलाप

- विद्यार्थीको नाम कसले कसरी राख्यो भन्नेबारे सोध्ने र घरमा सोधेर आउन लगाउने ।
- हालसालै कोही कसैको जन्म वा विवाह वा घेवामा गएको छ कि भनेर सोध्ने र गएकाहरूलाई आफूले त्यहाँ देखेका, खाएका, सुनेका, गरेका कुरा तथा आफ्नो अनुभव कक्षामा सुनाउन लगाउने । सबै विद्यार्थीलाई आफू पछिल्लोचोटि गएको धार्मिक वा सामाजिक कार्यक्रमको अनुभवबारे लेखेर ल्याउन दिने ।
- यस्ता कार्यक्रमको काम के होला र विभिन्न जातीय समूहबीच यो कसरी फरक हुन्छ भन्नेबारे छलफल गर्ने ।
- आफ्नो समुदायमा जन्मभन्दा अघिदेखि मृत्युसम्म के के गर्छन् भन्नेबारे घरमा सोधेर सूची बनाउन लगाउने ।
- कुन-कुन चाडपर्व मनाएको थाहा छ भनेर सोध्ने । सबभन्दा नजिक आउन लागेको वा गएको चाडपर्वबारे किन कसरी कति दिन मनाइयो र मनाइन्छ भनेर छलफल गर्ने ।
- फरक जातीय समूहबीच के फरक छ भनेर छलफल गर्ने । चाडपर्वसँग सम्बन्धित खाने वा लाउने वा कुनै सांस्कृतिक सङ्केत लिएर आउन र छलफल गर्न लगाउने ।
- चाडपर्वका विविधता र त्यसका नकारात्मक पक्षबारे छलफल गर्ने (यस्ता विषयमा विद्यार्थीलाई शिक्षकले बताउनुपर्ने भएकाले अरू शिक्षकसँग वा गाउँघरमा गएर जानकारी लिने) ।

ङ) सिकाइ मूल्याङ्कन

- आफ्नो समुदायको कम्तीमा मृत्युदेखि जन्मसम्मका पाँच संस्कार र चाडपर्वका नाम र तिनका एक-एक मुख्य पक्ष भन्न सकेको
- आफ्नो समुदायको कम्तीमा दुई-दुईवटा संस्कार र चाडपर्वको प्रयोजन र महत्व बताएको
- आफ्ना संस्कारका सकारात्मक र नकारात्मक पक्षबारे मनन गरेर प्रस्तुत गर्न सकेको
- आफूलाई मन पर्ने एक-एक संस्कार र चाडपर्वबारे २५ वाक्य जति नदोहोरिएका वाक्य लेखेको

च) परियोजना कार्य

नोट ः शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १९.

| | |
|---|---|
| **कक्षा ६** | **पाठ : ६. हाम्रो सँस्कृति** |
| **विषयवस्तु : परम्परागत खानपिन, स्थानीय परिकार र अल्पपोषण भएका खानेकुरा** | |
| **कार्यघण्टा : ५** | |

क) सिकाइ उपलब्धि :

- हराउँदै गएका स्थानीय फलफूल तरकारी तथा खानाको परिकारबारे परिचित हुने
- स्थानीय तथा परम्परागत खानाको प्रोत्साहन गर्ने र महत्वबारे बताउन सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण : - हराउँदै गएका स्थानीय फलफूल तरकारी तथा परिकार

ग) सम्भावित सिकाइ सामग्रीहरू : हराउँदै गएका स्थानीय फलफूल तरकारी तथा परिकारको चित्र तथा विवरण

घ) सम्भावित सिकाइ क्रियाकलाप

- हरेक विद्यार्थीलाई घर तथा छरछिमेकमा भएका पाँचजना ज्येष्ठ व्यक्तिलाई उहाँहरू सानो हुँदाको मन पर्ने खानेकुराहरू के थियो ? कहाँ पाइन्थ्यो ? अहिले पाइन्छ कि पाइँदैन ? अचेल नपाइने वा अत्यन्तै कम पाइन थालेका स्थानीय फलफूल तरकारी वा परिकार के के छन् ? आदि जस्ता प्रश्न सोधेर जानकारी बटुलेर ल्याउन लगाउने ।
- चार-पाँच जनाको समूहमा ती जानकारी साट्दै ती खानेकुरामध्ये कुन-कुन स्थानीय वा पोषक हुन् वर्गीकरण गर्न लगाउने । ती मध्येका केही किन अहिले नपाइने वा कम हुँदै गइरहेका होलान्, अल्पपोषण भएका खानेकुराले यसमा केही भूमिका खेलेको छ कि भन्नेबारे छलफल गर्न लगाउने । समूहबाट निस्केको निष्कर्ष कक्षामा प्रस्तुत गर्न लगाउने र ठूलो समूहमा छलफल गर्ने ।
- किन स्थानीय र परम्परागत खाना खानुपर्छ होला छलफल गर्ने । जीवन पर्यन्त परम्परागत खाना नै महत्वपूर्ण हुन्छ भन्ने जस्ता शीर्षकमा वक्तृत्वकला प्रस्तुत गर्न लगाउने ।
- घरमा फलेका परम्परागत फलफूल वा कुनै एउटा परिकार घरमा बनाएर ल्याउन लगाउने र कक्षामा प्रस्तुत गराउने । कक्षाको समय हेरेर कक्षामै अलिकति चाख्न दिने वा खाजा खानेबेला बाँडीचुडी खान भन्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- हराउँदै गएका स्थानीय फलफूल तरकारी तथा खानाको परिकारबारे भन्न सकेको
- किन परम्परागत बालीनाली, फलफूल वा परिकार हराउँदै गएका होलान् तीनवटा कारण भन्न सकेको वा तीनवटा किन जोगाउनुपर्ने भन्न सकेको
- परम्परागत खानाको तीनवटा महत्व बताउन सकेको
- स्थानीय खानेकुरा चिनेको वा बनाएर प्रस्तुत गरेको

च) परियोजना कार्य

> नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना २०.

| | |
|---|---|
| **कक्षा ६** | **पाठ : ७. हाम्रो वरपरको संसार** |
| **विषयवस्तु : नदीनाला** | **कार्यघण्टा : ५** |

क) सिकाइ उपलब्धि :

- पालिकाका मुख्य खोलाहरूको परिचय र विशेषता भन्न सक्ने र तिनका विशेषतामा अपनत्व राख्ने
- आफ्ना ठाउँबारे व्यक्तिगत अनुभवमा कविता, निबन्ध, कथा, यात्राका विवरण लेख्ने

ख) विषयवस्तुको विस्तृतीकरण : - पालिकाका मुख्य खोलाहरू- बागमती, चौराहा, चिरूवा

ग) सम्भावित सिकाइ सामग्रीहरू : पालिकाका खोलाको चित्र तथा भिडियो, विवरण र प्रयोगको अवस्था

घ) सम्भावित सिकाइ क्रियाकलाप

- पालिकाका मुख्य खोलाहरूको परिचय दिने । सम्भव भएसम्म भ्रमणमा लाने, नभए विभिन्न कोणबाट लिइएका चित्र तथा भिडियो देखाउने ।
- विद्यार्थीहरूको पछिल्ला भ्रमण वा आफ्नो अनुभवका आधारमा यी नदीहरूको भौगोलिक विशेषता कस्तो होला भन्नेबारे छलफल गराउने ।
- खोला तर्ने, जाल बनाउने र हाल्ने सीपहरूको अभ्यास गराउने ।
- खोला र त्यहाँबाट देखिने मुख्य ठाउँ वा वरपरका ठाउँहरूको अवस्थितिबारे जिल्ला, पालिका वा नेपालको नक्सामा देखाउन लगाउने ।
- ती खोलाहरूमा कसरी र कस्तो खालको प्रदूषण हुन्छ र प्रदूषणबाट जोगाउन के गर्न सकिन्छ भन्नेबारे छलफल तथा क्रियाकलाप गराउने । क्रियाकलापमा विद्यार्थीलाई खोलामा लगेर सरसफाइ अभियानको नमुना देखाउन सकिन्छ ।
- पालिकाका कुनै एक खोलासम्बन्धी आफ्नो व्यक्तिगत अनुभव वा भावनाका आधारमा कविता, निबन्ध, कथा वा यात्राका विवरण लेख्न दिने ।

ङ) सिकाइ मूल्याङ्कन

- पालिकाका नदीहरूको नाम र अवस्थितिबारे भन्न सकेको
- जाल बुन्न, हाल्न र नदी तर्न प्रयास गरेको
- आफ्नो क्षेत्रका नदीहरूको सरसफाइ अभियान निरन्तर गरेको वा प्रयत्न गरेको अथवा यसबारे सचेतना फैलाउनमा रुचि देखाएको
- रचनात्मक माध्यमबाट नदीनालाका विशेषता तथा विवरण प्रस्तुत गर्न सकेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना २१.

| | |
|---|---|
| **कक्षा ६** | **पाठ : ७. हाम्रो भाषा** |
| **विषयवस्तु : भाषा** | **कार्यघण्टा : ३०** |

क) सिकाइ उपलब्धि :

- अपूर्ण भूत तथा अभूतकालका क्रिया प्रयोग गर्न सक्ने
- विभक्ति र नामयोगी प्रयोग गरेर वाक्यहरू बनाउने
- 'कसरी' प्रश्न प्रयोग गर्ने
- जीविका, खाना, भान्छा आदि सम्बन्धित शब्द प्रयोग गर्ने

ख) विषयवस्तुको विस्तृतीकरण :

- अपूर्ण भूत तथा अभूतकालका ढाँचा
- विभक्ति र नामयोगीको प्रयोग

ग) सम्भावित सिकाइ सामग्रीहरू : स्थानीय भाषाका आवश्यक शब्दहरू, बालगीत, कथा, कविता

घ) सम्भावित सिकाइ क्रियाकलाप

- हप्ताको एक दिन आधा घण्टा एउटा भाषा बोल्नलाई छुट्याउने र सकेसम्म तोकिएको भाषामै सबै जना बोल्ने तालिका मिलाउने र सिकिरहेका हरेक भाषाको एउटा-एउटा गीत वा लयबद्ध रहेको कविता सबैले सँगै गाउने । (सो गीत वा कविताको अर्थ विद्यार्थीलाई थाहा दिने ।)
- विद्यालय आउँदै गर्दाको वा अन्य कुनै घटनाको विवरण अपूर्ण भूतकालका क्रिया प्रयोग गरेर लेख्न र कक्षामा भन्न लगाउने । यसै गरी अपूर्ण वर्तमानको ढाँचा अभ्यास गराउन कसैले केही गरिरहेको प्रक्रिया वा गतिविधि लेखेर भन्न लगाउने । यिनमा प्रयोग भएका विभक्ति र तिनका प्रयोगबारे छलफल गर्ने ।
- जीविका, खाना, भान्छा आदि सम्बन्धित शब्द वाक्यमा प्रयोग गर्ने अभ्यास गराउने ।
- महिना र ऋतुको चित्रात्मक पात्रो बनाउने र महिना र ऋतुहरूको नाम फरक भाषामा लेख्ने र भन्ने, महिना र ऋतुअनुसार पर्व र खाना पनि त्यो पात्रोमा फरक भाषामा लेख्ने र भन्ने ।
- विभिन्न समुदायको विशेष पर्व परेको दिन याद गर्ने र सोही दिनसँग सम्बन्धित भाषामा उक्त पर्व मनाउने विद्यार्थी वा शिक्षकलाई (वा कोही नभए जानकारी दिएर) शुभकामना आदानप्रदान गर्ने/गराउने ।
- समुदायको कुनै एक परिकार कसरी बनाउने ? भन्ने प्रश्नको उत्तर स्थानीय वा मातृभाषामा एक अनुच्छेद लेखेर ल्याउन लगाउने (अधिकतम आठ शब्दको वाक्य) ।
- उपलब्ध भएमा अलगअलग भाषाको कुनै चलचित्र देखाएर वा गीत सुनाएर कस्तो लाग्यो, के मन पर्‍यो, के मन परेन, अरू कुन-कुन गीत वा चलचित्र मन पर्छ आदि उत्तर आउने गरी सोही वा फरक भाषामा एउटा अनुच्छेद लेख्न दिएर सबैलाई सुनाउन लगाउने ।

ङ) सिकाइ मूल्याङ्कन

- बोलीचाली र लेखाइमा अपूर्ण भूत तथा अभूतकालका क्रिया प्रयोग गर्न सकेको
- विभक्ति र नामयोगी प्रयोग गरेर वाक्यहरू बनाएको
- समुदायका पर्व तथा खानाका स्थानीय नाम भन्न सकेको

- प्रक्रिया बुझाउने गरी 'कसरी' प्रश्नको उत्तर दिन सकेको

च) परियोजना कार्य

| |
|---|
| नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ३० मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला । |

# कक्षा ७

पाठयोजना १.

| | |
|---|---|
| **कक्षा ७** | **पाठ : १. मेरो दैनिक जीवन** |
| **विषयवस्तु : जीविकाको मुख्य आधार** | **कार्यघण्टा : ३** |

क) सिकाइ उपलब्धि :

- अधिकांश पालिकावासीहरूले खान बनाउन र आफ्नो जीविकोपार्जनमा प्रयोग गर्ने गरेका मुख्य उर्जाका साधन पहिचान गर्ने
- पालिकाका मुख्य सञ्चार र आवागमनको स्थितिबारे परिचित हुने

ख) विषयवस्तुको विस्तृतीकरण : - पालिकामा उर्जा, सञ्चार र यातायातको स्थिति

ग) सम्भावित सिकाइ सामग्रीहरू :

घ) सम्भावित सिकाइ क्रियाकलाप

- पालिकावासीले प्रयोग गर्ने मुख्य उर्जाका साधन (सोलार, जलविद्युत्, गोबरग्याँस, एल्पीजी ग्याँस) बारे जानकारी दिने र विद्यार्थीका घरमा विभिन्न घरायसी तथा अन्य काममा कुन उर्जाका साधन प्रयोग हुन्छ सोध्ने । हरेक उर्जाका साधनले मानिस र प्रकृतिमा कस्तो असर पर्छ छलफल गर्ने । विद्यार्थीलाई समूहमा विभाजन गरेर त्यस ठाउँमा प्रयोग हुने उर्जाहरू मध्येका एक-एक साधनबारे चित्रकला, लेखन तथा प्रस्तुतिमार्फत बुझाउन लगाउने ।
- सञ्चार तथा यतायातको स्थिति बुझ्न गापा वा सोसँग सम्बन्धित निकायमा गई वा टेलिफोन सम्पर्क गरी जानकारी लिन लगाउने । पालिका स्तरको जानकारी आफ्नो वडा वा ठाउँमा कत्तिको समानान्तर रूपमा लागु हुन्छ खोज गर्न लगाउने । यस्तो सामूहिक परियोजनात्मक क्रियाकलापमा साधारण रिपोर्ट तयार गर्न तथा प्रस्तुति गराउन पनि सकिन्छ ।

ङ) सिकाइ मूल्याङ्कन

- पालिकामा उर्जा, सञ्चार र यातायातको स्थिति भन्न सकेको
- आफ्नो गाउँमा उर्जा, सञ्चार र यातायातको अवस्थाबारे प्रस्तुत गर्न सकेको
- यस विषयमा २५० शब्द जतिको रिपोर्ट लेख्न सकेको
- आफ्नो घरगाउँमा आउने र गएका दुई-दुई पुस्तामा उर्जा र यातायातको स्थिति के थियो र हुन्छ होला बूढापाकासँग कुरा गरेर र कल्पना गरेर कथा वा निबन्धमा व्यक्त गर्न सकेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ३ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना २.

| | |
|---|---|
| **कक्षा ७** | **पाठ : १. मेरो दैनिक जीवन** |
| **विषयवस्तु : जडीबुटी तथा गैरकाठ वनपैदावर** | **कार्यघण्टा : ४** |

क) सिकाइ उपलब्धि :

- विभिन्न रोगमा शारीरिक वा मानसिक शक्ति बढाउन समुदायमा प्रयोग हुँदै आएको जडीबुटी चिन्ने
- मात्रा र उपयोगिता नमिलाए हानि गर्न सक्नेबारे सचेत हुने

ख) विषयवस्तुको विस्तृतीकरण : विभिन्न रोगका बिरामीका लागि प्रयोग गरिने जडीबुटी

ग) सम्भावित सिकाइ सामग्रीहरू : स्थानीय विज्ञ, जडीबुटीका औषधीय भाग, वर्गीकरण तालिका

घ) सम्भावित सिकाइ क्रियाकलाप

- सामान्य रूघाखोकीमा के प्रयोग हुन्छ, कसरी हुन्छ, त्यो जडीबुटी हेर्दा कस्तो हुन्छ, त्यसको वासना, स्वाद वा छुँदा कस्तो हुन्छ भन्नेबारे आफ्नो घर वा समुदायमा बुझेर जानकारी भेला पारेर कक्षामा प्रस्तुति दिन लगाउने ।
- कुनै पनि जडीबुटी नबुझी खानु हुँदैन भन्नेबारे स्थानीय उदाहरण भए खोजेर जानकारी दिने वा विद्यार्थीमध्ये कसैले भोगेको, देखेको वा सुनेको छ भने अनुभव भन्न लगाउने । (उदा. सामान्य ज्वरो, चिसोमा वा अनिद्रा हुँदा जाइदाना खाइन्छ तर यो धेरै मात्रामा खाए वाकवाकी, मुख सुख्खा हुने, रिँगटा लाग्ने, मुटुको धड्कन अनियमित हुने, झुक्किने वा मतिभ्रम र अत्यन्तै गम्भीर अवस्थामा मृत्युसमेत हुन सक्छ) ।
- स्मरणशक्ति वा अरू शारीरिक वा मानसिक शक्ति बढाउने कुनै जडीबुटी छन् कि सोधेर तिनको सूची बनाउन लगाउने ।

ङ) सिकाइ मूल्याङ्कन

- विभिन्न पाँच-दश रोगका लागि प्रयोग गरिने जडीबुटी पहिचान गर्न सकेको
- जडीबुटीको प्रयोगमा सावधानी अपनाउनु पर्छ भन्ने धारणा प्रस्ट्याउन कम्तीमा एउटा उदाहरण दिन सकेको
- स्मरणशक्ति वा अरू शारीरिक वा मानसिक शक्ति बढाउने जडीबुटीको सूची बनाएको
- कम्तीमा तीन जडीबुटी धेरै खाए के हुन सक्छ खोज गरेर प्रस्तुत गरेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ४ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना ३.

| | |
|---|---|
| **कक्षा ७** | **पाठ : १. मेरो दैनिक जीवन** |
| **विषयवस्तु : कृषि र पशुपालन** | **कार्यघण्टा : ५** |

क) सिकाइ उपलब्धि :

- जैविक मलको फाइदा पहिचान गर्ने र बनाउन जान्ने
- आफैं बोटबिरुवा रोप्न र फलाउन सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण :

- स्थानीय र घरमै उमारिएका खानेकुराका फाइदा
- जैविक मलका फाइदा

ग) सम्भावित सिकाइ सामग्रीहरू :

घ) सम्भावित सिकाइ क्रियाकलाप

- विद्यालयमा करेसाबारी छैन भने बनाउने । हरेक विद्यार्थीले छ महिनाभित्रमा फल लाग्ने एउटा बिरुवा रोप्नुपर्ने र त्यसमा मलजल गरेर स्याहार्ने निर्देशन दिने । आफ्नो बोटमा फलेको फलफूल तरकारी घर लग्न वा दिवा खाजामा प्रयोग गर्न पाइने जानकारी दिने । शिक्षकले बेलाबेलामा विद्यार्थीलाई सोधिरहने र विद्यार्थी केही कुरामा अलमल भए बुझाइदिने ।
- शिक्षक वा स्थानीय विज्ञको सहयोगमा विद्यार्थीलाई बिरुवा गोड्न, फलफूलको बिरुवा कटिङ गर्न र जैविक झोल मल बनाउन देखाउने र गर्न लगाउने सिकाउने ।
- बोटबिरुवाका लागि शत्रु र मित्रजीव विद्यार्थीलाई चिन्न लगाउने । शत्रुजीवको नियन्त्रण कसरी गर्न सकिन्छ भन्नेबारे छलफल गर्ने । रासायनिक विषादी नभई प्राकृतिक तथा मित्रजीवलाई हानि नपुऱ्याउने खालका कीटनाशकको प्रयोग गर्नुपर्छ भन्नेबारे सचेत गराउने । यो कुरा गाउँघरमा कसरी गरिन्छ पत्ता लगाउने ।
- घरैमा खानेकुरा उमार्नुका फाइदा/बेफाइदाबारे वादविवाद गर्ने । वादविवादमा उठेका विषयहरूमा शिक्षकले नपुग कुरा थप गर्ने : खासगरी बजारमा बेचिने फलफूल तरकारीमा हालिने रासायनिक मल र विषादीले माटो र मानिसको स्वास्थ्यमा पर्ने असरबारे जानकार गराउने र अहिल्यैदेखि उमार्न सिकेन भने ज्ञान, सीप र अप्ठ्यारो अवस्था सामना गर्ने आँट हराउने कुरा बताउने ।
- घरका ज्येष्ठ सदस्यलाई पहिला रोपिने गरेका तर आजभोलि स्थानीय रूपमा नरोपिने वा एकदम कम रोपिने फलफूल, तरकारी वा अन्न कुन हुन् भन्ने सोधेर टिपेर ल्याउन लगाउने । ती किन रोप्न छोडिएका होलान् र यी बिरुवा किन जोगाउनपर्छ भन्नेबारे कक्षामा छलफल गर्ने ।
- जैविक र रासायनिक मलबीच विभिन्न पक्ष (खर्च, उत्पादन, दिगो उत्पादन, वातावरणीय असर, पुनर्प्रयोग, स्वास्थ्यमा पार्ने असर आदि) का आधारमा फरक छुट्याएर कक्षामा प्रस्तुत गर्न दिने ।

ङ) सिकाइ मूल्याङ्कन

- शत्रु र मित्रजीव पहिचान गर्न सकेको
- फलफूल र बिरुवाको कटिङ गर्ने जानेको
- जैवीक मल र रासायनिक मलका फरकमा फाइदा/बेफाइदा टिपोट गरेको
- विषादीले स्वास्थ्यमा गर्ने असरबारे बताउन सकेको

- आफैंले खानेकुरा उमार्नुका तीन फाइदा भन्न सकेको
- विद्यालयको करेसाबारीमा सक्रिय सहभागिता देखाएको
- घरमा वा विद्यालयमा कम्तीमा एउटा बोट रोपेर फलाएको
- आजभोलि कम रोपिने बाली पहिचान गर्न सकेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना ४.

| | |
|---|---|
| **कक्षा ७** | **पाठ : १. मेरो दैनिक जीवन** |
| **विषयवस्तु : कृषि र पशुपालन बाहेकका समसामयिक र व्यावसायिक पेसा** | **कार्यघण्टा : ४** |

क) सिकाइ उपलब्धि :

- पालिकामा कुन काम कहिलेदेखि सुरू भए अध्ययन गर्ने
- अबका ५, १०, २५ वर्षमा धेरैले के गरिरहेका हुन सक्लान् भन्नेबारे अनुमान गर्न सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण : - पालिकामा विभिन्न कामको इतिहास र भविष्य

ग) सम्भावित सिकाइ सामग्रीहरू :

घ) सम्भावित सिकाइ क्रियाकलाप

- विद्यार्थीलाई समूहमा बाँडेर पालिकामा हुने कृषि बाहेकका विभिन्न पेसा वा काम भाग लगाउने (जस्तै : कर्मचारी वा शिक्षक, ड्राइभर, दोकाने, होटले, मिस्त्री, सिकर्मी, डकर्मी) र उनीहरूलाई ती काम पालिकामा कहिले र कसरी सुरू भयो ? त्यसबखत के कस्ता विकासका तथा समाजका काम भइरहेका थिए ? ती काम गर्न मान्छे कहाँदेखि आए ? आदि प्रश्न सम्बधित निकायमा सोधेर, खोज गरेर छोटो प्रतिवेदन तयार गर्न लगाउने र कक्षामा प्रस्तुत गर्न लगाउने ।
- प्रतिवेदन तथा प्रस्तुतिका आधारमा अबका ५, १०, २५ वर्षमा पालिकामा कस्ता काम गर्ने व्यक्तिहरू धेरै हुन्छन् होला, के कामको बढी आवश्यकता पर्छ होला भन्नेबारे समूहमा छलफल गर्ने ।
- पेसामध्ये आफूलाई सबभन्दा जरुरी कुन लाग्छ प्राथमिकताको सूची बनाउने र छलफल गरी प्राथमिकतामा सहमति गर्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- पालिकामा कुन काम कहिलेदेखि सुरू भए र तीबारे अन्य विवरण दिन सकेको
- अबका ५, १०, २५ वर्षमा धेरैले के गरिरहेका हुन सक्लान् प्राथमिकताको सूची बनाएको
- पेसामध्ये आफूलाई सबभन्दा जरुरी कुन लाग्छ प्राथमिकताको सूची बनाएको
- विभिन्न काम भित्रिँदै गर्दा के कस्ता विकास तथा सामाजिक कार्य भइरहेका थिए खोज गरेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ४ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना ५.

| | |
|---|---|
| **कक्षा ७** | **पाठ : २. हाम्रो समुदाय** |
| **विषयवस्तु : वरपरको भौगोलिक तथा सामाजिक वातावरण** | **कार्यघण्टा : ७** |

क) सिकाइ उपलब्धि :

- गापाको विविध पक्षको संक्षिप्त परिचय दिन सक्ने
- मकवानपुर जिल्लाका र छिमेकी पालिकाहरूको स्थानबारे परिचित हुने
- गापाभित्रका विभिन्न सेवाप्रदायक संस्था र तिनका कामबारे जानकार हुने

ख) विषयवस्तुको विस्तृतीकरण :

- वागमती गापाबारे सामान्य ज्ञानः सामाजिक तथा भौगोलिक अवस्थितिसँग सम्बन्धित तथ्याङ्क
- मकवानपुरको र जिल्ला भित्रकै सीमा जोडिएका जिल्लाको अवस्थिति र विवरण
- वागमती गापाका संस्थागत साथीहरू

ग) सम्भावित सिकाइ सामग्रीहरू :

घ) सम्भावित सिकाइ क्रियाकलाप

- गापाका विभिन्न पक्षको आधिकारिक तथ्याङ्क (क्षेत्रफल, भूगोल, अक्षांश, देशान्तर, जीविका, साक्षरता, जातजाति, धर्म, भाषा) प्रस्तुत गर्ने र यसले के जनाउँछ होला भन्नेबारे छलफल गर्ने । (गापाको विवरणबाट लिने, तथ्य मिल्छ/मिल्दैन छलफल पनि गर्ने, शिक्षक आफूले पनि थप्ने)
- मकवानपुर जिल्लाको नक्सामा वागमती गापा र अरू पालिकाको स्थिति बयान गर्ने ।
- नेपालमा गापाको स्थितिबारे पनि केही छलफल गर्ने ।
- बाहिरका मान्छेलाई आफ्नो गापा कसरी चिनाउन सकिन्छ भन्नेबारे प्रस्तुति दिन लगाउने । प्रविधिको प्रयोग गर्न सकिने अवस्थामा अरू ठाउँका विद्यालयसँग भर्चुअल कार्यक्रममार्फत यो क्रियाकलापको अभ्यास गर्न सकिन्छ ।
- गापाभित्र रहेका विभिन्न सेवाप्रदायक संस्थाहरूको परिचय दिने । विद्यार्थीलाई समूहमा विभाजन गरेर विभिन्न संस्था र तिनका कामबारे प्रस्तुति दिन लगाउने । यसका लागि सम्भव भएसम्म त्यस्ता संस्थामा नै अथवा तिनका काम देखिने स्थानमा लाने वा केही संस्थाका प्रतिनिधि कक्षामा बोलाएर प्रश्नोत्तर सत्र राख्ने ।
- गापालाई उत्तर र दक्षिणबाट घेरेका महाभारत र चुरेका विशेषताबारे छलफल गर्ने ।
- गाउँपालिकाको नक्सा उतार गर्न र बनाउन अभ्यास गर्ने । त्यसमा वडाको सिमानाहरू देखाउन लगाउने ।

ङ) सिकाइ मूल्याङ्कन

- विद्यार्थीले वागमती गापाको विशेषता झल्किने गरी सामान्य परिचय दिन सकेको
- गापाका सेवाप्रदायक संस्थाको कामको आवश्यकता र असरबारे प्रस्तुत गर्न सकेको
- वागमती गापाको सन्दर्भमा महाभारत र चुरेको विशेषता भन्न सकेको
- पालिकाका वडाका साथै छिमेकी पालिका देखाई नक्सा बनाएको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ७ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना ६.

| | |
|---|---|
| **कक्षा ७** | **पाठ : २. हाम्रो समुदाय** |
| **विषयवस्तु : स्थानीय रेकर्ड बुक** | **कार्यघण्टा : ४** |

क) सिकाइ उपलब्धि :

- वागमती गापाका इतिहाससम्बन्धी तथ्याङ्कबारे परिचित हुने

ख) विषयवस्तुको विस्तृतीकरण : - इतिहास (भौतिक तथा मानवीय)

ग) सम्भावित सिकाइ सामग्रीहरू :

घ) सम्भावित सिकाइ क्रियाकलाप

- वागमती गापाका इतिहास (भौतिक तथा मानवीय) सम्बन्धी तथ्याङ्कसम्बन्धी हाजिरी जवाफ प्रतियोगिता आयोजना गराउने । जस्तै : सबैभन्दा ठूलो गुम्बा, लडाइँ भएको ठाउँ, विभिन्न राजा आएको विवरण, सबैभन्दा पुरानो मन्दिर, पहिलो पिएचडी (महिला/पुरूष), पहिलो एमए (महिला /पुरूष), पहिलो बिए (महिला/पुरूष), पहिलो एसूएल्सी (महिला/पुरूष), पहिलो शिक्षक ( महिला/पुरूष), पहिलो डाक्टर, पहिलो इञ्जिनियर, पहिलो नर्स, राजनीतिक दृष्टिले वरिष्ठ पद धारण गरेको, सरकारी गैरसरकारी सेवामा वरिष्ठ, प्रहरीमा वरिष्ठ, पहिलो गीतकार, पहिलो गायक, र यिनलाई जातिअनुसार अझ विभाजन गर्न सकिन्छ आदि ।

ङ) सिकाइ मूल्याङ्कन

- वागमती गापाको इतिहास, भौतिक र मानवीयसम्बन्धी विवरण भन्न सकेको
- व्यक्तिगत तहमा हाजिरी जवाफमा सोधिएका छ्यासमिस पाँच प्रश्नका उत्तर सही भनेको
- हाजिरी जवाफमा सोध्न सकिने तीन सम्भावित प्रश्न बनाएको
- आफ्नो वडा वा गाउँ कुन दृष्टिले रेकर्डमा पर्न सक्ला अन्दाज गरेर वा सल्लाह गरेर भन्न सकेको (केही नपरे पनि किन केही परेन कारण पनि भनेको)

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ४ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना ७.

| | |
|---|---|
| **कक्षा ७** | **पाठ : २. हाम्रो समुदाय** |
| **विषयवस्तु : चाखलाग्दा भौगोलिक ठाउँ** | **कार्यघण्टा : ६** |

क) सिकाइ उपलब्धि :

- पालिकाका भौगोलिक विशेषता भएका ठाउँको वातावरण, महत्व र सम्भावनाबारे अध्ययन गर्ने

ख) विषयवस्तुको विस्तृतीकरण :

- पालिकाका भौगोलिक विशेषता भएका ठाउँको वातावरण, महत्व र सम्भावना

ग) सम्भावित सिकाइ सामग्रीहरू : भ्रमणका लागि स्थान, भौगोलिक स्थान सम्बन्धित विवरण र किंवदन्ती

घ) सम्भावित सिकाइ क्रियाकलाप

- विद्यार्थीको व्यक्तिगत अवलोकन, अनुभव तथा भावनाका आधारमा आफ्नो घर तथा विद्यालय नजिकैका भौगोलिक तथा सामाजिक विशेषता झल्किने गरी गीत, कविता र निबन्ध रचना गरेर गाउन/वाचन गर्न लगाउने ।
- पालिकाका विशेष भौगोलिक ठाउँहरूको महत्व र सम्भावनाबारे छलफल गर्ने । समूहमा एक-एकवटा स्थानबारे केन्द्रित भएर हालको सेवा सुविधा तथा त्यस ठाउँको सम्भावित सदुपयोगबारे निबन्ध लेख्न दिने ।

ङ) सिकाइ मूल्याङ्कन

- पालिकाको भौगोलिक तथा सामाजिक विशेषता झल्किने गरी लेख रचना प्रस्तुत गरेको
- पालिकाका भौगोलिक
  विशेषता भएका ठाउँको महत्व र सम्भावनाबारे आफ्नो विचार राख्न सकेको
- आफू पालिका वा वडाको अध्यक्ष भए विशेष भौगोलिक ठाउँहरूमध्ये रोजेका एक/दुई ठाउँमा के गर्थें भन्न र २५ वाक्य जतिको निबन्ध लेख्न सकेको
- सोधपुछ, फोन गरेर वा इन्टरनेट हेरेर त्यस्ता अरू ठाउँमा के गरेका रहेछन् २५० शब्द जतिको विवरण लेख्न सकेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ६ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना ८.

| | |
|---|---|
| **कक्षा ७** | **पाठ ः २. हाम्रो समुदाय** |
| **विषयवस्तु ः ऐतिहासिक तथा सांस्कृतिक ठाउँ** | **कार्यघण्टा ः ४** |

क) सिकाइ उपलब्धि ः

- पालिकाका तथा छिमेकमा रहेका भौगोलिक ऐतिहासिक तथा सांस्कृतिक स्थानको महत्व र सम्भावनाबारे विचार प्रकट गर्ने

ख) विषयवस्तुको विस्तृतीकरण ः

- पालिकाका तथा छिमेकमा रहेका ऐतिहासिक तथा सांस्कृतिक स्थानको वातावरण, महत्व र सम्भावना

ग) सम्भावित सिकाइ सामग्रीहरू ः ऐतिहासिक स्थानको भ्रमण, त्यहाँका विवरण

घ) सम्भावित सिकाइ क्रियाकलाप

(नोट ः चाखलाग्दा भौगोलिक ठाउँ मध्येको ठाउँ नै ऐतिहासिक वा सांस्कृतिक ठाउँ पनि हुन सक्छ । यिनको क्रियाकलाप एकीकृत रूपमा गराउन सकिन्छ ।)

- पालिकाका ऐतिहासिक तथा सांस्कृतिक स्थानहरूको महत्व र सम्भावनाबारे छलफल गर्ने । छलफलको विषयमा समुदाय, तिनका रहनसहन, त्यो ठाउँप्रतिको परम्परागत रूपमा रहिआएको उनीहरूको विश्वास/मान्यताबारे पनि कुराकानी गर्ने ।
- आफ्नो व्यक्तिगत अवलोकन, अनुभव तथा भावनाका आधारमा त्यहाँका ऐतिहासिक तथा सांस्कृतिक विशेषता झल्किने गरी गीत, कविता वा निबन्ध रचना गर्ने र गाएर वा वाचन गरेर प्रस्तुत गर्न वा चित्र बनाउन दिने ।
- छिमेकमा रहेका हरिहरपुरगढी, मकवानपुरगढी, मानव निर्मित ताल इन्द्रसरोवर आदिका बारेमा जानकारी गराउने वा अध्ययन भ्रमण गराउने ।

ङ) सिकाइ मूल्याङ्कन

- पालिकाका ऐतिहासिक तथा सांस्कृतिक स्थानमध्ये एकको महत्व र सम्भावनाबारे २५-५० शब्दमा बताउन र लेख्न सकेको
- ती ठाउँका विशेषता झल्किने गरी कथा, निबन्ध, कविता वा गीत रचना गरेको वा चित्र कोरेको
- ऐतिहासिक तथा सांस्कृतिक स्थानमा रहेका समुदाय, तिनका रहनसहन, त्यो ठाउँप्रतिको परम्परागत रूपमा रहिआएको उनीहरूको विश्वास/मान्यताबारे छलफलमा विचार राख्न सकेको
- दुई सम्पदा छानेर ती नहुँदा पालिकामा के फरक हुन्थ्यो होला दुई-तीनवटा कुरा बयान गर्न सकेको

च) परियोजना कार्य

नोट ः शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ४ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना ९.

| |
|---|
| **कक्षा ७ पाठ : २. हाम्रो समुदाय** |
| **विषयवस्तु : बागमती गापाको इतिहास - युद्ध इतिहास, सामुदायिक इतिहास र ऐतिहासिक व्यक्तित्व** |
| **कार्यघण्टा : २** |

क) सिकाइ उपलब्धि :

- गापाभित्रका विभिन्न समुदायमा योगदान दिएका र समाज कल्याणका काममार्फत परिवर्तन ल्याएका व्यक्तिहरू, तिनका काम र महत्व पहिचान गर्ने

ख) विषयवस्तुको विस्तृतीकरण :

- वागमती गापाको परिवर्तनमा योगदान दिएका व्यक्तिहरू

ग) सम्भावित सिकाइ सामग्रीहरू : गाउँका ज्येष्ठ नागरिक, पालिकाका दस्तावेज

घ) सम्भावित सिकाइ क्रियाकलाप

- राष्ट्रिय, प्रदेश वा जिल्लामा नाम कमाएका वागमती गापाका स्थानीय व्यक्तिहरूको नाम र काम सहितको विवरण विद्यार्थीलाई प्रदान गर्ने । सो विवरणका आधारमा विद्यार्थीलाई एक-एक जना गरी विभिन्न व्यक्तिको योगदानबारे उक्त व्यक्तिलाई चिठी वा निबन्ध लेख्न लगाउने र कक्षामा प्रस्तुत गराउने ।
- इतिहासमा दमनमा परेका स्थानीय समुदाय वा आफ्नो समुदायको कल्याणका लागि आवाज उठाउने स्थानीयबारे घर समुदायमा सोध्न लगाउने र कक्षामा प्रस्तुत गर्न लगाउने ।
- वडा तथा गापामा निर्वाचित जनप्रतिनिधि, समाजसेवी, कर्मजीवी (जस्तै : हलो जोत्ने एकल महिला, सानैमा घर समालेर भाइबहिनी हुर्काउने एक्लो व्यक्ति, बगरमा खेती गरेर उन्नति गर्ने किसान परिवार, धन नभए पनि सामाजिक काम गर्ने व्यक्ति तथा परिवार), बुद्धिजीवी, विभिन्न संघ/संस्था, विद्यालय आदिमा नेतृत्व गर्ने व्यक्ति तथा सहिदहरूको सूची बनाई समाजमा पुऱ्याएको योगदानबारे टिपोट गर्न लगाउने । थप कुरा शिक्षकले बताउने ।

ङ) सिकाइ मूल्याङ्कन

- गापाभित्रका नाम चलेका व्यक्तिहरू र तिनका योगदानबारे चिठी वा निबन्धमार्फत प्रस्तुत गरेको
- कम्तीमा दुई जना महत्वपूर्ण व्यक्तित्वका कामबारे लेख्न तथा भन्न सकेको
- इतिहासमा दमनमा परेका वा आफ्नो समुदायको कल्याणका लागि आवाज उठाएको कम्तीमा एक जनाको योगदानबारे प्रस्तुत गर्न सकेको
- गापाका स्थानीय कर्मजीवी, बुद्धिजीवी तथा नेतृत्वमा रहेका व्यक्ति र तिनका योगदान पहिचान गरेको

च) परियोजना कार्य

| |
|---|
| नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा २ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला । |

पाठयोजना १०.

| | |
|---|---|
| **कक्षा ७** | **पाठ : ३. हाम्रा वरपरका सजिव** |
| **विषयवस्तु : वन वनस्पति** | **कार्यघण्टा : ५** |

क) सिकाइ उपलब्धि :

- पालिकाका वनक्षेत्रबारे खोज गर्ने
- पालिकाका वनजङ्गल संरक्षणबारे वकालत गर्ने

ख) विषयवस्तुको विस्तृतीकरण : - वनजङ्गल संरक्षण

ग) सम्भावित सिकाइ सामग्रीहरू :

घ) सम्भावित सिकाइ क्रियाकलाप

- पालिकाका कुन-कुन ठाउँमा वनक्षेत्र छन् भन्ने थाहा पाउन विद्यार्थीहरूलाई पालिका कार्यालयमा वा पालैपालो गरेर नौवटा वडामा (जुन उपयुक्त हुन्छ) सोधेर सूची बनाउन लगाउने ।
- आफ्नो परिवार सदस्य रहेको वा आफ्नो घरको सबभन्दा नजिकको सामुदायिक वनबारे जानकारी लिने ।
- समूहमा विभाजन गरेर सम्बन्धित निकायलाई प्रश्न सोधेर प्रतिवेदन तयार गर्न र प्रस्तुत गर्न लगाउने । विषयहरू यी हुन सक्छन् : १) पालिकाका विभिन्न वनक्षेत्रमा के कस्ता रूखहरू छन्, जीवजन्तु कुन-कुन छन्, कति ठूलो क्षेत्रफलमा फैलिएको छ जस्ता जानकारी; २) वनजङ्गल संरक्षणका लागि पालिकाबाट के कस्ता कार्यक्रम भएका छन् वा हुँदैछन्; ३) पालिकाका वन संरक्षणमा स्थानीयको भूमिका, ४) अन्य सान्दर्भिक विषय ।
- पालिकाको नक्सा बनाई वनजङ्गल देखाउने ।
- वनजङ्गल संरक्षणबारे निबन्ध लेखाएर कक्षामा छलफल गर्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- पालिकाका वनक्षेत्रका मुख्य विवरण भन्न सकेको
- पालिकाका वनको जैविक वातावरणबारे प्रस्तुत गर्न सकेको
- वन संरक्षणमा पालिकाको भूमिकाबारे व्याख्या गर्न सकेको
- वातावरण संरक्षणमा समुदायको भूमिकाबारे भन्न सकेको वा पालिकाको नक्सा बनाई वनजङ्गल देखाउन सकेको ।

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना ११.

| | |
|---|---|
| **कक्षा ७** | **पाठ : ३. हाम्रा वरपरका सजिव** |
| **विषयवस्तु : जीवजन्तु र चराचुरूङ्गी** | **कार्यघण्टा : ५** |

क) सिकाइ उपलब्धि :

- पालिकाका जीवजन्तु र चराचुरुङ्गीमाथि मानवीय क्रियाकलापका कारण परेका प्रभावबारे भन्न सक्ने
- जीवजन्तु लोपोन्मुख हुनुको कारण पहिचान गर्ने

ख) विषयवस्तुको विस्तृतीकरण :

- पालिकाका जीवजन्तु र चराचुरुङ्गीमाथि मानवीय क्रियाकलापका कारण परेका प्रभाव

ग) सम्भावित सिकाइ सामग्रीहरू : पालिका क्षेत्रभित्र रहेका जीवजन्तुको सूची तथा विवरण, लोपोन्मुख जीवजन्तुको सूची

घ) सम्भावित सिकाइ क्रियाकलाप

- पालिकाका जीवजन्तुमाथि मानवीय क्रियाकलापका कारण परेका प्रभावबारे छरछिमेक तथा परिवारमा सोध्न लगाउने । त्यसबारे मनन गरेर आफ्ना विचार लेख्न लगाउने । कक्षामा छलफल तथा वादविवाद सञ्चालन गर्ने र थप जानकारी दिने ।
- जीवजन्तु लोप हुनुमा मानवीय क्रियाकलापको भूमिकाबारे छलफल गर्ने ।
- पालिकाका सामुदायिक वनबारे जानकारी लिने क्रममा त्यहाँका जीवजन्तुमाथि सामुदायिक वनका कारण भएका प्रभावबारे पनि सोधेर जानकारी बटुल्न दिएर कक्षामा प्रस्तुत गर्न लगाउने ।
- पालिकाका सामुदायिक वन तथा जीवजन्तुले मानिसको जीवनमा परेका र पर्न सक्ने प्रभावबारे पनि गाउँमा सोध्न लगाएर छलफल गरेर कक्षामा प्रस्तुत गर्न लगाउने ।

ङ) सिकाइ मूल्याङ्कन

- मानवीय क्रियाकलापका कारण जीवजन्तुमा कसरी प्रतिकूल असर पर्न सक्छ आफ्नो विचार राख्न सकेको
- पालिकाका सामुदायिक वनमा रहेका जीवजन्तुका अवस्था तथा तिनमाथि परेका प्रभावबारे प्रस्तुति दिन सकेको
- पालिकाका सामुदायिक वन तथा जीवजन्तुले मानिसको जीवनमा परेका र पर्न सक्ने दुई प्रभाव र निराकरणका उपाय सुझाएको
- कुनै चराचुरुङ्गी विशेष वा मानिस र चराचुरुङ्गीबीच एक अर्काको प्रभावबारे चित्र बनाएको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १२.

| | |
|---|---|
| **कक्षा ७** | **पाठ : ३. हाम्रा वरपरका सजिव** |
| **विषयवस्तु : विषालु जीवजन्तु** | **कार्यघण्टा : ५** |

क) सिकाइ उपलब्धि :

- मानवबस्ती र ती जीवजन्तुको सह-अस्तित्व बोध गरेर मानवीय क्रियाकलापका कारण यी जीवजन्तुप्रति हुने नकारात्मक असरबारे धारणा राख्न सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण : - विषालु जीव र मानवबस्तीको सह-अस्तित्व

ग) सम्भावित सिकाइ सामग्रीहरू : विषालु जीवको व्यवहार र तिनका टोकाइको असरका चित्र वा मोडल, विषालु जीवको टोकाइसम्बन्धी काम गर्ने स्वास्थ्यकर्मी

घ) सम्भावित सिकाइ क्रियाकलाप

- सबै विद्यार्थीलाई दुई समूहमा विभाजन गरेर एउटा समूहलाई गापामा पाइने विषालु जीवले मानवलाई गर्ने हानिको सूची बनाउन दिने भने अर्कोलाई मानवीय क्रियाकलापले ती जीवलाई (र, ती जीव मार्ने प्रक्रियामा वातावरणलाई) पुऱ्याएको क्षतिको सूची बनाउन दिने । सुरूमा प्रत्येक विद्यार्थीलाई एक्लाएक्लै सूची बनाउन लगाउने र पछि समूहमा सबैको सूची एकीकरण गरी समावेश र छलफल गरेर प्रस्तुत गर्न लगाउने ।
- यी सूचीकै आधारमा मानव र विषालु जीवले एक अर्कालाई कसरी हानि पुऱ्याउँछन् र यी मिलेर बस्न के कस्तो उपाय अपनाउनु पर्छ भन्नेबारे कक्षामा छलफल गर्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- मानवीय क्रियाकलापले जीवजन्तुमा परेको असरबारे टिप्पणी दिन सकेको
- विषालु जीवजन्तुबाट मानिसमा परेको असरबारे २५-५० वाक्य भन्न लेख्न सकेको
- मानव र विषालु जीवको सह-अस्तित्व कसरी सम्भव छ भनेर तर्क राख्न सकेको
- विषालु भए पनि किन जनावर निमिट्यान्न पार्ने गरी मार्नु हुन्न उदाहरणसहित बताउन सकेको

च) परियोजना कार्य

> नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १३.

| | |
|---|---|
| **कक्षा ७** | **पाठ ः ४. हाम्रो वातावरण** |
| **विषयवस्तु ः प्रकोप - प्राकृतिक प्रकोप र मानवजन्य प्रकोप** | **कार्यघण्टा ः ५** |

क) सिकाइ उपलब्धि ः

- घरगाउँमा मानिसलाई आइपर्ने प्राकृतिक तथा मानवजन्य प्रकोप र असरहरूबारे थप गहन विचार व्यक्त गर्ने
- प्रकोपहरूबाट बच्न गरिने तयारी, सावधानी र मानवजन्य प्रकोपका रोकथाम तथा न्यूनीकरणबारे जनचेतना फैलाउन सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण ः - प्राकृतिक तथा मानवजन्य प्रकोपका असर र बचाउका उपायहरू

ग) सम्भावित सिकाइ सामग्रीहरू ः

घ) सम्भावित सिकाइ क्रियाकलाप

- विद्यालय क्षेत्रतिर व्याप्त रहेका प्राकृतिक तथा मानवजन्य प्रकोपबारे वक्तृत्वकला गराउने ।
- प्राकृतिक र मानवजन्य प्रकोपको फरक उल्लेख गर्ने गरी निबन्ध लेख्न लगाउने ।
- विभिन्न किसिमको प्रकोप आउँदा के गर्ने भनेर कक्षा ८ का विद्यार्थीमार्फत ड्रिल गराउने । कुनै बेला ड्रिलको समयमा प्रथम प्राथमिक उपचार (फर्स्ट एड) अभ्यास गर्ने ।
- विद्यालयमा आगलागी वा अरू प्रकोप हुँदा चाहिने सामग्री भए/नभएको हेरेर तिनको प्रयोग गर्नेबारे भन्ने । नभएका सामग्री उपलब्ध गराइ पाऊँ भनी प्रधानाध्यापकलाई चिठी लेख्ने अभ्यास गराउने । सामग्री प्राप्त भएपछि प्रयोगबारे दोहोऱ्याउने ।
- विद्यार्थीले के कस्ता प्रकोप भेलेका छन् वा देखे सुनेका छन् त्यसको अनुभव साट्ने सत्र सञ्चालन गर्ने । तिनका भौतिक, सामाजिक र मानसिक असरबारे पनि छलफल गर्ने । ती प्रकोपमध्ये कति मानिसले गरेर भएका हुन् ? तिनबाट बच्न सकिन्छ ? प्रभाव घटाउन के केमा सकिन्छ ? न्यूनीकरणका लागि समुदायले गरेका काम के के छन् वा हुन सक्छन् ? आदि प्रश्नसहित छलफल गर्ने ।
- प्राकृतिक प्रकोप न्यूनीकरणबारे समुदायमा समूह बनाई छलफल गर्ने, कविता वा नाटक प्रस्तुत गर्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- आफ्नो वरपर हुने गरेका वा भएका मुख्य प्राकृतिक प्रकोपबारे भन्न सकेको
- प्राकृतिक र मानवजन्य प्रकोपको फरक भन्न सकेको
- आफू र समुदायले प्राकृतिक प्रकोप न्यूनीकरणका लागि गरिरहेका चारवटा उपायहरू उल्लेख गर्न सकेको
- प्रकोपबाट हुने क्षति र त्यसको न्यूनीकरणका लागि गरिने पूर्वतयारी र अभ्यासमा सक्रियता देखाएको

च) परियोजना कार्य

नोट ः शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १४.

**कक्षा ७** **पाठ : ४. हाम्रो वातावरण**

**विषयवस्तु : सरुवा रोग - पानीजन्य, हावाजन्य, जनावरको टोकाइ, नयाँ भाइरस** **कार्यघण्टा : ६**

क) सिकाइ उपलब्धि :

- नयाँ भाइरस वा नयाँ सरुवा रोग फैलिँदा सुरक्षित रहन सकिने उपाय पहिचान गर्ने

ख) विषयवस्तुको विस्तृतीकरण :

- कोरोना संक्रमणमा गाउँलेले अपनाएका सावधानी
- नयाँ सरुवा रोग वा महामारीका बेला अपनाउनुपर्ने सावधानी

ग) सम्भावित सिकाइ सामग्रीहरू :

घ) सम्भावित सिकाइ क्रियाकलाप

- प्रत्येक विद्यार्थीलाई आफ्नो घरका साथै छिमेकका पाँच घरमा कोरोना महामारीका बेला के कस्तो अवस्था भएको थियो ? कस्तो सावधानी अपनाइएको थियो ? लकडाउन कति लामो भयो ? घरबाहिर निस्केर छिमेकीलाई भेट्ने गरेको थियो कि थिएन ? घरमा कोही संक्रमित भए कि ? क्वारेन्टिन कहाँ राखियो ? ज्वरो आएको बेला परीक्षण गर्न लगियो कि लगिएन ? आदि जस्ता प्रश्न सोधेर गाउँघरमा कस्तो सावधानी अपनाइएको रहेछ भन्ने बुझेर कक्षामा आफूले पाएको जानकारीको प्रस्तुति दिन लगाउने ।
- गाउँलेले अपनाएको सावधानीमध्ये के एकदमै राम्रो थियो ? (उदा. राम्रो क्वारेन्टिन स्थान, सामाजिक दूरी अपनाएको वा अरू केही हुन सक्ला) र सुधारयोग्य ठाउँ के थियो ? (उदा. क्वारेन्टिनमै संक्रमण हुनेजस्तो अवस्था भएको, सामाजिक दूरीको सट्टा बहिस्कारजस्तो व्यवहार प्रस्तुत भएको जस्ता अवस्था हुन सक्लान्) भन्ने प्रश्न राखेर छलफल गराउने ।
- नयाँ सरुवा रोग वा महामारी आउँदा के हुन्छ, सामाजिक दूरी, क्वारेन्टिन लगायत अरू कस्तो सावधानी अपनाउनु पर्छ, मिडियामा आउने खबरले कस्तो असर गर्छ, गलत खबर र अफवाहबाट कसरी बच्ने आदि मुद्दा उठाएको एउटा डकुमेन्टरी वा चलचित्र देखाउने ।
- विद्यार्थीलाई जोडी वा समूहमा नयाँ खालको रोग कल्पना गर्न दिएर अब गाउँमा कुनै भाइरस वा महामारी फैलियो भने गाउँलेको दृष्टिकोणबाट कस्तो सावधानी अपनाउन सकिएला भन्नेबारे कलात्मक पोस्टर बनाउन दिने ।

ङ) सिकाइ मूल्याङ्कन

- गाउँमा कोरोना माहामारीका बेला अपनाइएका सावधानी भन्न सकेको
- महामारीका बेला गाउँलेले अपनाएका सावधानीबारे टिप्पणी गर्न सकेको
- नयाँ भाइरस वा संक्रमणको अवस्थामा गाउँलेको दृष्टिकोणबाट अपनाउनुपर्ने सावधानी तयार पार्न सकेको
- अनौठो सरुवा रोग कल्पना गरेर त्यसको सावधानी र उपचार विधि बताएको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ६ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १५.

| | |
|---|---|
| **कक्षा ७** | **पाठ ः ४. हाम्रो वातावरण** |
| **विषयवस्तु ः वातावरण विनास तथा संरक्षण** | **कार्यघण्टा ः ६** |

क) सिकाइ उपलब्धि ः

- नकुहिने र पुनर्नवीकरण नहुने वस्तुले वातावरण, जीवजन्तु तथा बोटबिरुवामा गर्ने असर पहिचान गरेर घरपरिवार तथा छिमेकमा भन्न सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण ः

- पृथ्वीका लागि नकुहिने र पुनर्नवीकरण नहुने (ननूरिन्युएबल) सामानको मूल्य

ग) सम्भावित सिकाइ सामग्रीहरू ः पहिले र अहिलेको वन भूभाग देखिने चित्र, कुहिने र नकुहिने फोहोर, फोहोर व्यवस्थापनको प्रक्रिया

घ) सम्भावित सिकाइ क्रियाकलाप

- शिक्षकले पाठको सुरूवातमा अभिनयात्मक ढङ्गमा जानाजान कुनै प्लास्टिकको खोल सबैले देख्ने गरी झ्यालबाट बाहिर फाल्ने र विद्यार्थीको प्रतिक्रिया याद गर्ने । कसैले आवाज उठाउलान् वा सबै चुप रहलान्, अवस्था हेरेर सोही अनुसारको प्रश्न गर्ने । यो विषय पढेको दिन बाहिर गएर समानान्तर लाइनमा बसी नकुहिने सामान जम्मा गरी थुप्रो लगाउने । यो गतिविधि दोहोरिएर केही बिग्रँदैन । कक्षाकोठा फोहोर भएको अवस्थामा सफा गर्न लगाउने ।
- नकुहिने र पुनर्नवीकरण नहुने वस्तुका कारण जनावर, माछा, चराचुरुङ्गी, बोटबिरुवा र समग्र वातावरणमा गर्ने असरबारे आफूलाई थाहा भएजति सोचेर सूची बनाउन लगाउने ।
- समूह विभाजन गरेर जीवजन्तु, बोटबिरुवा, हावा, पानी, माटोजस्ता क्षेत्रमा नकुहिने र पुनर्नवीकरण नहुने वस्तुले पार्ने असरबारे छलफल गर्न लगाउने र कक्षामा समूहको तर्फबाट प्रस्तुत गराउने । शिक्षक र एक अर्का समूहले छुटेका कुरा बताइदिने, सम्बधित समूहले टिप्ने ।
- छलफलबाट निस्केका बुँदाहरूलाई आ-आफ्नो क्षेत्रअनुसार प्रत्येक समूहले चार्टपेपरमा लेखेर कक्षाको भित्तामा टाँस्ने ।
- वातावरणमा संरक्षणबारे निबन्ध, कविता वा कथा रचना गर्ने र प्रस्तुत गर्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- कक्षाकोठा सफा राखेको
- वातावरण फोहोर पार्ने गतिविधि विरुद्ध आवाज उठाएको
- आफ्नो घर वरिपरि कति सफा राखेको छ विद्यार्थीले नै जोडी बनाएर एक अर्कालाई अङ्क दिने । जोडी नमिलेमा शिक्षक नै एक विद्यार्थीको जोडी बनिदिने
- वातावरणमा संरक्षणबारे निबन्ध, कविता वा कथा रचना र प्रस्तुत गरेको

च) परियोजना कार्य

नोट ः शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ६ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १६.

| | |
|---|---|
| **कक्षा ७** | **पाठ : ५. मेरो सिर्जना** |
| **विषयवस्तु : हस्तकला, परम्परागत सीप र धार्मिक सीप** | **कार्यघण्टा : ६** |

क) सिकाइ उपलब्धि :

- ठोस सामग्री नदेखिने तर समाजमा परिणाम देखिने अदृश्य सीपहरू पहिचान गर्ने
- आफ्नो रुचि भएको सीपबारे थप जानकारी राख्ने वा सिक्ने प्रयत्न गर्ने

ख) विषयवस्तुको विस्तृतीकरण : - अदृश्य सीपहरूको आकलन, अवलोकन, अभिलेखन र छलफल

ग) सम्भावित सिकाइ सामग्रीहरू : सम्बन्धित सीप विज्ञ

घ) सम्भावित सिकाइ क्रियाकलाप

- घरगाउँमा ठोस रूपमा नदेखिने तर परिणाम देखिने अदृश्य सीपहरू के के होलान् भनी घर तथा टोलका ज्येष्ठ सदस्यहरूलाई सोधेर त्यसको सूची तयार गर्न लगाउने, भन्न नसकेमा शिक्षकले उदाहरण दिने (धामी बस्ने, फुकफाक गर्ने, औषधिमूलो गर्ने, गीत कथा भन्ने, सुत्केरी गराउने, मौसमको भविष्यवाणी गर्ने, झगडा मिलाउने आदि)।
- विद्यार्थीलाई समूहमा बाँड्ने र हरेक समूहलाई बढीमा दुईटा सीपसम्बन्धी जानकारी (कसले गर्न सक्छ वा पाउँछ, कसरी विज्ञ हुन सकिन्छ, के पढ्नु वा जान्नुपर्छ, के सजिलो छ के गाह्रो छ, सीप अभ्यासको प्रक्रिया कस्तो हुन्छ आदि) सँग सम्बन्धित व्यक्तिसँग उक्त सीपबारे सोधेर ल्याउने र कक्षामा प्रस्तुत गर्न लगाउने ।
- विभिन्न अदृश्य सीपहरूमध्ये आफूलाई सबैभन्दा रुचि लाग्ने सीप छान्न दिने र भोट गरेर उक्त सीपको विज्ञको कार्यस्थलमा गएर वा उहाँलाई कक्षामा बोलाएर प्रश्नोत्तर सत्र राख्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- - अदृश्य सीपका दुई उदाहरण र गाउँमा ती विषयका विज्ञसहित नाम दिन सकेको
- कम्तीमा एउटा अदृश्य सीपबारे व्याख्या गर्न सकेको
- कम्तीमा एक अदृश्य सीपको उपलब्धि तथा पक्ष वा विरुद्धमा वा तटस्थ तर्क राख्न सकेको
- सम्बन्धित विज्ञलाई आफ्नो धारणासहित तार्किक प्रश्न राखेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ६ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १७.

| | |
|---|---|
| **कक्षा ७** | **पाठ : ५. मेरो सिर्जना** |
| **विषयवस्तु : लोक कला तथा साहित्य** | **कार्यघण्टा : ६** |

क) सिकाइ उपलब्धि :

- स्थानीय कथा वा गाउँघरतिरै भएका सामग्री तथा अवस्थाबाट कथा, कविता वा गीत रचना गर्न वा सो अनुसारको चित्रकला वा धुन बनाउन अथवा बजाउन सक्ने
- आफ्ना रचनामा स्थानीय परिवेशको झल्को ल्याउन खोज्ने

ख) विषयवस्तुको विस्तृतीकरण : - लोक कलामा आफ्नो प्रयास

ग) सम्भावित सिकाइ सामग्रीहरू : धार्मिक तथा जातीय समूहका विशेष कलाका उदाहरण वा चित्र अथवा भिडियो

घ) सम्भावित सिकाइ क्रियाकलाप

- विद्यार्थीलाई व्यक्तिगत हुने खालका विषय (जस्तै : सबैभन्दा मन पर्ने कोठा, दस वर्षपछिको आफू, घरमा पालेको जनावर, आफ्नो कोठाको रङ आदि) मा कथा, गीत वा कविता रचना गर्न दिने, यसरी रचना गर्दा सकेसम्म आफ्नै गाउँतिर आफैंले देखेको दृश्य, सुनेको आवाज, सुँघेको गन्ध, चाखेको स्वाद र महसुस गरेको स्पर्शका विवरणहरू सहित रचना गर्न वा प्रेरित चित्रकला बनाउन वा धुन बजाउन प्रोत्साहन गर्ने । यो रचना अभिभावक दिवस वा अन्य कुनै कार्यक्रममा भन्न, गापा स्तरीय प्रतियोगिता सञ्चालन गर्न वा भित्ते पत्रिकामा राख्न दिने ।
- आफ्नो धार्मिक तथा जातीय समूहका विशेष कलाहरू भएमा (जस्तै : तामाङको थाङ्का) तिनीहरूको अवलोकन गर्ने, बनाउने तरिका जानकारी दिने र बनाउन कोसिस गर्ने ।
- सम्बन्धित अभ्यासकर्ताहरूबाट ती कलाको अभ्यासमा आइपरेका सजिला तथा अप्ठ्याराहरूबारे जानकारी लिने ।

ङ) सिकाइ मूल्याङ्कन

- स्थानीय कथा वा गाउँघरतिरै भएका सामग्री तथा अवस्थाबाट कलाकृति रचना गर्न सकेको
- आफ्ना रचनामा स्थानीय परिवेशको झल्को ल्याएको (जस्तै : बागमती खोला वा गिढावर डाँडाको परिवेश)
- स्थानीय जातीय धार्मिक समूहको कम्तीमा एक विशेष कलाका विशेषता भन्न सकेको
- भएका स्थानीय सीप र कला कुन जोगाउन बढी आवश्यक छ, किन र कसरी जोगाउन सकिन्छ, २५-५० शब्दमा भन्न र लेख्न सकेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ६ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १८.

| | |
|---|---|
| **कक्षा ७** | **पाठ : ६. हाम्रो सँस्कृति** |
| **विषयवस्तु : चालचलन र चाडपर्वहरू** | **कार्यघण्टा : ५** |

क) सिकाइ उपलब्धि :

- संसार र समाजको उत्पत्तिबारेका स्थानीय विश्वासबारे धारणा राख्न सक्ने
- प्रकृति र मानिस अनि मानिसमानिस बीचको सम्बन्ध कस्तो हुनुपर्छ भन्नेबारे विचार निर्माण गर्ने

ख) विषयवस्तुको विस्तृतीकरण : - विश्वास र मूल्यमान्यता

ग) सम्भावित सिकाइ सामग्रीहरू : गुम्बा, मन्दिर, चर्च भ्रमण, चाडपर्वको विवरण

घ) सम्भावित सिकाइ क्रियाकलाप

- संसार र समाज कसरी बन्यो भन्नेबारे आफ्ना हजुरबुबा हजुरआमाको धारणा के छ सोधेर आउन र कक्षामा छलफल गर्न लगाउने । नयाँ र पुराना पुस्ता बीचका विचारमा फरक छ/छैन, विज्ञानका सिद्धान्तअनुसार पारम्परिक धारणा कत्तिको मिल्दोजुल्दो रहेछ भन्नेबारे पनि कुराकानी गर्ने ।
- घर र छरछिमेकमा कुन धर्मका चाडपर्व, के कसरी मान्छन् छलफल गर्ने । गुम्बा, मन्दिर, चर्च हेर्न लैजाने र त्यहाँ कुनै चाडपर्वमा के हुन्छ अवलोकन गर्दै वा सोधेर र आफ्ना सम्झनाका आधारमा टिपेर आफ्नो विवरण कक्षामा प्रस्तुत गर्न लगाउने ।
- आ-आफ्नो संस्कृतिअनुसार कसले के गर्न हुन्छ, के गर्न हुँदैन घरमा सोधेर वा कक्षामा छलफल गरेर जानकारी दिने । एक अर्काको संस्कारमा के के मिल्ने कुरा रहेछन् पत्ता लगाउन छलफल गर्ने । छलफलका आधारमा के गर्नु राम्रो, के गर्नु नराम्रो जस्ता विषयबारे समाजको मान्यताबारे आफ्नै बुझाइ र विचार अनुसारको निबन्ध लेख्न दिने ।
- कुनै चाडपर्वमा भइरहेका अभ्यास कुन कसलाई अनौठा वा अनावश्यक लाग्छन् छलफल गर्ने र त्यसो गर्नुका कारण के होलान् भनेर छलफल गर्ने ।
- निम्न मूल्य मान्यताको पालन गर्न आफ्नो कार्ययोजना बनाउन लगाउने : १) सबै मानिसलाई समान व्यवहार, २) सबै धर्मप्रति आफ्नो अडान र व्यवहार, ३) प्रकृतिप्रति आफ्नो व्यवहार ।

ङ) सिकाइ मूल्याङ्कन

- संसार र समाजको उत्पत्तिबारेका स्थानीय विश्वासबारे भन्न सकेको
- स्थानीय विश्वास र वैज्ञानिक आधारबीच तुलना गरेर बताउन सकेको
- प्रकृति तथा अन्य मानिससँग हुनुपर्ने आफ्नो सम्बन्ध तथा व्यवहारबारे कार्ययोजनामार्फत विचार प्रस्तुत गरेको
- कुनै चाडपर्वमा भइरहेका कुन दुई अभ्यास अनौठा वा अनावश्यक लाग्छन्, त्यसका वस्तुगत कारण के होलान् अन्दाज गरेर पनि भन्न र लेख्न सकेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १९.

| | |
|---|---|
| **कक्षा ७** | **पाठ ः ६. हाम्रो सँस्कृति** |
| **विषयवस्तु ः परम्परागत खानपिन, स्थानीय परिकार र अल्पपोषण भएका खानेकुरा** | **कार्यघण्टा ः ५** |

क) सिकाइ उपलब्धि ः

- स्थानीय तहमा उत्पादन हुने सन्तुलित तथा स्वस्थकर खानेकुरा पहिचान र प्रयोग गर्ने
- अल्पपोषण भएका खानेकुरा तथा पत्रु खानाले गर्दा स्वास्थ्य र वातावरणमा भइरहेको असरबारे जानकार हुने र समुदायमा जनचेतना फैलाउन सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण ः

- पत्रु खानाले वातावरणमा पारिरहेको असर र यसको न्यूनीकरण
- स्थानीय खानाको महत्व

ग) सम्भावित सिकाइ सामग्रीहरू ः पत्रु खानाको खोल, पोषण विवरण

घ) सम्भावित सिकाइ क्रियाकलाप

- विद्यार्थीले अत्यन्तै रूचाएका पत्रु खानाको खोलहरू विद्यालयतिर पनि हुन सक्छन् । खोल देखाएर र खोलमा लेखेको कुरा पढ्न लगाएर अल्पपोषण भएका खानेकुराले पोषण, वातावरण र आर्थिक अवस्थामा पार्ने प्रभावबारे छलफल गर्ने । छुटेका कुरा शिक्षकले बताउने । (वातावरणको पाठ पढाउँदा एकीकृत गरेर यो गतिविधि गर्न सकिन्छ ।)
- विद्यार्थीलाई समूहमा बाँडेर हरेकलाई कम्तीमा पाँच फरकथरिका अल्पपोषण भएका खानेकुरा र स्थानीय खानाबीच विभिन्न पक्ष (पैसा, लागत, बनेको तरिका, मेहेनत, पोषण, वातावरणीय असर आदि) का आधारमा तुलना गर्न समूहगत छलफल गराउने । छलफलबाट निस्केको निष्कर्ष चार्टपेपरमा लेखेर प्रस्तुत गर्न लगाउने र कक्षागत छलफल गर्ने । सो चार्टपेपर कक्षामा वा नोटिस बोर्डमा राख्ने ।
- कुनै खानालाई ‘पत्रु’ किन भनिँदो रहेछ भनेर छलफल गर्ने ।
- अल्पपोषण भएका खानेकुराको प्रयोग कसरी कम गर्न सकिन्छ भन्नेबारे निबन्ध वा आफ्नो व्यक्तिगत विचार लेख्न दिने । यो लेख कक्षामा मात्र प्रस्तुत नगरेर विद्यालयको भित्ते पत्रिकामा पनि राख्न प्रोत्साहन गर्ने ।
- प्रत्येक विद्यार्थीलाई आफ्नो छिमेकका (समकक्षी बाहेकका) पाँच घरको जिम्मा दिँदै ती घरमा अल्पपोषण भएका खानेकुरा कत्तिको खाइन्छ भनी खोज गर्न लगाउने । त्यसै भेटमा अल्पपोषण भएका खानेकुराका असर र रोकथामबारे बताउन भन्ने र अन्त्यमा ती छिमेकको भनाइ टिपेर वा घरमा फोन प्रयोग गर्न अनुमति भएमा भिडियोमा रेकर्ड गरेर ल्याउन लगाउने । यी विवरण कक्षामा प्रस्तुत गर्ने अथवा अभिभावक दिवस वा कुनै विशेष दिनमा अभिभावक, शिक्षक तथा विव्यसको सहयोगमा स्थानीय परिकार बनाएर प्रदर्शन गर्ने, खोजमा भेला पारेको जानकारी तथा भिडियो प्रदर्शन गर्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- स्थानीय तहमा उत्पादन हुने खानेकुराको प्रयोग बढाउनुपर्छ भन्ने तर्क राखेको
- समुदायमा अल्पपोषण भएका खानेकुराको न्यूनीकरणको महत्वबारे बताउनमा सक्रियता देखाएको
- पत्रु खानाले गर्दा वातावरणमा भइरहेको असरबारे भन्न सकेको वा अल्पपोषण भएका खानेकुराले गर्दा मानिसको स्वास्थ्यमा भइरहेको असरबारे भन्न सकेको

- स्थानीय र अल्पपोषण भएका खानेकुराबीच तुलना गरेर आफ्नो विचार राख्न सकेको

च) परियोजना कार्य

| |
|---|
| नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला । |

पाठयोजना २०.

| | |
|---|---|
| **कक्षा ७** | **पाठ : ७. हाम्रो वरपरको संसार** |
| **विषयवस्तु : नदीनाला** | **कार्यघण्टा : ५** |

क) सिकाइ उपलब्धि :

- पालिकाका खोला, तिनको परम्परागत प्रयोजन, महत्व र सम्भावनाबारे वर्णन गर्न सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण : - पालिकाका खोला र तिनको परम्परागत प्रयोजन

ग) सम्भावित सिकाइ सामग्रीहरू : पालिकाका खोलाको विवरण र प्रयोगको अवस्था, नदी सिँचाइ, माछा मार्ने आदि क्रियाकलाप

घ) सम्भावित सिकाइ क्रियाकलाप

- आफ्नो व्यक्तिगत अवलोकन, अनुभव तथा भावनाका आधारमा पालिकाका मुख्य नदीका विशेषता झल्किने गरी कविता तथा निबन्ध रचना गरेर वाचन गर्न लगाउने ।
- पालिकाका नदीहरूको महत्व र सम्भावनाबारे छलफल गर्ने ।
- नदी सिँचाइ, माछा मार्ने आदि प्रयोजनसम्बन्धी अन्य विभिन्न परम्परागत सीपको स्थलगत अवलोकन र अभ्यास गर्ने ।
- खोलानालासँग सम्बन्धित स्थानीय वा अन्यत्रका लोक कथा, गीत, उखान आदि ("माछा मार्ने दुवाली छेकेर....................", "कहाँ जालिस् मछली मेरै ढडिया" जस्ता गीत) खोज्न लगाउने, गाउन वा सुनाउन लगाउने ।
- नदीनालाको दोहनसहित अवैध तरिकाले माछा मार्ने जस्ता विषय खोजी छलफल गर्ने र निराकरणका उपाय खोज्न लगाउने ।

ङ) सिकाइ मूल्याङ्कन

- पालिकाका नदीहरूको महत्व र सम्भावनाबारे बताउन सकेको
- नदीका विशेषता झल्किने गरी कविता तथा निबन्ध रचना गरेको
- नदी सिँचाइ, माछा मार्ने आदि प्रयोजनसम्बन्धी अन्य विभिन्न परम्परागत सीप मध्येको कुनै एक सीप अभ्यास गरेको वा यसबारे भन्न सकेको
- नदीमा आधारित भएको कुनै काम जस्तै- बगरमा खेती, माछा पालनजस्ता काम सुरू गरेको वा संलग्न भएको वा यसबारे भन्न सकेको

च) परियोजना कार्य

| |
|---|
| नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला । |

पाठयोजना २१.

| | |
|---|---|
| **कक्षा ७** | **पाठ : ८. हाम्रो भाषा** |
| **विषयवस्तु : भाषा** | **कार्यघण्टा : ३०** |

क) सिकाइ उपलब्धि :

- पूर्ण भूत तथा अभूतकालका क्रिया प्रयोग गर्न सक्ने
- अभ्यस्त भूतकालका क्रियाको प्रयोगबारे परिचित हुने
- 'किन' र थप 'कसरी' प्रश्नउत्तर प्रयोग गर्ने
- चाडपर्व, धर्म संस्कृति, पहिरन, दैनिकी सम्बन्धित शब्द प्रयोग गर्ने

ख) विषयवस्तुको विस्तृतीकरण :

- पूर्ण भूत तथा अभूतकालका ढाँचा
- अभ्यस्त भूतकालका ढाँचा

ग) सम्भावित सिकाइ सामग्रीहरू : स्थानीय भाषाका आवश्यक शब्दहरू, बालगीत, कथा, कविता

घ) सम्भावित सिकाइ क्रियाकलाप

- हप्ताको एक दिन आधा घण्टा एउटा भाषा बोल्नलाई छुट्याउने र सकेसम्म तोकिएको भाषामै सबै जना बोल्ने तालिका मिलाउने र सिकिरहेका हरेक भाषाको एउटा-एउटा गीत वा लयबद्ध रहेको कविता सबैले सँगै गाउने । (सो गीत वा कविताको अर्थ विद्यार्थीलाई थाहा दिने ।)
- कुनै विशेष चाड वा दिनको विवरण पूर्ण भूतकालका क्रिया प्रयोग गरेर लेख्न र कक्षामा भन्न लगाउने । यसै गरी पूर्ण वर्तमानको ढाँचा अभ्यास गराउन कसैले केही गरेको प्रक्रिया वा गतिविधि लेखेर भन्न लगाउने ।
- घरको सबैभन्दा ज्येष्ठ सदस्यसँग उहाँको पालामा के कस्तो हुन्थ्यो सोधेर लेख्न लगाउने र यसमार्फत अभ्यस्त भूतकालको अभ्यास गर्ने ।
- उपलब्ध भएमा अलगअलग भाषाको कुनै चलचित्र देखाएर वा गीत सुनाएर कस्तो लाग्यो, के मन पर्‍यो, के मन परेन, किन मन पर्‍यो उत्तर आउने गरी सोही वा फरक भाषामा एउटा अनुच्छेद लेख्न दिएर सुनाउन लगाउने ।

ङ) सिकाइ मूल्याङ्कन

- पूर्ण भूत तथा अभूतकालका क्रिया प्रयोग गर्न सकेको
- परिवारका ज्येष्ठ सदस्यको कथामार्फत अभ्यस्त भूतकालका क्रियाको प्रयोग गरेको
- चाडपर्व, धर्म संस्कृति, पहिरन, दैनिकी सम्बन्धित शब्द प्रयोग गरेको
- स्थानीय वा मातृभाषामा कारण खुल्ने गरी अनुच्छेद लेख्न वा भन्न सकेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ३० मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

# कक्षा ८

पाठयोजना १.

| | |
|---|---|
| **कक्षा ८** | **पाठ : १. मेरो दैनिक जीवन** |
| **विषयवस्तु : जीविकाको मुख्य आधार** | **कार्यघण्टा : ३** |

क) सिकाइ उपलब्धि :

- जीविकोपार्जनका क्षेत्रसम्बन्धी गापाको नियम तथा व्यवस्थाबारे सामान्य रूपमा भन्न सक्ने
- पालिकामा उपलब्ध जीविकाका आधार र व्यक्तिगत वा आफ्नो परिवारले गर्न सक्ने क्षेत्रहरू पहिचान गर्ने

ख) विषयवस्तुको विस्तृतीकरण :

- जीविकोपार्जनका अवसर र चुनौतीहरू
- व्यापारिक वा सामाजिक संस्था खोल्ने प्रक्रिया

ग) सम्भावित सिकाइ सामग्रीहरू :

घ) सम्भावित सिकाइ क्रियाकलाप

- विद्यार्थीलाई आफ्नो गाउँमा केही गर्नु पर्दा के काम गर्न इच्छुक छन् सोध्ने । पेसागत जवाफभन्दा पनि जीविकोपार्जनको दृष्टिकोणबाट हेर्न लगाउने । आफ्नो रुचि, क्षमता र सक्षमताबारे सोच्न लगाएर आफूलाई कुन-कुन क्षेत्रमा सफल देख्न सकिन्छ र त्यो सफलता हासिल गर्न आफ्ना अवसर र चुनौती के के छन् भन्नेबारे एक निबन्ध लेख्न लगाउने ।
- विषय छुट्याएर हरेक समूहलाई एउटा-एउटा काम (उदा. खेती, व्यापार, व्यवसाय सञ्चालन गर्न, बाल क्लब खोल्न, सामाजिक काम गर्न आदि) पर्ने गरी सो काम गर्न के कस्तो पूर्वजानकारी हुनुपर्छ, त्यसका अवसर र चुनौती के के छन् भन्ने बुझ्न सामूहिक कार्य दिने र प्रस्तुति गर्न लगाउने । यो कार्यमा सामूहिक रिपोर्ट लेखेर प्रस्तुति दिने पनि राख्न सकिन्छ ।

ङ) सिकाइ मूल्याङ्कन

- आफ्नो रुचिको जीविका, त्यसको अवसर र चुनौती लेखनमार्फत व्यक्त गर्न सकेको
- कम्तीमा एउटा क्षेत्रको व्यापारिक वा सामाजिक संस्था खोल्न वा काम गर्नका लागि पालिकाको नियमानुसार के गर्नुपर्छ भन्ने सामान्य जानकारी बताउन सकेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ३ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना २.

| | |
|---|---|
| **कक्षा ८** | **पाठ : १. मेरो दैनिक जीवन** |
| **विषयवस्तु : जडीबुटी तथा गैरकाठ वनपैदावर** | **कार्यघण्टा : ४** |

क) सिकाइ उपलब्धि :

- कुन जडीबुटी कसरी प्रयोग गरिन्छ भन्नेबारे परिचित हुने
- नेपाल आयुर्वेद चिकित्सा परिषद्ले टिपोट गरेका जडीबुटी र स्थानीय रूपमा मान्दै आइएको जडीबुटीको सामान्य फरक पहिचान गर्ने

ख) विषयवस्तुको विस्तृतीकरण :

- स्थानीय जडीबुटी तथा गैरकाठ वनपैदावरको प्रयोग गर्ने तरिका र संरक्षण

ग) सम्भावित सिकाइ सामग्रीहरू : स्थानीय विज्ञ, जडीबुटीका औषधीय भाग, वर्गीकरण तालिका

घ) सम्भावित सिकाइ क्रियाकलाप

- घर वरपर कुन-कुन जडीबुटी कसरी प्रयोग गर्नुहुन्छ (कस्तो जडीबुटी खाइन्छ, कुन शरीरमा दलिन्छ, कुन वनस्पतिको बाफ सुँघिन्छ आदि) र ती केका लागि प्रयोग गर्नुहुन्छ भन्नेबारे सोधेर चार्टपेपर तयार पार्न लगाउने । त्यसमा जडीबुटीको चित्रका साथै खाने हो भने त्यसको स्वाद, लाउने हो भने पोल्ने शितल पार्ने कस्तो गर्छ आदि जस्ता अनुभव पनि सोधेर लेख्न भन्ने । आफूले भेला पारेको विवरण कक्षामा प्रदर्शन गर्न लगाउने ।
- मधुमेह, उच्च रक्तचाप, पखाला, कब्जियतजस्ता विशेष अवस्था र कोभिड-१९ महामारीका बेला समुदायले प्रयोग गरेका जडीबुटीबारे जानकारी दिने ।
- वैज्ञानिक रूपमा पुष्टी भइसकेका वा नभईकन स्थानीय रूपमा प्रयोग गरिएका औषधीय वनस्पतिबारे विद्यार्थीलाई तिनको नाम, कुन समस्या वा फाइदा र प्रयोग गर्ने तरिका खोज गर्न लगाउने, शिक्षकले पनि सहयोग गर्ने र कक्षामा छलफल गर्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- कक्षामा छलफल गरिएका जडीबुटीमध्ये कम्तीमा पाँचवटा जडीबुटी कसरी प्रयोग गरिन्छ भन्न सकेको
- कक्षामा छलफल गरिएका जडीबुटीमध्ये कम्तीमा पाँचवटा जडीबुटी कुन रोगमा प्रयोग गरिन्छ भन्न सकेको
- विशेष स्थितिका बेला प्रयोग गरिने जडीबुटीबारे सामान्य जानकारी दिन सकेको
- वैज्ञानिक रूपमा पुष्टी भएका र नभएका गरी कम्तीमा दुई जडीबुटी पहिचान गरेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ४ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना ३.

| | |
|---|---|
| **कक्षा ८** | **पाठ : १. मेरो दैनिक जीवन** |
| **विषयवस्तु : कृषि र पशुपालन** | **कार्यघण्टा : ५** |

क) सिकाइ उपलब्धि :

- स्थानीय बाली र दिगो खेतीपातीका विशेषता बताउन सक्ने र त्यसको अभ्यास गर्ने
- गापा, कृषि तथा पशु कार्यालय, वन विभाग आदि जस्ता निकायबाट पाइने सेवाबारे परिचित हुने

ख) विषयवस्तुको विस्तृतीकरण :

- जैविक तरिकाले खाद्यान्न उत्पादन गर्ने तरिका र अवधारणाहरूको आधारभूत जानकारी

ग) सम्भावित सिकाइ सामग्रीहरू :

घ) सम्भावित सिकाइ क्रियाकलाप

- स्थानीय बीउ संकलन गरेर नाम र विशेषता लेख्न लगाउने र तीमध्ये वा बाहेकका हराउँदै गइरहेका खेतीपाती र बीउबारे अध्ययन गर्न लगाउने । ती बीउ हराउँदै जानुको कारणबारे छलफल गर्ने । स्थानीय बीउ हराउँदै गए के हुन्छ छलफल गर्ने र हराएका बीउ वा खेती जोगाउन प्रोत्साहन गर्ने ।
- स्थानीय बाली र परम्परागत खेती प्रक्रियाबारे किसानसँग सोधेर टिप्न लगाउने । स्थानीय र आधुनिक कृषि साधन प्रयोग गरी गरिने खेतीपाती बीचका फाइदा र बेफाइदाबारे पनि सोधेर कक्षामा प्रस्तुत गर्न लगाउने र सामूहिक छलफल गर्ने ।
- परम्परागत र आधुनिक खेतीको अवलोकन गर्न लगाउने । यी दुईबीच तुलना गरेर परम्परागत खेतीमा गर्नुपर्ने सुधार सहितको अनुच्छेद वा निबन्ध लेख्न दिने ।
- फलेका बाली भण्डारण गर्ने वा जोगाएर राख्ने परम्परागत विधि (जस्तै : पुतली, कीरा लाग्नबाट जोगाउन तितेपाती, बनमारा आदिको प्रयोग गर्न सकिने) बारे अवलोकन तथा अभ्यास गर्ने र कक्षामा छलफल गर्ने ।
- दिगो खेतीपातीबारे जानकारी दिने । स्थानीय, परम्परागत तथा दिगो खेतीपातीको महत्व, जैविक विविधतासँग यिनको सम्बन्ध र यिनलाई जोगाइराख्न अपनाउनुपर्ने उपायबारे कक्षामा छलफल गर्ने र विद्यार्थीलाई आफ्नो विचार लेखेर प्रस्तुत गर्न लगाउने ।
- गाउँपालिका, कृषि तथा पशु र वन कार्यालय आदि जस्ता कृषि सम्बन्धित सेवा कार्यालयहरू भ्रमण गरी अन्तर्क्रिया गर्ने । कृषकलाई यी संस्थाले दिने सेवा र गर्ने सहयोगका साथै दिगो खेतीपातीमा भइरहेका कामबारे जानकारी टिप्न तथा टिप्पणी गर्न लगाउने ।

ङ) सिकाइ मूल्याङ्कन

- स्थानीय बाली तथा दिगो खेतीपाती र जैविक विविधताको सम्बन्ध भन्न सकेको
- आधुनिक र परम्परागत साधनको प्रयोगबीच फरक छुट्याउन सकेको
- फलेका बाली भण्डारण गर्ने वा जोगाएर राख्न परम्परागत विधिको अभ्यास गरेको वा भन्न सकेको
- कृषिसँग सम्बन्धित कार्यालयहरूले दिगो खेतीपातीका लागि गरिरहेका कामबारे भन्न सकेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना ४.

| | |
|---|---|
| **कक्षा ८** | **पाठ : १. मेरो दैनिक जीवन** |
| **विषयवस्तु : कृषि र पशुपालन बाहेकका समसामयिक र व्यावसायिक पेसा** | **कार्यघण्टा : ५** |

क) सिकाइ उपलब्धि :

- आफूले चाहेको काम भविष्यमा गर्न सक्ने हुनका लागि आजदेखि आफूले गर्नुपर्ने तयारीबारे सोच्न थाल्ने
- पालिकाका पेसागत संघ-संस्था र सम्बन्धित निकायका सेवा सुविधाबारे परिचित हुने

ख) विषयवस्तुको विस्तृतीकरण : - पालिकामा पेसागत संस्थासँग र सम्बन्धित निकाय

ग) सम्भावित सिकाइ सामग्रीहरू :

घ) सम्भावित सिकाइ क्रियाकलाप

- सबैलाई आफू ठूलो भएपछि गर्न मन लागेको कामको सूची बनाउन लगाउने (घटीमा एक, बढीमा तीन)। ती कामका लागि के के सीप तथा गुण आवश्यक होलान् लेख्न लगाउने। भविष्यमा त्यो काम गर्न सक्ने हुन आजदेखि के गर्न आवश्यक हुन्छ, कस्तो बानी चाहिन्छ, के विषय पढ्नुपर्छ, कस्तो सीप सिक्नुपर्छ आदि समेटेर एउटा अनुच्छेद वा निबन्ध लेख्न लगाउने।
- कसैले खेती नछानेमा त्यसबारे गम्भीर छलफल गर्ने र कृषि पेसा नै नअँगाले पनि आकस्मिकताका तयारीजस्ता दृष्टिले उमार्न सीप नगुमाउन प्रोत्साहन गर्ने। गम्भीर सङ्कट नपरून्जेल सकेसम्म जग्गा किन नबेच्ने छलफल गर्ने।
- पालिकामा रहेका पेसागत संघ-संस्था र तथ्याङ्क विद्यार्थीलाई उपलब्ध गराइदिने। विद्यार्थीलाई समूहमा बाँडेर विभिन्न पेसाको शीर्षक दिने र तिनका संघ-संस्थाले ती पेसा गर्ने व्यक्तिलाई के कस्ता सेवा सुविधा दिन्छन् भन्नेबारे सम्बन्धित संघ-संस्थामा सोधेर प्रतिवेदन तयार पार्न र प्रस्तुत तथा छलफल गराउने।

ङ) सिकाइ मूल्याङ्कन

- आफूलाई गर्न मन लागेको कामको सूची बनाउन सकेको
- आफूले चाहेको काम भविष्यमा गर्न सक्ने हुनका लागि आजदेखि आफूले के गर्नुपर्ने हुन्छ भन्नेबारे स्पष्ट भएको र खुलेर लेखेको
- प्रतिवेदनमा पालिकाका मुख्य पेसागत निम्न तथ्य-तथ्याङ्कबारे जानकारी राखेको : मुख्य पाँच पेसा र तिनको आम्दानी
- पेसागत संघ-संस्थाले दिने सेवा सुविधाबारे प्रस्तुति गरेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन्। तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ। विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला।

पाठयोजना ५.

| | |
|---|---|
| **कक्षा ८** | **पाठ : २. हाम्रो समुदाय** |
| **विषयवस्तु : वरपरको भौगोलिक तथा सामाजिक वातावरण** | **कार्यघण्टा : ७** |

क) सिकाइ उपलब्धि :

- नेपाल, बागमती प्रदेश, जिल्लाको अवस्था र त्यसमा पालिकाको स्थान पहिचान गर्ने
- छिमेकी पालिकासँग संक्षिप्त तुलना गर्न सक्ने
- वागमती गापाको आर्थिक तथा सामाजिक अवस्था, अवसर र चुनौती र चालू विकास निर्माणका कामबारे परिचित हुने
- पालिकाको नेतृत्व लिन चाहिने गुणबारे विचार राख्ने

ख) विषयवस्तुको विस्तृतीकरण :

- देश, प्रदेश तथा जिल्लाको नक्सामा पालिका
- पालिकाका वडाहरू देखिने नक्सा
- गापाको विकासको अवस्था, अवसर र चुनौती र छिमेकी पालिकाहरूसँग संक्षिप्त तुलना

ग) सम्भावित सिकाइ सामग्रीहरू :

घ) सम्भावित सिकाइ क्रियाकलाप

- प्रदेश र जिल्लाको संक्षिप्त परिचय दिने (अनुसूचीमा पालिकाको परिचय प्रस्तुत गरिएजति विस्तारमा) ।
- प्रदेश, जिल्लामा पालिकाको अवस्थिति नक्सामा पत्ता लगाउने र त्यसका के असर र परिणाम हुन सक्छन् छलफल गर्ने ।
- वागमती गापाका चालू विकास निर्माणका कामबारे लेख्न सामूहिक कार्य दिने । प्रत्येक समूहले एउटा-एउटा क्षेत्र (वा शाखा अनुसार) हाल चलिरहेका गापाका विकास निर्माणका काम, अवस्था, अवसर र चुनौतीबारे खोज गरेर प्रस्तुति गर्न लगाउने ।
- मकवानपुर जिल्लाका अन्य पालिका लगायत अर्को जिल्लामा पर्ने छिमेकी गापाहरूबारे विवरण वा समाचार जम्मा गरेर विद्यार्थीलाई पनि खोज्न लगाएर तिनको अध्ययन गर्न लगाउने । विभिन्न पक्ष ( मौसम, भौगोलिक अवस्थिति, क्षेत्रफल, जनसङ्ख्याजस्ता विवरणात्मकसँगै बाटोको सुविधा, शिक्षा, खानेपानी आदि) का आधारमा तुलानात्मक चार्ट बनाउन लगाउने र अवस्था तुलना गर्न लगाउने । यो तुलनालाई विद्यार्थी आफूले बुझेअनुसार व्याख्या गर्न पनि लगाउन सकिन्छ ।
- यस पालिकाको अध्यक्ष हुन के चाहिन्छ ? वा तपाईं वडा वा पालिका अध्यक्ष हुनुभयो भने तपाईंले के गर्नु हुने छ वा कस्तो योजना हुने छ ? जस्ता प्रश्नको उत्तर आउने गरी 'म पालिका अध्यक्ष भएँ' भने वा 'मेरो पालिका' भन्ने विषयमा वक्तृत्वकला प्रस्तुति वा निबन्ध लेख्न दिने ।

ङ) सिकाइ मूल्याङ्कन

- तुलनात्मक विश्लेषण गर्ने प्रयत्न गरेको
- प्रदेश, जिल्लाको नक्सामा पालिकाको नक्सा बनाएर वडासहित देखाउन सकेको वा, गापाको कामका दायराबारे बुझाइ निबन्धमार्फत झल्काएको
- आफ्नो बुझाइअनुसार गापाको कुन काम उपयुक्त वा कुन कम उपयुक्त हो कारणसहित भन्न र/वा लेख्न सकेको

- पालिकाको नेतृत्वका लागि आवश्यक गुण टिपोट गर्न सकेको

च) परियोजना कार्य

| |
|---|
| नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ। विशेषगरी, कार्यघण्टा ७ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला । |

पाठयोजना ६.

| | |
|---|---|
| **कक्षा ८** | **पाठ : २. हाम्रो समुदाय** |
| **विषयवस्तु : स्थानीय रेकर्ड बुक** | **कार्यघण्टा : ४** |

क) सिकाइ उपलब्धि :

- पालिकाका आर्थिक, राजनीतिक तथा प्राविधिक तथ्याङ्कबारे परिचित हुने

ख) विषयवस्तुको विस्तृतीकरण : - पालिकाका आर्थिक, राजनीतिक तथा प्राविधिक तथ्याङ्क

ग) सम्भावित सिकाइ सामग्रीहरू :

घ) सम्भावित सिकाइ क्रियाकलाप

- वागमती गापाका आर्थिक, राजनीतिक तथा प्राविधिक तथ्याङ्क (पहिलो अध्यक्ष, पहिलो उपाध्यक्ष, सबैभन्दा युवा वडाध्यक्ष, पहिलो निजी गाडी मालिक, पहिलो चालक, ट्याक्टर चालक, पहिलो जेसीबी अपरेटर, पहिलो टिभी रेडियो राख्ने आदि) सम्बन्धी हाजिरी जवाफ प्रतियोगिता आयोजना गराउने ।

ङ) सिकाइ मूल्याङ्कन

- वागमती गापाका आर्थिक, राजनीतिक तथा प्राविधिक विवरण भन्न सकेको
- व्यक्तिगत तहमा हाजिरी जवाफमा सोधिएका छ्यासमिस पाँच प्रश्नका उत्तर सही भनेको
- हाजिरी जवाफमा सोध्न सकिने तीन सम्भावित प्रश्न बनाएको
- आफ्नो वडा वा गाउँ कुन दृष्टिले रेकर्डमा पर्न सक्ला अन्दाज गरेर वा सल्लाह गरेर भन्न सकेको ( केही नपरे पनि किन केही परेन कारण पनि भनेको)

च) परियोजना कार्य

| |
|---|
| नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ। विशेषगरी, कार्यघण्टा ४ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला । |

पाठयोजना ७.

| | |
|---|---|
| **कक्षा ८** | **पाठ ः २. हाम्रो समुदाय** |
| **विषयवस्तु ः चाखलाग्दा भौगोलिक ठाउँ** | **कार्यघण्टा ः ६** |

क) सिकाइ उपलब्धि ः

- पालिकाका महत्वपूर्ण भौगोलिक स्थान, तिनको वर्तमान अवस्था, उपयोग र व्यवस्थापनको आवश्यकता, दोहनका सम्भावना र अति दोहनका समस्याबारे सचेत हुँदै आफ्ना धारणा राख्न सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण ः

- पालिकाका महत्वपूर्ण भौगोलिक स्थान, समाजसँग सम्बन्ध, तिनको प्रयोग, वर्तमान अवस्था र व्यवस्थापन

ग) सम्भावित सिकाइ सामग्रीहरू ः भौगोलिक स्थानमा भएका योजनाका विवरण, हालको अवस्थाबारे जानकारी

घ) सम्भावित सिकाइ क्रियाकलाप

- पालिका कार्यालयमा हाल विभिन्न भौगोलिक विशेषताका ठाउँमा भइसकेका, भइरहेका र योजना गरिएका गतिविधिबारे सोधेर फरकफरक समूहलाई फरकफरक ठाउँबारे एउटा प्रतिवेदन तयार गर्न लगाउने । यस्तो प्रतिवेदन निश्चित मुद्दाबारे पनि हुन सक्छ, जस्तै ः पर्यटकीय स्थलमा शौचालय तथा खानेपानी व्यवस्थापनमा पालिकाको भूमिका ।
- पालिकाका भौगोलिक विशेषताका ठाउँमा गएर त्यहाँ बसोबास गर्ने मान्छेहरूसँग त्यहाँका परिस्थितिबारे सोधेर जानकारी बटुल्न लगाउने ।
- कक्षामा चार-पाँच जनाको एउटा समूह बनाई केहीलाई पालिकाका भौगोलिक विशेषता भएका ठाउँको महत्वबारे, कुनैलाई दोहनको समस्या र सम्भावना र कुनै समूहलाई सम्भावनाबारे लेख्न परियोजनामूलक क्रियाकलाप दिएर प्रस्तुति दिन लगाउने ।
- विद्यार्थीलाई सम्भावनाको सन्दर्भमा पर्यटन मात्र नभई त्यहाँ पाइने स्रोत साधनको सदुपयोग गर्ने पनि हुन सक्छ भनेर अवगत गराउने । उदा. कुनै डाँडामा एकदमै हावा चल्छ भने त्यहाँ हावाबाट बिजुली निकाल्न सकिनेजस्ता अन्य सम्भावना के हुन सक्छन् लेख्न लगाउने ।
- विद्यालयहरूले ती महत्वपूर्ण स्थान सिकाइका लागि प्रयोग गरिरहेका छन् वा छैनन् छलफल गर्ने- अति दोहन भएका ठाउँहरूमा यसको नियन्त्रणका उपायबारे छलफल गर्ने र सम्भव भए यस विषयमा कुरा गर्न विद्यार्थीलाई पालिका लाने वा विद्यालयमा प्रतिनिधि बोलाउने ।

ङ) सिकाइ मूल्याङ्कन

- भौगोलिक विशेषताका ठाउँको हालको अवस्था भन्न र लेख्न सकेको
- आफ्नो गाउँठाउँका सम्भावनाबारे भन्न सकेको
- दोहनको समस्या र सम्भावनाबारे आवश्यक प्रश्न गर्न सकेको
- आवश्यक मुद्दाबारे प्रतिवेदन तयार गरेर आफ्नो धारणा प्रस्तुत गर्न सकेको

च) परियोजना कार्य

नोट ः शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ६ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना ८.

| | |
|---|---|
| **कक्षा ८** | **पाठ : २. हाम्रो समुदाय** |
| **विषयवस्तु : ऐतिहासिक तथा सांस्कृतिक ठाउँ** | **कार्यघण्टा : ४** |

क) सिकाइ उपलब्धि :

- पालिकाका तथा छिमेकका ऐतिहासिक तथा सांस्कृतिक स्थानको वर्तमान अवस्था, तिनको उपयोग र व्यवस्थापनको आवश्यकता, दोहनका सम्भावना र अति दोहनका समस्याबारे सचेत हुँदै आफ्ना विचार र टिप्पणी राख्न सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण :

- पालिकाका तथा छिमेकका ऐतिहासिक तथा सांस्कृतिक स्थान, समाजसँग सम्बन्ध, तिनको प्रयोग, वर्तमान अवस्था र व्यवस्थापन

ग) सम्भावित सिकाइ सामग्रीहरू : ऐतिहासिक स्थानको भ्रमण, त्यहाँका विवरण

घ) सम्भावित सिकाइ क्रियाकलाप

(नोट : चाखलाग्दा भौगोलिक ठाउँ मध्येको ठाउँ नै ऐतिहासिक वा सांस्कृतिक ठाउँ पनि हुन सक्छ । यिनको क्रियाकलाप एकीकृत रूपमा गराउन सकिन्छ ।)

- पालिका कार्यालयमा हाल ऐतिहासिक तथा सांस्कृतिक स्थानमा भइसकेका, भइरहेका र योजना गरिएका गतिविधिबारे सोधेर एउटा प्रतिवेदन तयार गर्न लगाउने । यस्तो प्रतिवेदन निश्चित मुद्दाबारे पनि हुन सक्छ- जस्तै : धार्मिक स्थलको सरसफाइ व्यवस्थापनमा पालिकाको भूमिका ।
- पालिकाका ऐतिहासिक तथा सांस्कृतिक स्थानमा गएर त्यहाँ बसोबास गर्ने मान्छेहरूसँग त्यहाँका परिस्थितिबारे सोधेर जानकारी बटुल्न लगाउने ।
- कक्षामा चार-पाँच जनाको एउटा समूह बनाएर केहीलाई ऐतिहासिक तथा सांस्कृतिक ठाउँको महत्वबारे, कुनैलाई दोहनको समस्या र सम्भावना र कुनै समूहलाई सम्भावनाबारे लेख्न परियोजनामूलक क्रियाकलाप दिएर प्रस्तुति दिन लगाउने ।
- विद्यार्थीलाई सम्भावनाको सन्दर्भमा पर्यटन मात्र नभई त्यहाँ पाइने स्रोत साधनको सदुपयोगको पनि कुरा गर्न सकिन्छ भनेर अवगत गराउने । उदा. कुनै ऐतिहासिक स्थलबारे धेरै जानकारी छैन भने पुरातत्वविद् तथा विद्यार्थीहरूलाई त्यहाँ खोजका लागि बोलाउने र राष्ट्रिय स्तरमा त्यहाँको महत्वबारे जानकारी दिन सकिनेजस्ता अन्य सम्भावना के हुन सक्छन् लेख्न लगाउने ।
- अति दोहन भएका ठाउँहरूमा यसको नियन्त्रणका उपायबारे छलफल गर्ने र यस विषयमा कुरा गर्न पालिका वा सम्बन्धित निकायमा लान सकिने ।

ङ) सिकाइ मूल्याङ्कन

- ऐतिहासिक तथा सांस्कृतिक स्थानको हालको अवस्था भन्न र लेख्न सकेको
- आफ्नो गाउँठाउँका सम्भावनाहरू देख्न तथा पहिचान गर्न सकेको
- दोहनको समस्या र सम्भावनाबारे भन्न सकेको
- आवश्यक मुद्दाबारे प्रतिवेदन तयार गरेको वा ती स्थानको भ्रमणमा कक्षा वा गाउँका साथीहरू लगेर प्रतिवेदन लेखेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ४ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना ९.

**कक्षा ८** **पाठ : २. हाम्रो समुदाय**

**विषयवस्तु : बागमती गापाको इतिहास - युद्ध इतिहास, सामुदायिक इतिहास र ऐतिहासिक व्यक्तित्व**

**कार्यघण्टा : २**

क) सिकाइ उपलब्धि :

- बागमती गापाले बोकेको युद्ध इतिहासबारे परिचित हुने

ख) विषयवस्तुको विस्तृतीकरण : - बागमती गापाको युद्ध इतिहास

ग) सम्भावित सिकाइ सामग्रीहरू : स्थानीय इतिहासविद्, पालिकाका दस्तावेज

घ) सम्भावित सिकाइ क्रियाकलाप

- झुरझुरेका थलीमा २०६२ सालमा तत्कालिन सशस्त्र बिद्रोही माओबादी र नेपाली सेना विच भएको आमने सामने युद्धका बारेमा जानकारी गराउने ।
- पृथ्वीनारायण शाहको नेपाल विस्तार अभियान र मिर कासिम विरुद्धको लडाइँमा हरिहरपुरगढी र मकवानपुरगढीको महत्व र भूमिकाबारे विद्यार्थीलाई किताब हेरेर, इन्टरनेटमा खोजेर वा कसैलाई सोधेर आफूले भेट्न सक्नेजति जानकारी खोज गर्न लगाउने । कसले के भेट्यो भन्नेबारे कक्षामा छलफल गर्ने, शिक्षकले भनिदिने ।
- स्थानीय इतिहासविद्लाई वा गाउँका वयोवृद्धलाई कक्षामा अतिथि शिक्षकको रूपमा आमन्त्रण गरेर बागमती गापाको युद्ध इतिहासबारे प्रश्नोत्तर सत्र सञ्चालन गर्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- वागमती गापाको युद्ध इतिहासबारे प्रश्न सोध्नमा रुचि देखाएको
- झुरझुरे थलीको युद्ध इतिहासमा गर्व गर्दै यसको ऐतिहासिक महत्व बताउन सकेको
- हरिहरपुरगढीमा मिर कासिमले जितेको भए त्यहाँ अनि नेपालमा के फरक हुन्थ्यो होला दुईवटा तर्कसङ्गत कुरा राखेको
- किन त्यही ठाउँमा लडाइँ पर्‍यो होला वा किल्ला बनाएको होला कारण पढेर वा अन्दाज गरेर चारवटा कुरा भन्न सकेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा २ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १०.

| | |
|---|---|
| **कक्षा ८** | **पाठ : ३. हाम्रा वरपरका सजीव** |
| **विषयवस्तु : वन वनस्पति** | **कार्यघण्टा : ५** |

क) सिकाइ उपलब्धि :

- पालिकाका सामुदायिक वनको महत्व, आवश्यकता, फाइदा र समस्या भन्न सक्ने
- वनजङ्गल संरक्षण गर्नुपर्छ भन्ने बोध हुने

ख) विषयवस्तुको विस्तृतीकरण :

- पालिकाका सामुदायिक वनको महत्व, आवश्यकता, फाइदा र समस्या

ग) सम्भावित सिकाइ सामग्रीहरू : पालिकाका सामुदायिक वनबारे विवरण

घ) सम्भावित सिकाइ क्रियाकलाप

- कक्षा ७ मा गरेको गतिविधिमार्फत पालिकाका सामुदायिक वनबारे विवरणात्मक जानकारी बटुल्न लगाउने ।
- आफ्नो घर वा विद्यालयबाट सबैभन्दा नजिक रहेको सामुदायिक वन छेउको बस्तीमा गएर वन सामुदायिक भएपछि जीविका, वातावरण आदिमा आएको परिवर्तनबारे सोधेर र सामुदायिक वनका फाइदा टिपेर प्रतिवेदन तयार गर्न र प्रस्तुत गर्न लगाउने ।
- सामुदायिक वनले वातावरणमा पारेको प्रभावबारे छलफल गर्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- पालिकामा सामुदायिक वनले ल्याएका परिवर्तनबारे लेख्न तथा भन्न सकेको
- सामुदायिक वनको महत्व टिपोट गरेर व्याख्या गर्न सकेको
- सामुदायिक वनले वातावरणमा पारेको प्रभावबारे छलफल गर्न सकेको
- स्थानीय जनसमुदायसँग यस विषयमा अन्तर्क्रिया गरेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना ११.

| | |
|---|---|
| **कक्षा ८** | **पाठ : ३. हाम्रा वरपरका सजिव** |
| **विषयवस्तु : जीवजन्तु र चराचुरूङ्गी** | **कार्यघण्टा : ५** |

क) सिकाइ उपलब्धि :

- जीवजन्तु संरक्षण तथा व्यवस्थापनका उपायहरू पहिचान गर्ने
- पालिकाका जीवजन्तुको संरक्षण गर्नुपर्छ भन्ने विचार प्रकट गर्ने

ख) विषयवस्तुको विस्तृतीकरण : - पालिकाका जीवजन्तुको संरक्षण तथा व्यवस्थापन

ग) सम्भावित सिकाइ सामग्रीहरू : पालिका क्षेत्रभित्र रहेका जीवजन्तुको सूची तथा विवरण, लोपोन्मुख जीवजन्तुको सूची

घ) सम्भावित सिकाइ क्रियाकलाप

- छुट्टाछुट्टै समूहलाई विभिन्न लोपोन्मुख र लोपोन्मुख नभए पनि मानवीय क्रियाकलापले असर परेका जीवजन्तुको नाम, तिनका विशेषता, लोपोन्मुख हुनुको कारण र संरक्षणका उपायहरू एउटा चार्टपेपरमा तयार पारेर प्रस्तुत गर्न दिने ।
- जीवजन्तु किन संरक्षण गर्नुपर्छ भन्नेबारे छलफल गर्ने ।
- "जीवजन्तुको संरक्षणमा सामुदायिक वनको भूमिका" शीर्षकमा स्थानीय अनुभव तथा उदाहरण राखेर निबन्ध लेख्न लगाउने ।
- वन वातावरण र जीवजन्तु सम्बन्धित चित्रहरू बनाउन लगाउने ।

ङ) सिकाइ मूल्याङ्कन

- कम्तीमा तीन लोपोन्मुख वा मानवीय क्रियाकलापले असर पारेका जीवजन्तुको विवरण दिन सकेको
- वरपरका जीवजन्तु संरक्षण गर्ने उपाय भन्न सकेको
- हामीले किन हाम्रा वरपरका जीवजन्तु मास्नु हुँदैन भन्नेबारे तर्क राख्न सकेको
- वन वातावरण र जीवजन्तु सम्बन्धित चारवटा चित्रहरू बनाएको

च) परियोजना कार्य

| |
|---|
| नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला । |

पाठयोजना १२.

| | |
|---|---|
| **कक्षा ८** | **पाठ ः ३. हाम्रा वरपरका सजिव** |
| **विषयवस्तु ः विषालु जीवजन्तु** | **कार्यघण्टा ः ५** |

क) सिकाइ उपलब्धि ः

- विषालु जीवजन्तुको व्यवस्थापन र संरक्षणको महत्व तथा उपायहरू पहिचान गर्ने

ख) विषयवस्तुको विस्तृतीकरण ः - विषालु जीवजन्तु व्यवस्थापन तथा संरक्षण

ग) सम्भावित सिकाइ सामग्रीहरू ः विषालु जीवको व्यवहार र वातावरणमा तिनको भूमिकाबारे भिडियो सामग्री, विषालु जीवको टोकाइसम्बन्धी काम गर्ने स्वास्थ्यकर्मी

घ) सम्भावित सिकाइ क्रियाकलाप

- वातावरणका लागि विषालु जीवको महत्वलाई केन्द्रमा राखेर यस्ता जीवको विनाश होइन व्यवस्थापन तथा संरक्षण गर्नुपर्छ भन्नेमा जोड दिने । पालिकाका लोपोन्मुख वा संरक्षण गर्नुपर्ने जीवजन्तुसँगै विषालु जीवजन्तुलाई पनि संरक्षण गर्नुपर्छ भन्नेबारे छलफल गराउने ।
- हालसम्म विषालु जीवको व्यवस्थापनका लागि गापाले के कस्तो भूमिका खेलेको छ भन्नेबारे विद्यार्थीलाई बुझाउन गापा वा वडा प्रतिनिधिलाई कक्षामा निम्त्याएर प्रश्नोत्तर सत्र आयोजना गर्ने ।
- विषालु जीवजन्तुबारे भएका लोक कथा खोजेर लेख्ने अथवा विद्यार्थी आफैंलाई कुनै कथा वा कविता रचना गर्न लगाउने ।
- विषालु जीवजन्तुका रङ्गीन चित्र बनाउने (अघिल्लो कक्षाका भन्दा राम्रा बनाउन उत्प्रेरित गर्ने) ।

ङ) सिकाइ मूल्याङ्कन

- विषालु जीवको संरक्षण गर्नुपर्ने तर्क दिन सकेको
- गापाले विषालु जीव व्यवस्थापनमा लागु गरेका योजना बताउन सकेको
- विषालु जीवको जैविक प्रयोजन के होला थाहा भएका वा अन्दाज गरेका दुईवटा कुरा लेखेको
- विषालु जीवजन्तुका अघिल्लो कक्षामा नबनाएका चित्र बनाउन सकेको

च) परियोजना कार्य

नोट ः शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १३.

| | |
|---|---|
| **कक्षा ८** | **पाठ : ४. हाम्रो वातावरण** |
| **विषयवस्तु : प्रकोप - प्राकृतिक प्रकोप र मानवजन्य प्रकोप** | **कार्यघण्टा : ५** |

क) सिकाइ उपलब्धि :

- प्राकृतिक प्रकोपबाट सुरक्षित रहन पूर्वतयारी गर्न वा गराउन सक्ने
- प्रकोपबारे समुदाय र विद्यालयमा न्यूनीकरणका लागि ड्रिल तथा जनचेतना दिन सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण :

- प्राकृतिक प्रकोपबाट सुरक्षित रहन विद्यालय तथा पालिकामा पूर्वतयारी व्यवस्था

ग) सम्भावित सिकाइ सामग्रीहरू :

घ) सम्भावित सिकाइ क्रियाकलाप

- समूहमा आफ्नो वडा, पालिकामा हुने मुख्य प्राकृतिक प्रकोपहरूको सूची बनाउने । त्यसको क्षतिबारे छलफल गर्ने ।
- समूहमा आगलागी तथा डढेलो, बाढी, पहिरो आदिका कारण र रोकथामबारे पोस्टर बनाउने । आफ्नो टोलमा यसबारे कम्तीमा पाँच घरमा भन्न र सार्वजनिक स्थलमा अनुमतिसहित पोस्टर टाँस्न लगाउने । ऋतु कुनै प्रकोप अनुसारको विशेषको मात्र पनि गर्न सकिन्छ ।
- विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी अनिवार्य रूपमा कक्षा ७ र अन्य साना कक्षाका विद्यार्थीलाई आगलागी वा भूकम्प वा सम्भव भए दुवैको ड्रिल अभ्यास गर्न लगाउने :
- वैकल्पिक अधिकारीसहित विपत्सम्बन्धी अधिकारी तोक्ने
- विपत्का संकेत निर्धारण गरेर सावधान संकेत नियमित बजाउने
- तोकिएको ठाउँमा जम्मा भएर यो कुन विपत् बढी आउने समय हो, कसैले कुनै घटना देख्यो, सुन्यो छलफल गर्ने
- विपत्मा खबर गर्ने फोन नम्बर कहाँ छ वा पहिले कहाँ जाने वा के गर्ने भनेर हरेक पटक सोध्ने ।
- विद्यार्थीहरूलाई युवा क्लबजस्ता अन्य संघ/संस्थाहरूसँग सहकार्य गरेर समाजमा जनचेतना फैलाउने काममा प्रोत्साहन गर्ने ।
- गापा तथा वडा, पालिकाले त्यसको न्यूनीकरणका लागि गरेका पहल तथा योजनाबारे सम्बन्धित कार्यालयमा गएर बुझ्न लगाउने । कक्षामा प्रश्नोत्तर वा छलफल गर्ने ।
- हरेक परिवारका तहमा के पूर्वसावधानी वा तयारी गर्न सकिन्छ छलफल गरी तयार गर्न लगाउने ।

ङ) सिकाइ मूल्याङ्कन

- विपत्का क्षतिबारे विस्तृत भन्न सकेको
- पालिकाले गरेका न्यूनीकरणका पहल तथा योजना भन्न सकेको
- कम्तीमा पाँच घरमा गएर आगलागी तथा डढेलो, बाढी, पहिरो आदिका कारण र रोकथामबारे जनचेतना फैलाउने प्रयत्न गरेको
- पूर्वतयारी (ड्रिल) सञ्चालन गर्नमा सक्रियता देखाएको
- वा, परिवारका तहमा गरेका पूर्वसावधानी वा तयारीको विवरण दिएको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १४.

| | |
|---|---|
| **कक्षा ८** | **पाठ ः ४. हाम्रो वातावरण** |
| **विषयवस्तु ः सरूवा रोग - पानीजन्य, हावाजन्य, जनावरको टोकाइ, नयाँ भाइरस** | **कार्यघण्टा ः ६** |

क) सिकाइ उपलब्धि ः

- नयाँ भाइरस वा नयाँ सरुवा रोग फैलिँदा स्थानीय सरकारले चाल्ने कदमबारे सचेत हुने

ख) विषयवस्तुको विस्तृतीकरण ः

- कोरोना संक्रमणमा गापाले अपनाएका सावधानी

ग) सम्भावित सिकाइ सामग्रीहरू ः गापाको स्वास्थ्य विवरण, समुदाय भ्रमण, सरूवा रोग झल्काउने चित्र, स्वास्थ्यकर्मीसँग प्रश्नोत्तर

घ) सम्भावित सिकाइ क्रियाकलाप

- कोरोना महामारीका बेला गापाले कतिवटा क्वारेन्टिन क्षेत्र बनाएका थिए, परीक्षण कति/कसरी भएको थियो, लकडाउन कति लामो भयो, संक्रमणको निगरानी कहिले सुरू गरियो आदि जस्ता विवरण विद्यार्थीका विभिन्न समूहलाई पत्रिकामा खोजेर वा गापा कार्यालयमा सोधेर संकलन गर्ने परियोजनात्मक कार्य दिने ।
- गापाले अपनाएको सावधानीमध्ये के एकदमै राम्रो थियो ? (उदा. आवश्यक क्वारेन्टिन स्थान संख्या, उचित समयमा लकडाउन, जनचेतना कार्यक्रम आदि) र सुधारयोग्य ठाउँ के थियो ? (उदा. क्वारेन्टिन स्थानको कमजोर व्यवस्थापन, स्वास्थ्य सेवा) भन्ने प्रश्न राखेर छलफल गराउने
- कक्षा ७ मा जसरी नयाँ सरुवा रोग वा महामारी आउँदा के हुन्छ, सामाजिक दूरी, क्वारेन्टिन लगायत अरू कस्तो सावधानी अपनाउनु पर्छ, मिडियामा आउने खबरले कस्तो असर गर्छ, गलत खबर र अफवाहबाट कसरी बच्ने आदि मुद्दा उठाएको अर्को डकुमेन्टरी वा चलचित्र देखाउने र छलफल गर्ने । छलफलको निष्कर्ष एउटा चार्टपेपरमा लेखेर कक्षामा वा नोटिसबोर्डमा टाँस्ने ।
- विद्यार्थीहरूलाई जोडी वा समूहमा अब गाउँमा कुनै भाइरस वा महामारी फैलियो भने गापाको दृष्टिकोणबाट कस्तो सावधानी अपनाउने होला भन्नेबारे योजना सूची बनाउन दिने ।
- यस्ता महामारीमा प्रयोग गरिएका जनचेतनाका सामग्रीहरू जम्मा गरेर सबभन्दा कुन राम्रो र किन छलफल गर्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- महामारीका बेला गापाले अपनाएका नीतिगत तथा व्यावहारिक सावधानीबारे टिप्पणी गर्न सकेको
- नयाँ भाइरस वा संक्रमणको अवस्थामा स्थानीय तहको दृष्टिकोणबाट अपनाउनुपर्ने सावधानी तयार पार्न सकेको
- महामारीमा प्रयोग गरिएका जनचेतनाका सामग्रीहरूमध्ये सबभन्दा उपयोगी लागेको सामग्रीको अभिनय गरेको वा रेखाचित्र बनाउन सकेको
- पाँच वर्ष छँदाको आफूलाई महामारीको अवस्था तथा अनुभवबारे २५० शब्द जतिको चिट्ठी लेखेको

च) परियोजना कार्य

नोट ः शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ६ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १५.

| | |
|---|---|
| **कक्षा ८** | **पाठ : ४. हाम्रो वातावरण** |
| **विषयवस्तु : वातावरण विनास तथा संरक्षण** | **कार्यघण्टा : ६** |

क) सिकाइ उपलब्धि :

- दिगो विकास लक्ष्य १२ (उत्पादन र खपतमा उत्तरदायित्व) बारे सचेत भएर आफ्ना विचार प्रकट गर्न सक्ने
- गापामा वातावरण संरक्षणका लागि भएका क्रियाकलापमा सहभागी हुने तथा आयोजना गर्ने

ख) विषयवस्तुको विस्तृतीकरण :

- उत्पादन र खपतमा उत्तरदायित्व
- वातावरण संरक्षणका कार्यक्रम

ग) सम्भावित सिकाइ सामग्रीहरू : पहिले र अहिलेको वन भूभाग देखिने चित्र, फोहोर व्यवस्थापनको प्रक्रिया

घ) सम्भावित सिकाइ क्रियाकलाप

- आफ्नो घरमा भएका सामानमध्ये पाँच नभई नहुने र पाँच नभए पनि घर चल्ने खालका सामग्रीहरूको सूची बनाउन दिने र यी दश सामानले वातावरणमा पार्न सक्ने असरबारे विवरण (सामान कुहिने हो कि होइन, यसमा कहिल्यै पनि नकुहिने 'फरेभर केमिकल' छ कि छैन होला, कस्तो खोलमा आउँछ, उत्पादन हुँदा कति प्रदूषण भयो होला, यो फाल्नु पर्दा कसरी फाल्ने लगायतका थप विवरण) लेखेर कक्षामा सबैलाई सुनाउन र सबैको सुन्न लगाउने । खपतबारे आफू सचेत भएन भने त्यसले वातावरणमा नराम्रो असर पर्न सक्छ भन्ने जानकारी दिने र यसबारे छलफल गर्ने ।
- पालिका तथा नजिकैका बालसमूहबाट आयोजित वातावरणसम्बन्धी क्रियाकलापमा विद्यालयकै तर्फबाट सम्पूर्ण विद्यार्थीलाई सहभागी गराउने ।
- चाउचाउ कम्पनीले आफ्नो आर्थिक फाइदाको लागि नभई वातावरणको लागि सोचेर प्लास्टिकको प्याकेटमा चाउचाउ नबेच्ने हो भने र हामीले पनि एकछिनको भोक र आफ्नो स्वादको लागि नभई आफ्नो र पृथ्वीको स्वास्थ्यको लागि चाउचाउको सट्टा घरगाउँतिरै पाकेका, प्याकेटमा बिक्री नहुने सामग्री खायौँ भने कति प्लास्टिक वातावरणमा जानबाट जोगाउन सक्छौँ होला त जस्ता विषयमा छलफल तथा वादविवाद गर्ने । यस्तै कुरा पेय पदार्थबारे पनि गर्ने । ठूला कम्पनीले उत्पादन नगर्ने कि जनताले खपत नगर्नेजस्ता विषयमा वादविवाद आयोजना गर्ने ।
- हामीले खपत कसरी कम गर्न सक्छौँ र कम गरेर हाम्रो तर्फबाट के कति प्रभाव पार्न सक्छौँ भन्ने विषयमा निबन्ध लेख्न दिने ।
- विद्यार्थीहरूलाई समूहमा छुट्याएर विद्यालय, आफ्नो टोल, वडा, बाल क्लब, वरपर सक्रिय रहेका संघ-संस्था र पालिकाजस्ता निकायलाई सोधेर वातावरण संरक्षणका लागि समूह, संस्था वा निकायको तर्फबाट के कस्ता क्रियाकलाप गरिरहनु भएको छ भन्नेबारे सोधेर यिनका कामको प्रशंसा तथा थप सुधारका सुझावसहित प्रतिवेदन तयार गर्ने र कक्षामा प्रस्तुति गर्न लगाउने ।

ङ) सिकाइ मूल्याङ्कन

- उत्पादन र खपतमा उत्तरदायित्व (दिगो विकास लक्ष्य १२) को महत्व भनेर वा लेखेर व्यक्त गर्न सकेको

- आफ्नो गाउँ तथा पालिकामा वातावरण संरक्षणका लागि के कस्ता कार्यक्रम तथा क्रियाकलाप भइरहेका छन् भन्नेबारे जानकारी बटुलेको
- संरक्षणका क्रियाकलापमा भएका कामको प्रशंसा तथा थप सुधारको लागि सुझाव दिने वा टिप्पणी गर्न सकेको
- गापामा वातावरण संरक्षणका लागि भएका क्रियाकलापमा सहभागी भएको वा आयोजना गरेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ६ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १६.

| | |
|---|---|
| **कक्षा ८** | **पाठ : ५. मेरो सिर्जना** |
| **विषयवस्तु : हस्तकला, परम्परागत सीप र धार्मिक सीप** | **कार्यघण्टा : ६** |

क) सिकाइ उपलब्धि :

- परम्परागत सीपको महत्व र हराउँदै गएका सीपको पहिचान र संरक्षणको अभ्यास गर्ने

ख) विषयवस्तुको विस्तृतीकरण : - परम्परागत सीपको महत्व र संरक्षण

ग) सम्भावित सिकाइ सामग्रीहरू : स्थानीयस्तरबाट लोप हुँदै गएका सीपको सूची

घ) सम्भावित सिकाइ क्रियाकलाप

- आफ्नो घर, गाउँ तथा कक्षाभित्रै पनि कसैले कुनै सीप जानेको हुन सक्छ, तीमध्ये कसले कुन सीप जानेका छन् र सीप जान्नेले ती सीप कसरी जाने होलान् छलफल गर्ने ।
- आफ्नो गाउँघरतिर थाहा भएअनुसार कस्ता सीपहरू लोप भएका वा हुँदैगएका छन् अर्थात् कस्ता सीपका विज्ञ कम हुँदैगएका छन् गाउँका पाँच-छ जना ज्येष्ठ नागरिकलाई सोधेर कस्ता सीप किन लोप हुँदैछन् भन्नेबारे संक्षिप्त प्रतिवेदन तयार पार्न लगाउने र कक्षामा प्रस्तुत गर्ने ।
- कुन सीप किन जोगाउनुपर्छ, ती सीप हराए के होला छलफल गर्ने ।
- कुनै पनि सीप कसरी जोगाउन सकिन्छ र यसबारे आफूले र अरूले के गर्न सक्छन् भन्नेबारे आफ्नो विचार अनुच्छेदमा लेख्न लगाएर कक्षामा प्रस्तुत गर्न दिने । सीप जोगाउने एउटा उपाय नयाँ पिढीलाई सिकाउने हुन सक्छ । लोपोन्मुख सीपको अभ्यास हेर्न वा गर्न प्रोत्साहन गर्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- आफ्नो गाउँको लोपोन्मुख सीप पहिचान गरेर त्यसबारे भन्न सकेको
- कम्तीमा एउटा लोपोन्मुख सीपको अभ्यास हेरेको, गरेको वा विवरण सुनेर त्यसको अनुभव सुनाउन सकेको
- परम्परागत सीपको महत्वबारे छलफल गर्न सकेको
- लोपोन्मुख सीप जोगाउन के गर्न सकिन्छ भन्नेबारे भन्न तथा लेख्न सकेको वा,
  लोपोन्मुख सीप आफूले जानिराखेको वा सिकेको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ६ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १७.

| | |
|---|---|
| **कक्षा ८** | **पाठ ः ५. मेरो सिर्जना** |
| **विषयवस्तु ः लोक कला तथा साहित्य** | **कार्यघण्टा ः ६** |

क) सिकाइ उपलब्धि ः

- अघिल्लो कक्षामा जम्मा गरेका सबै सामग्री सम्पादन गरेर भन्ने सुनाउने तथा प्रस्तुत गर्ने
- राष्ट्रिय स्तरमा स्थानीय कथा प्रस्तुत गर्नुको आवश्यकताबारे विचार राख्न सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण ः - दोहोरी गीत तथा अन्य साहित्य

ग) सम्भावित सिकाइ सामग्रीहरू ः स्थानीय बोल र भाका, राष्ट्रिय स्तरमा प्रतिनिधित्व गर्ने स्थानीय कलाकार

घ) सम्भावित सिकाइ क्रियाकलाप

- रेडियो र टिभीमा आएका भन्दा पनि स्थानीय बोल र भाकामा दोहोरी खेल्ने अभ्यास गराउने । दोहोरीमा केटा र केटीको समूह नबनाएर विषयगत समूह बनाउन सकिन्छ । जस्तै ः एउटा समूह पिक्निक जाने पक्षमा र अर्को विपक्षमा भएर एउटाले अर्कोलाई फकाउने खालका विषय बनाउन सकिन्छ । वर्षमा एकपटक वादविवादका जस्ता सामाजिक विषयमा रहेर स्थानीय बोल र भाकामा अन्तरविद्यालय दोहोरी प्रतियोगिता आयोजना पनि गर्न सकिन्छ ।
- विद्यार्थीका रचनात्मक लेखन वा चित्रकलाहरू राष्ट्रिय स्तरमा छाप्न पठाउन, कार्यक्रमहरूमा प्रस्तुत गर्न र कक्षामै भए पनि सुनाउन वा प्रोत्साहन गर्ने ।
- यी कलाहरू कसैले जीविकाको साधन बनाएको छ कि वा बनाउन सकिन्छ कि खोज्न लगाउने र कक्षामा छलफल गर्ने ।
- आफ्नो टोल वा समग्र गापाका कुन-कुन घटना वा कथा राष्ट्रिय स्तरमा थाहा दिनुपर्ने छन् भन्नेबारे छलफल गर्ने । छलफलमा स्थानीय कथा वा फरक दृष्टिकोण राष्ट्रिय मञ्चमा प्रस्तुत गर्नुको आवश्यकता र फाइदाबारे पनि कुरा गर्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- दोहोरी गीतमार्फत विभिन्न विषयमा आफ्नो विचार राख्न सकेको वा प्रत्यक्ष नराखे पनि आफ्ना सहपाठीलाई सहयोग गरेको वा हौसला बढाएको
- स्थानीय परिवेशमा लेखिएका आफ्ना रचना प्रस्तुत गर्ने इच्छा देखाएको
- यी कलाहरू जीविकाको साधन बनाउन सकिन्छ भन्ने विषयमा आफ्नो विचार प्रकट गरेको
- राष्ट्रिय मञ्चमा स्थानीय कथा पुग्नुको फाइदा भन्न सकेको

च) परियोजना कार्य

नोट ः शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ६ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना १८.

| | |
|---|---|
| **कक्षा ८** | **पाठ ः ६. हाम्रो सँस्कृति** |
| **विषयवस्तु ः चालचलन र चाडपर्वहरू** | **कार्यघण्टा ः ५** |

क) सिकाइ उपलब्धि ः

- छलफलको विषयसूची बनाउने र कक्षा १ देखि अध्ययन अवलोकन गरिएका विविध पक्षको अभिलेखन गर्ने

ख) विषयवस्तुको विस्तृतीकरण ः चाडपर्वको विवरण

- चालचलन तथा चाडपर्वबारे छलफल तथा विविध पक्षको अभिलेखन

ग) सम्भावित सिकाइ सामग्रीहरू ः

घ) सम्भावित सिकाइ क्रियाकलाप

- स्थानीय चालचलन तथा चाडपर्वबारे के के कुरा सिकियो छलफल गर्ने । सिकिएका कुरालाई खण्डखण्ड गरेर बाँडेर लेख्न लगाउने । जम्मा गरेर एकप्रति विद्यालयमा राख्ने र एकप्रति पालिकामा दिन लगाउने । (यसबाट हरेक वर्ष पढाउने सामग्री बन्न जान्छ ।)
- आफ्नो ठाउँ तथा पालिकाको चालचलनको मौलिकताबारे निबन्ध लेख्न दिएर कक्षामा प्रस्तुत गर्न लगाउने ।

ङ) सिकाइ मूल्याङ्कन

- लेखनमा दस्तावेज र मौखिकमा समाजका चालचलन बयान गर्न सकेको
- स्थानीय चालचलनको मौलिकताबारे लेखेको
- व्यक्तिगत रूपमा मुख्य पाँच स्थानीय चालचलन तथा चाडपर्वको अभिलेखन गरेको
- सबैले लेखेका स्थानीय चालचलनको अभिलेखन जम्मा गरेर एकप्रति विद्यालयमा राखेको र पालिकामा बुझाएको

च) परियोजना कार्य

| |
|---|
| नोट ः शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला । |

पाठयोजना १९.

| | |
|---|---|
| **कक्षा ८** | **पाठ : ६. हाम्रो सँस्कृति** |
| **विषयवस्तु : परम्परागत खानपिन, स्थानीय परिकार र अल्पपोषण भएका खानेकुरा** | **कार्यघण्टा : ५** |

क) सिकाइ उपलब्धि :

- गापा स्तरमा अल्पपोषण भएका खानकुराको असर तथा न्यूनीकरण र स्थानीय परिकारको महत्वबारे जनचेतना फैलाउने कार्यक्रम आयोजना गर्ने, सहयोग गर्ने वा सहभागी हुने

ख) विषयवस्तुको विस्तृतीकरण :

- गापा स्तरमा अल्पपोषण भएका खानेकुराको न्यूनीकरण र असरसँग सम्बन्धित निकायहरूसँग सहकार्य

ग) सम्भावित सिकाइ सामग्रीहरू : पत्रु खानाको खोल, पोषण विवरण

घ) सम्भावित सिकाइ क्रियाकलाप

- खानेकुराका प्याकेटमा भएका जरुरी सूचनाबारे छलफल गर्ने र नजिकको दोकानमा हेर्न जाने; व्याच नं., प्याक गरेको मिति र उपभोग गर्ने म्याद हेर्ने ।
- कुनै अल्पपोषक खानाको एक प्याकेट विद्यालयले किनेर राख्ने र त्यसमा भएका अरू सूचना पढी छलफल गर्ने ।
- राष्ट्रिय मापदण्ड पूरा नगरेका के कस्ता खाद्य पदार्थ बजारमा भेटिएका छन् र यसप्रकारका खानालाई नियमन गर्न वडा पालिकाले के कसरी काम गर्दछ भन्नेबारेसँग सम्बन्धित निकायलाई सोधेर एक समूहलाई प्रतिवेदन तयार गर्न दिने र कक्षामा प्रस्तुत गराउने ।
- सरोकारवालासगँ मिलेर कक्षाको अर्को समूहले पोषण तथा स्थानीय खानाको महत्वबारे सामग्री तयार गरी प्रचारप्रसार गर्ने ।
- अल्पपोषक खाना न्यूनीकरणबारे जनचेतनामूलक नाटक, गीत, वक्तृत्वकला प्रतियोगिता आदि जस्ता क्रियाकलाप समुदायमा गराउने ।
- अल्पपोषक खाना कम गरेर स्वस्थ जनशक्ति बढाउने कि बनाएर वा बेचेर आर्थिक स्थिति सुधार्ने जस्ता शीर्षकमा वादविवाद प्रतियोगिता आयोजना गर्ने ।
- स्थानीय परिकारका खानाको खाद्य मेला महोत्सव गराउन पालिकालाई सामूहिक चिठी लेख्न लगाउने ।

ङ) सिकाइ मूल्याङ्कन

- मापदण्ड पूरा नगरेका खाद्य पदार्थको नियमन पालिकाले कसरी गर्छ भन्नेबारे कक्षामा प्रस्तुत गर्न सकेको
- गापा स्तरमा अल्पपोषक खानाको असर र न्यूनीकरणबारे प्रश्न गर्न सकेको र दवाव दिएको
- सम्बन्धित निकायहरूसँग सहकार्य गरी जनचेतना वृद्धिमा काम गरेको
- स्थानीय परिकारको महत्वबारे जनचेतना फैलाउनमा सक्रियता देखाएको वा स्थानीय परिकारका खानाको मेला गराउन पालिकालाई चिठी लेखेको र अनुगमन गर्न गएको

च) परियोजना कार्य

नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना २०.

| | |
|---|---|
| **कक्षा ८** | **पाठ ः ७. हाम्रो वरपरको संसार** |
| **विषयवस्तु ः नदीनाला** | **कार्यघण्टा ः ५** |

क) सिकाइ उपलब्धि ः

- पालिकाका खोलाको दुरूपयोग र बचाव, दोहनका सम्भावना र अति दोहनका समस्याबारे सचेत हुँदै आफ्ना धारणा राख्न सक्ने
- परम्परागत र आधुनिक प्रयोगका द्वन्द्वबारे छलफल गर्न सक्ने

ख) विषयवस्तुको विस्तृतीकरण ः - पालिकाका मुख्य खोलाको वर्तमान अवस्था र प्रयोगका द्वन्द्व

ग) सम्भावित सिकाइ सामग्रीहरू ः पालिकाका खोलाको विवरण र वर्तमान अवस्था, नदी सिँचाइ, माछा मार्ने आदि क्रियाकलाप

घ) सम्भावित सिकाइ क्रियाकलाप

- नदी क्षेत्रमा हुने माछा मार्न कस्तो हुन्छ देखाउन लाने । यसको आवश्यकता फाइदा/बेफाइदाबारे स्थानीयलाई सोध्न लगाएर कक्षामा छलफल गराउने ।
- कक्षामा चार-पाँच जनाको एउटा समूह बनाई केहीलाई पालिकाका नदीहरूको महत्वबारे, कुनैलाई दोहनको समस्या, कुनैलाई सम्भावना र कुनै समूहलाई सदुपयोग गर्ने उपायहरूबारे लेख्न परियोजनामूलक क्रियाकलाप दिएर प्रतिवेदन तयार गर्न र प्रस्तुति दिन लगाउने । प्रतिवेदनका लागि पालिका वा सम्बन्धित निकायमा गई वा नदी वरपर बसोबास गर्ने मान्छेहरूसँग त्यहाँका परिस्थितिबारे सोधेर हाल पालिकाका नदी सम्बन्धमा भइसकेका, भइरहेका र योजना गरिएका गतिविधिबारे जानकारी बटुल्न सकिन्छ ।
- नदीको वर्तमान अवस्था र उपयोगबारे घर तथा छिमेकका ज्येष्ठ व्यक्तिहरूसँग कुरा गरेर उनीहरूको धारणा टिप्न दिने र कक्षामा छलफल गर्ने ।
- नदीमा बिजुली लगाएर वा अजैविक विष हालेर माछा मार्ने प्रक्रियाबारे छलफल गर्ने ।
- अति दोहन भएका ठाउँहरूमा यसको नियन्त्रणका उपायबारे छलफल र यस विषयमा कुरा गर्न पालिका लान सकिने ।

ङ) सिकाइ मूल्याङ्कन

- आफ्नो छेउछाउका तथा पालिकाका मुख्य नदीहरूको हालको अवस्था भन्न र लेख्न सकेको
- आफ्नो सेरोफेरोका जलस्रोतको सम्भावनाहरू देख्न तथा भन्न सकेको (कमसेकम दुई नयाँ विचारहरू)
- दोहनको समस्या र सम्भावनाबारे आवश्यक प्रश्न गर्न सकेको
- आवश्यक मुद्दाबारे प्रतिवेदन तयार गरेर आफ्नो धारणा प्रस्तुत गर्न सकेको

च) परियोजना कार्य

नोट ः शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।

पाठयोजना २१.

| | |
|---|---|
| **कक्षा ८** | **पाठ : ६. हाम्रो भाषा** |
| **विषयवस्तु : भाषा** | **कार्यघण्टा : ३०** |

क) सिकाइ उपलब्धि :

- संयोजक, विस्मयादिबोधक शब्दसहित वाक्य संरचना गर्ने
- विभिन्न अवस्थासँग सम्बन्धित थप वाक्यहरू बोल्न जान्ने
- बहुभाषिक उखानहरू खोज्ने
- सामान्य संवाद गर्न सक्ने
- स्थानीय भाषामा १०० भन्दा ठूला सङ्ख्या गन्ने तरिका भन्न सक्ने
- स्थानीय तथा मातृभाषाका कविता, कथा, गीत अर्थ लगाउन सक्ने
- विभिन्न अवस्थासँग सम्बन्धित थप वाक्यहरू बोल्न जान्ने

ख) विषयवस्तुको विस्तृतीकरण :

- संस्कृति, खोला, बजार व्यवसाय, पालिकाको परिचय वातावरण प्रदूषण तथा संरक्षण, जलवायु परिवर्तन ( तामाङ भाषामा लुडक्युइ), खाद्य सङ्कट पोषण, कोरोना भाइरस महामारी, रोगव्याधिसँग सम्बन्धित शब्दहरू
- संवाद

ग) सम्भावित सिकाइ सामग्रीहरू : स्थानीय भाषाका आवश्यक शब्दहरू, बालगीत, कथा, कविता

घ) सम्भावित सिकाइ क्रियाकलाप

- हप्ताको एक दिन आधा घण्टा एउटा भाषा बोल्नलाई छुट्याउने र सकेसम्म तोकिएको भाषामै सबै जना बोल्ने तालिका मिलाउने र सिकिरहेका हरेक भाषाको एउटा-एउटा गीत वा लयबद्ध रहेको कविता सबैले सँगै गाउने । (सो गीत वा कविताको अर्थ विद्यार्थीलाई थाहा दिने ।)
- संयोजक, विस्मयादिबोधक, सम्बोधनहरूको प्रयोग गरेर संवाद बनाउने र विद्यार्थीलाई भाग लगाएर नाटकीय प्रस्तुतिको अभ्यास गराउने । यस्ता संवाद जलवायु परिवर्तन, पालिकाको पारिचय, कोरोना भाइरस माहामारी वा अन्य रोगव्याधि सम्बधित विषयमा बनाउन सकिन्छ ।
- विद्यार्थीलाई अत्यन्तै खुसी लागेको, विद्यालय आउन ढिला भएको, घरमा आमाले हकारेको जस्ता अवस्था दिँदै आफ्नो मातृभाषा वा स्थानीय भाषामा के भन्न सकिन्छ भनेर अभ्यास गराउने । पालैपालो रमाइला अवस्था सिर्जना गरेर कक्षा मनोरञ्जनात्मक बनाउन सकिन्छ ।
- विद्यार्थीको घरको र गाउँका भाषा जान्ने ज्येष्ठ नागरिकहरूसँग सोही भाषाका उखान सोधेर र भेला पारेर कक्षामा सुनाउने र उखान भण्डार बढाउने ।
- स्थानीय भाषामा १०० भन्दा ठूलो सङ्ख्या (जस्तै : हजार, लाख, करोड, अर्ब) गन्नेबारे जानकारी दिने ।
- स्थानीय तथा मातृभाषाका गीत, कथा, चलचित्र हेरेर भाषाको प्रयोगबारे छलफल गर्ने ।

ङ) सिकाइ मूल्याङ्कन

- संयोजक, विस्मयादिबोधक शब्दसहित वाक्य बनाउन सकेको
- विभिन्न भावमा संवाद गर्ने प्रयत्न गरेको

- संस्कृति, खोला, बजार व्यवसाय, पालिकाको परिचय वातावरण प्रदूषण तथा संरक्षण, जलवायु परिवर्तन, खाद्य सङ्कट, पोषण, कोरोना भाइरस महामारी, रोगव्याधिसँग सम्बन्धित शब्दहरू प्रयोग गरेको
- स्थानीय भाषामा १०० भन्दा ठूला सङ्ख्या र सो गन्ने तरिका भन्न सकेको

च) परियोजना कार्य

| |
|---|
| नोट : शिक्षक साथीहरू यी नमूना क्रियाकलाप मात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी, कार्यघण्टा ३० मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला । |